*कथा सँगालो*

# आफ्नै अतीत दोहोरिए जस्तो

मधुवन पौडेल





# आफ्नै अतीत दोहोरिए जस्तो

*( कथा-संग्रह )*

*मधुवन पौडेल*

*Afnai atit dohoriye jasto – A Collection of Short Stories by Madhuban Paudel, 2010*

Published by Abhi-Jaman Smriti Trust, Kuwait/Duliajan/ Dehradun



स्व अभि क्षेत्री



स्व जमानसिंह क्षेत्री

© सर्वाधिकार : लेखकमा सुरक्षित

पहिलो संस्करण: असार ४, २०६७/ ५०१ प्रति

ले-आउट : बालकृष्ण भट्टराई/ कुवैत

आवरण संयोजनः सुयोग क्षेत्री/ कुवैत

मुद्रकः Quality Printers; Paltan Bazar; Dehradun/India

# मेरा कथाहरू

मेरो विगत चार दशकको कथायात्राको क्रममा आफूलाई राम्रा लागेका नयाँ पुराना कथाहरूलाई सम्मिश्रण गरी परिवेश कथानक विषय सबैलाई हेरेर बेग्लाबेग्लै सङ्ग्रह निकाल्ने मेरो ठूलो धोको थियो । प्रस्तुत कथासङ्ग्रहमा मैले आफू भारत अन्य देशमा कार्यरत छँदा त्यहाँ रहेका नेपालीहरूको जीवन यात्रा, स्थानीय परिवेशमा आधारित पृष्ठभूमि र विदेश पसेर काम अथवा कुनै व्यवसाथ गर्ने नेपालीहरूको कथा र व्यथा, अनि केही चाहिं आफू बसेको ठाउँकै जीवनपद्धतिलाई कथानक बनाई लेखेका कथाहरूलाई सङ्गालेको छु । यस भित्र नेपालका गाउँघरमा हुर्केका ब्रिटिश गोर्खामा भर्ती हुने सपना बोकेका युवाहरूको मानसिकतादेखि पारिवारिक कलह र सङ्कटबाट उम्कन विदेशिन पुगेका र आफ्नो परिवारको पेट पाल्न डाँडा काटेका नेपालीहरूको साथै लाहुरे बन्न पाउँदाको आकर्षणपूर्ण जीवनप्रति लालयित हुने अर्कै जमात सबैलाई मैले समेटेको छु ।

'चपाएको दन्त्यकथा' मा मैले नेपालबाट धेरै टाढा दक्षिण अमेरिकाको फक्ल्यान्ड् टापूमा पुगेर आफ्नो ईहलीला समाप्त गर्ने फौजी परिवारमै हुर्के बढेको एउटा बहादुर सिपाही समरबहादुरको जीवनकथालाई आफ्नै हिसाबले बुनेको छु । 'शून्य समय' चाहिं आफैंदेखि विरक्तिएर गरिबीमा पिल्सिएर आफ्नै छोरी दलाललाई बेच्ने निरीह परिवारको दुखेसोको कथा हो । कुनै कथाले राजनैतिक विकृति र महत्वाकाङ्क्षालाई प्रतिबिम्बित गर्न खोजेका छन् भने धेरै कथाले हामी नेपालीहरूको पीडायुक्त र कठिन जीवनयात्रालाई प्रतिनिधित्व गरेका छन् । एक दुई वटा कथा विदेशमा छँदा विदेशीकै जीवनमा आधारित पनि छन् ।

कतै प्रेमको गाथा छ त कतै दाम्पत्य जीवनको सम्भावित कटुता पनि छ । समस्टि रूपमा मेरा कथाहरू कतै कतै अपूर्ण जस्ता पनि लाग्न सक्छन् । यसैले होला, श्रद्धेय मदनमणि दीक्षितले धेरै वर्ष अगाडि भन्नु भएको पनि थियो–"मेरा कथाहरू पढ्दा सबै जसोलाई उपन्यासको सुरूआत वा कुनै भाग जस्तो लाग्छन्, त्यसैले मैले उपन्यास नै लेख्नुपर्छ ।" मलाई पनि त्यस्तै लाग्छ, तर समयले भनुँ वा निरन्तरता दिन नसक्ने स्वभावले भनुँ मैले एउटा लघु उपन्यास बाहेक यो क्षेत्रमा अहिले सम्म पाइला हाल्न सकेको छैन । यस पटकको विदेश बसाई त झन् सृजनाशीलताको दृष्टिले धेरै नै अनुत्पादक भए जस्तो लाग्छ । मलाई मित्र एवम् कवि तथा आख्याता, होम क्षेत्रीजीले धेरै नै घच्घच्याउनु भए पछि यति सम्म चाहिं प्रयास गरेको छु । उहाँ र स्पन्दन परिवारलाई मेरो साधुवाद ! विशेष गरी यस सङ्ग्रहको विश्लेषणात्मक भूमिकाको निमित्त म उहाँसँग ज्यादै नै अनुगृहित

छु । साथै प्रकाशनको जिम्मेवारी लिनुहुने अभि जमान स्मृति ट्रस्टप्रति पनि म ज्यादै नै आभारी छु । अन्तमा मेरा कथाहरूलाई एकत्रित गरेर यो आकारमा अहोरात्र प्रयास गर्ने बालकृष्ण भाइलाई पनि हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

*मधुवन पौडेल*

**३ असार, २०६७**
**अल–जहारा, दक्षिण सुर्रा**
**कुवैत**
***mbpaudel@hotmail.com***



# समर्पण

जीवनको
अतीत र वर्तमानका सुमधुर
क्षणहरू सम्झँदै

आफ्नो बाल्यकालमा मेरो परिवारमा सदस्यको रूपमा प्रवेश गरी विगत ४२ वर्षसम्म मेरा सबै सुखदुख बाँडेर मलाई आजको स्थितिमा पुऱ्याउन निरन्तर लागिरहने र खास गरी यस सङ्ग्रहमा परेका कथाहरूको लेखन कार्यमा निर्वाध प्रेरणा दिँदै आएकी मेरी धर्मपत्नी श्रीमती सीता पौडेलको नाममा ।

*मधुवन पौडेल*

# मधुवन पौडेलज्यूका
## *मधुमय कथाको कोसेली*

नेपाली कथा-संसारमा श्री मधुवन पौडेलज्यूलाई नचिन्ने थोरै छैनन् होला। एक वरिष्ठ पदमा रहेर पनि साहित्यप्रति यति धेरै आस्था र समर्पणको भावना उहाँको मुटुमा धुकधकीझैं विराजमान देखेर म छक्क परेको थिएँ। माननीय राजदूतको पदमा आसीन रहेर नेपालको प्रतिनिधित्व गर्नु कस्तो व्यस्तातिव्यस्त उत्तरदायित्व हो यो सर्वविदित छ। उहाँको साहित्यप्रति यस्तो अवदान र माया एउटा ज्वलन्त उदाहरण हो, उच्च पदमा रहने सबै सन्तानहरूकालागि एउटा अक्षुण्ण संदेश हो साहित्यप्रति समय निकाल्ने र आफ्नो भाषाको सेवा गर्ने। उहाँका कथामाथि टिप्पणी गर्नु पहाडमा नाम्लो बाँध्नु खोजेजस्तो हो। पाण्डुलिपि पढ्दा उब्जेका विचारहरू कोर्ने जमर्को मात्र गरेको हुँ।

मधुवनजीको साहित्य- यात्रा सानो भए तापनि मीठो, चिटिक्कको छ। प्रायः कथाहरू लघु आकारमा देखिन्छन्, तर कथाको भित्री गुदीको स्वादलिंदा गहनता र वैशाल्य थाहा लाग्दछ। कथानकमा वैविध्य छ अनि पाठकलाई अंतसम्म पढ्न बाध्य गराउने तिलस्म पनि छ। यस संग्रहमा परेका पन्द्रहवटा कथा विभिन्न कालखण्डमा लेखिएका भए पनि प्रासंगिक र रोचक देखिन्छन्। समाजमा व्याप्त कारूणिक पक्षलाई टिप्नमा कथाकारको सिप देखिन्छ। सरल भाषा अनि छेउछाउकै चरित्रहरूका माध्यमद्वारा मधुवनजी समाजको आँखा खोल्न चाहनु भएझैं लाग्छ। पाँच कथा-संग्रहको कोसेली दिइसक्नु भएको छ उहाँले र यो छठौं कृति हो। जटिल कथावस्तु नकारेर सरल पाराले स्पष्टवक्ता हुने धर्मको पालन यस कृतिमा पनि पालन गर्नु भएको छ।

सं २०३०को दशकको उत्तरार्धदेखि नेपालीको राजनैतिक मूल्यमा आभासित परिवर्त्तनसँगै देखापरेका कथाकार हुनुहुन्छ मधुवनजी। सृजनाशील क्रियाशीलतालाई प्रमाणित गर्ने कथाहरू जस्तै ‘‘नलिनी भाउज्यू’’ र ‘‘बाँच्नुको विवशता’’ पहिल्यै लेखिएका भए पनि आजको सन्दर्भमा घतलाग्दा देखिन्छन्।

मानिसको भित्री संस्कार र कुप्रवृतिलाई पात्रहरूको माध्यमबाट व्यक्त गरेको छ कथाकारले ‘ज्यानमारा’मा। ‘शून्य समय’ मा कथाकारले विवशता अनि I play a role against my will जस्तो मानसिकता देखाएजस्तो छ। अनि सांच्चैको बेलगाम घोडाजस्तो बोल्ने र दगुर्ने चाहना ! ‘श्यामलाल नाऊ’ मा शोषणको राम्रो झल्को पाइन्छ र सर्वहाराले आजीवन सेवामा हड्डी घोटेको देखिन्छ। ‘संक्रमणकाल’मा एकेक गर्दै सम्पूर्ण सम्पति सन्तानहरूले मासेको देख्दा शान्तनुराजलाई भएको दुक्खले धन-सम्पतिको संचयमा सित्तैमा मरिमेट्ने मानिसरूका लागि संदेश निहित छ। ‘बाँच्नुको विवशता’मा आभा र प्रभाका माध्यमबाट गरिबी र नैतिकताको माझको मसिनो धागोलाई कलमले बुन्न खोजिएको छ। ‘दुर्घटनापछि निरीह भएर बाँच्दा’ मा कथाकारको मनोवैज्ञानिक कलम चलेको छ अशेष, नरेन्द्र र रेणुको त्रिकोणको छेउ-छाउ। ‘आफ्नै गाउँमा फर्कँदा’मा अल्लारेपन अनि समयको फेरोले परिवर्तित हुने मनोवृति र भित्र उम्लिएको भापलाई दर्शाउन खोजिएको छ। ‘भीड, भाषण र खुल्ला मंच’मा सामाजिक चरित्रमाथि व्यंग अनि राजनैतिक छल-कपटमाथि प्रहार गर्ने प्रयास छ। ‘चपाएको दन्त्यकथा’ बहादुर सिपाहीको चरित्रमा कतै हाम्रो जातिगत वीरत्वको गुण प्रतिपादित भएको जस्तो छ। ‘प्रत्यावर्तन’मा हाम्रो वरिपरिको चारित्रिक ह्रास र पश्चिमी जीवनशैलीको कुप्रभावलाई शिरीषको मनमा मच्चिएको खुल्दुलीको रूपमा सुंदर र सरल शैलीमा चित्रित गरिएको छ। ‘आफ्नै अतीत दोहोरिए जस्तो’मा मानव-मनका कोमल भावना र पारस्परिक सम्बन्धको ऐना देखाउने प्रयास गरिएको छ।

अभि–जमान स्मृति ट्रस्ट आज निकै गर्वान्वित अनुभव गर्दछ यो सुन्दर कथा–संग्रह पाठकवर्गको हातमा सुम्पिनु पाउँदा। पन्द्रहवटा उत्कृट कथाको सँगालोले एउटा कुरो प्रष्ट बोलेको थाहा पाइन्छ – मधुवन सर भित्रको कथाकार अझै जीवन्त छ, अनि निरन्तर साहित्य मन्दिरमा पुष्पांजली गरिरहनु हुनेछ; आशा मात्र होइन, विश्वास समेत छ।

कुवेतजस्तो देशमा स्वंय एक्लै अनुभव गरिरहेको बेलामा मधुवनसरको आगमन हाम्रा निम्ति एउटा वरदान जस्तो भएको छ। उहाँलाई स्वागत छ ..... धन्यवाद छ। अस्तु !

**होमबहादुर क्षेत्री**
*सम्पादक, 'स्पन्दन'*
अध्यक्षा/ अभि–जमान स्मृति ट्रस्ट

*कुवेत , अगस्त, २०१०*
*hchetri@kockw.com*

# अनुक्रम


- संक्रमणकाल - १
- श्यामलाल नाऊ - ५
- शून्य समय - ९
- दुर्घटनापछि निरीह भएर बाँच्दा - १३
- ज्यानमारा - १८
- नलिनी भाउज्यू - २३
- आफ्नै गाउँमा फर्कँदा - २९
- भीड, भाषण र खुल्ला मंच - ३६
- लाहुरेको दसैं - ४१
- मानबीरको बहादुरी - ४५
- निरीह आवाज, नक्कली नाम र सक्कली थर- ४८
- चपाएको दन्त्यकथा - ५१
- प्रत्यावर्तन - ६४
- आफ्नै अतीत दोहोरिए जस्तो - ६९
- बाँच्नुको विवशता - ७३




# सङ्क्रमणकाल

**शा**न्तनुराजको घर, बगैंचा, र जङ्गल हेरेर सबै दङ्ग पर्ने गर्दथे । दङ्ग पर्नुको पनि ठूलै कारण थियो । घर र बगैंचा त राम्रा थिए नै, जङ्गलभित्र पनि पाल्तु जङ्गली दुवै खालका जनावर थिए– मान्छे हिँडेको पदचापले कुलेलम ठोक्ने र रत्तिएर वरिपरि उफ्रने दुवै स्वभावका। जङ्गलमा चराचुरुङ्गीको पनि कमी थिएन । वरिपरि हुर्किएका कटुस, बर र सालका मिश्रित रूखहरूमा प्रत्येक साँझ चराचुरुङ्गी कोलाहल र चिर्बिर सुन्न पाइन्थ्यो । शान्तनुका बराजुलाई बोट बिरूवा लगाउने ठूलो सोख रहेछ, त्यसैले उनले आफ्नो पुर्ख्यौली पाखोमा मात्र होइन मकै, कोदो र धान खेतमा समेत थुप्रै जातका रूखहरू लगाइदिएका थिए । उनको शेषपछि शान्तनुका बाजेले मधेश, पहाड सबैतिरबाट जम्मा गरी चराचुरुङ्गी र जनावरका बच्चा छोड्ने र जङ्गलको २/४ ठाउँमा सानातिना पोखरीको पनि प्रबन्ध गरिदिए । यसले गर्दा कालान्तरमा त्यो जङ्गल प्राकृतिक जङ्गल जस्तै भइदियो । क्षेत्रफलको हिसाबले खास ठूलो नभएको र सीमाना पनि केही विकट भएको कारणले हिंस्रक जनावर भने छोडिएको थिएन । तै पनि बँदेल, वनविराला जस्ता मौका पाएमा मान्छेलाई समेत आक्रमण गर्ने खालका जनावर पनि थिए, रूखहरूमा परेवा, ढुकुर लखेट्ने बाज र चीलहरूको पनि कमी थिएन । यदाकदा जनावरको सिनूको गन्धले टाढा टाढाबाट गिद्ध पनि आइपुग्थे ।

शान्तनुका पाँच भाइ छोरा र एउटी छोरी थिए । छोराहरू आफ्नै खालका र एक ढङ्डीका थिए । उनले लेखपढ गर्ने अवसर प्रदान गर्ने खर्चवर्च दिने कुरामा कसैलाई तलमाथि, धेरथोर गरेनन् । तर आआफ्नो क्षमताले हो वा आआफ्नो भाग्यले हो, पाँचै जना आफ्नै खालका र अलग अलग लाइनमा लागेका थिए । उनीहरूमा एउटै कुराको मात्र मतभिन्नता हुन्नथ्यो– बाबुको पुर्ख्यौली सम्पत्ति र घरजग्गामा गिद्धे दृष्टि पार्ने कुरामा । शान्तनुका पूर्वजहरू झण्डै सात पुस्तासम्म एउटै मात्र सन्तान भएर आएकोले कहिल्यै सम्पत्ति टुक्र्याउनु पर्ने स्थिति नै आएको थिएन । त्यसैले भागबण्डा गर्ने कुरा शान्तनु आफैं पटक्कै बुझ्दैनथे । अर्कोतिर छोराहरूको कुरो बेग्लै थियो– जेठोलाई घरखेत बेचेर सहर पसी आफ्नो बेग्लै बन्दोबस्त गर्नुपरेको थियो, माइलोलाई जङ्गलको छेउमा धेरै वस्तुभाउ पालेर त्यसैलाई राम्रो व्यवसाय बनाउने धून थियो, साहिँलोको मनमा जङ्गलभित्र रिसोर्ट होटेल खोलेर पर्यटक तान्ने योजना थियो, काहिँलो रूख जति काटेर काठको व्यापार गर्ने, अनि खाली जमीनमा खाद्यान्न र नगदे बालीको खेती गर्न चाहन्थ्यो । कान्छो आफ्नो भाग कसैलाई जिम्मा लगाएर केही पैसा जोहो गरी विदेशिने ताकमा थियो । छोरी र ज्वाइँले कुनै ठोस योजना नबनाए पनि बाउको छालाको केही भाग पाउने आश गरेका थिए ।

विचार शान्तनु हैरान र दिक्क थिए । तर उनी केही बोल्दैनथे, कुनै बाटो, उपाय पनि त थिएन । हुर्केका छोराहरू । कि त सबैलाई घोक्रे ठ्याक लगाएर निकाली एक्लै बस्ने आँट हुनुपर्‍यो पछि अनावश्यक झन्झट खेप्नु पर्‍यो भने के गर्ने ? यस्तै चिन्ताले दिक्क भएर उनले अन्तमा सबै छोराहरूलाई सम्पत्ति भाग लगाइदिए । तैपनि कुनै छोराहरू खुशी थिएनन् । सबैले आआफ्नो

भागमा आफ्नै किसिमको मनोमानी सुरू गरे । बर्सौंदेखि हुर्केको पुरानो जङ्गल नाङ्गिदै गयो, त्यहाँ भएका जनावरहरू हराउँदै गए, पोखरीहरू सुक्दै गए, आफ्नोभाग कस्तो मान्छेलाई बेचेछ कुन्नि ? किन्नेले सबै काठपात बेचेर बाँकी बुट्यानमा आगो लगाइदियो । माइलो पनि वस्तुपालनमा त्यत्ति सफल हुन सकेन । साहिँलोको रिसोर्ट भनाउँदो ठाउँ पर्यटकको भन्दा अर्कै भाँडभैलो गर्ने कामको अखडा भएको थियो । काहिँलोले रूख त बेच्यो, तर त्यसबाट आएको पैसा जुवामा उडायो । कान्छोको कुनै खोजखबर नै थिएन– उसले आफ्नो भाग बेच्यो कि के गऱ्यो कसैलाई थाहा थिएन। दाजु भाइलाई भन्दा आफूलाई नगण्य भाग पाएकीले छोरीले रिसाएर माइतीको बाटो नै बन्द गरिदिएकी थिई ।

यसरी शान्तनुराजको पुर्ख्यौली सम्पत्ति चिराचिरा परेर ध्वस्त मात्र भएन उनको परिवार नै नामोनिशान नहुने स्थितिमा पुगेको थियो । आफ्नो भागमा पुरानो घर, केही जमीन र सानो फलफूल बगैँचा र खान सम्म पुग्ने धान खेत लिएर अलग्गै बसेका विचरा शान्तनुराज आफ्ना सन्तानको दुर्गति देखेर दिक्क मान्थे । छरछिमेक, इष्टमित्र र अरू चिनजानका मान्छेहरू उनको पछाडि कुरा काट्थे, सामुन्ने परेपछि लोलोपोतो गर्दै दुःखमनाउ गर्थे । शान्तनुराज र उनका पुर्खाको सृष्टि थियो– घर, खेत, जङ्गल अनि अरू सम्पत्ति जसले उनलाई एउटा नाम र सम्मानसमेत दिएको थियो । उनी यी सबै कुरा आफ्ना सन्तान दरसन्तानमा सर्दै जाओस् भन्ने चाहन्थे, आफ्नो जग्गा जमीनमा यथेष्ट उब्जनी होओस्, झन् झन् घना हुँदै जाओस्, त्यसभित्रका रूखपात र जनावर पशुपंछी सबै दिन दुगुना रात चौगुना हुँदै जाउन् भन्ने चाहन्थे । तर विधिको विडम्बना ! पराक्रमराजका सन्तान शान्तनुराज अहिले आफ्नो सम्पत्ति नाश भएको र आफ्नो परिवार टुक्रिएर अधोगतितर्फ लागेको हेरिरहेका थिए । वास्तवमा उनी एक निःसहाय मूकदर्शक भएका थिए । पहिले झैं गाउँघरका मान्छेहरू ससाना काम काजमा पनि उनीसाग सरसल्लाह लिन आउन छाडिसकेका थिए । जम्काभेट हुँदा फिस्स हाँस्ने, र अभिवादन गरेर यथाशक्य छिटो उम्किहाल्ने मनःस्थिति लिन थालेको थिए गाउँलेहरूले ।

तैपनि त्यही गाउँमा एउटा समुदाय यस्तो थियो– त्यो समुदाय शान्तनुराजलाई पूर्वस्थितिमा पुऱ्याउन वा एउटा नयाँ युगको सुरूवात गराउन चाहन्थ्यो । शान्तनुराजको अन्तरात्मामा त्यही समुदाय मात्र आशाको केन्द्र थियो । तर भएर के गर्ने ? उडाइसकेको सम्पत्ति निखन्न सक्ने मनोबल यथावत् राखेर परिवारलाई फेरि एक सूत्रमा बाँध्ने सपना मनभरी बोक्दै शान्तनुराज दिन रात सोचिरहन्थे, एक पछि अर्को नयाँ योजना बनाइरहन्थे र कहिलेकाहीं छोराहरूलाई बेदखल गरेर बाँकी सबै घरखेतको जिम्मा आफैं लिने हो कि भनेर बूढीलाई टोकिरहन्थे । तर उनी कुनै ठोस निर्णयमा भने पुग्न सक्दैनथे किनभने सम्पत्ति आफ्नो हातबाट गइसकेको थियो, छोराहरू पनि उनको नियन्त्रणमा थिएनन् । आँखा चिम्लँदा उनी एउटा बेग्लै सपना देख्थे तर आँखा खोल्नासाथ उनको अगाडि वेदना र दुःखको पहाड सामु पर्थ्यो ।

अब त शान्तनुराज नयाँ विहानीको प्रतीक्षा गर्दागर्दै थाकिसकेका छन्, टाढा क्षितिजमा विहानीको लाली हेर्न लालायित उनका आँखा धमिलो तुवाँलोले हेर्दाहेर्दै टट्टाइसकेका छन् । आफ्नो वरिपरि आफ्नो परिवार, सन्तान दरसन्तान हाँसेर रमाएको हेर्ने उनको उत्कण्ठामा तुषारापात

भएको छ र कहिले काहीं निराश शान्तनुराज भन्ने गर्छन्– सायद उनको नियति यही नै थियो । तैपनि शान्तनुराजले हरेस खाएका छैनन्– उनलाई ढाडस दिने उनको वरिपरि छाया जस्तै भएर पछि लागिरहेका हितैषीहरूका समुदायले उनलाई घच्घच्याइरहेको थियो– "शान्तनु ! आफ्नो राम्रो सोच्नु, जीवनको उज्यालो पक्षको आकांक्षा गर्नु मृगतृष्णा होइन, निरन्तर लागिरहू ! पारिवारिक सुख समृद्धिको पुनरूत्थान हुनेछ ।"

शान्तनुराज यसरी आफ्नो जीवनको सङक्रमणकालमा सङ्घर्षरत छन्– अनवरत ।

तर सङ्क्रमणकाल भने झन्झन् लम्बिदो थियो, कुनै परिवर्तन र नयाँपन देखिन्नथ्यो । पुरानो घरको एउटा कुनामा बसेर शान्तनुराज एकोहोरो भटयाइरहन्थ्यो– "हाम्रो पनि बितेका दिन फर्केर आउला कि !"

तर सङ्क्रमणकाल त नाम मात्र थियो, यो त अनन्त जस्तो पो थियो !■

# श्यामलाल नाऊ

**बू**ढो नाऊ श्यामलाल घाम तापेर आफ्ना गोडाको नङ काटिरहेको थियो, उसको छोराले च्याँठ्िठदै बरन्डाभित्र पस्दै भन्यो– “बा ! बा ! पुरेतबा आउनुभयो, कपाल आजै नखौरिकन भएन रे!”

“बा हुनुहुन्न भन्दे जा ।” बूढाले रिसले आँखा राताराता पारिसकेको थियो । छोरोचाहिँले ट्वाल्ल पर्दै भन्यो– “पुरेतबा त त्यहाँ दैलोमा बसेर कुरा सुनिरहनुभको छ ।”

बूढाको अनुहारमा पुरेतले कुरा सुनेकाटेमा पनि कुनै बिस्मातको रेखा झल्केको थिएन । एक पटक आफ्नो भुत्रे छोराको मुखमा हेरेर बूढाले भन्यो– “जा ! जा !!, तातो पानी र मेरो झोला लिएर आ ! अनि तेरा पुरेत बालाई पनि भित्रै बोला !”

झुस्स परेको दाह्री र आधा इन्च जति लामो कपाल बुच्चै देखाउँदै रामप्रसाद पुरेत भित्र पस्छन् । बूढो नाऊ आफ्नै काममा व्यस्त थियो । उसले टाउको उठाएर पनि हेरेन ।

तँ त रिसाइस् क्यार, मेरो मर्का नै बुझ्दैनस् ! जिल्लाका हाकिमले तल्ला घरको कुम्हालेको कान्छो छोराको सिफारिस गरेर पठाएका थिए । म के नै गरूँ ? तैं भन् ! फेरि यस पटक त एक जना सिवाय नपठाउने भन्ने भएको रहेछ ।”

रामप्रसाद पुरेत त्यस ठाउँका ठूलाठालु, प्राइमरी स्कूलका प्रधानाध्यापक र प्रभावशाली मानिस थिए । प्रत्येक वर्ष जिल्लाको सदरमुकाममा सरकारी स्तरमा खोलिएको बाल आवासीय विद्यालयमा सरकारी खर्चमा  बस्न पढ्न पाउने गरी एकएक जना गरीबको केटाकेटी लैजाने व्यवस्था थियो । बूढो नाऊको छोरो पाँच वर्षको हुँदादेखि उसले रामप्रसाद पुरेतको चाकडी गरेको, तर तीन वर्षसम्म पनि टेरपुच्छर नलाएकाले पुरेतसँग बूढो नाऊ श्यामलाल आगो भएको थियो । पुरेतका कुरा सुनेर ऊ भन्छ–

“बाजेले पोहोर पनि त्यसै भन्नुभएको थियो नि ! कपाल काट्न पऱ्यो भने श्यामे, घाउ खटिरा चिर्न पऱ्यो भने श्यामे, मेरो काममा चाहिँ ! आफूले गर्न सक्ने ठाउँमा पनि दसोटा बिङ्गा लगाउनुहुन्छ नाइँ ! त्यो मोरो कुम्हालेले खोलापारीको बजारमा आफ्नै पसल पनि थापिसक्यो, थाहा छ तपाईंलाई ? अनि त्यो गरीब कि म गरीब ? यो भुन्टेलाई कतै बाँच्न सक्ने ठाउँमा लगाइदिनुभयो भने ठूलो गुन मान्ने थिएँ । तर के गर्नु ? आफूले भन्ने मात्र हो, तपाईंले कानमा धागो बानिदिनुहुन्छ।”

रामप्रसाद पुरेत केही बोल्दैनन् । कुम्हालेले आधा रातमा आएर खनखनी गनेर दिएका पैसा झलझल उनका आँखा अगाडि आउँछन् ।

“लौ, छिटो कपाल भिजाउनोस् ।” बूढो नाऊ बसेको ठाउँबाट जुरुक्क उठेर सामान ठीक पार्न थाल्छ । भुन्टे भने बाँसका खवटाको फिर्फिरे बनाएर आँगनको एक कुनाबाट अर्को कुनामा दगुर्दै थियो ।

“लौ हेर्नोस्, देखिहाल्नुभयो नि ! आमाचाहिँले आफू जसवीरे घटरोसँग हिंडेपछि एक पटक पनि यसलाई बोलाउन समेत पठाएकी होइन । मलाई चाहिँ सधैँ तपाईंहरूको चाकडी गर्दै ठीक छ। अनि यो भुन्टेको चाला अरू के हुने ?

श्यामलाल छुरीमा धार लगाइरहेको थियो ।

“तँ पनि बूढेस कालमा बीस वर्षकी तरूनी स्वास्नी ल्याउँछस् ! मैले त त्यतिबेलै भनेको थिएँ। त्यो आशमाया जस्ती नक्कली तँसँग बस्ली भन्ने मलाई त पटकै विश्वास थिएन ।”

“मेरो आलो घाउमा किन नूनचूक लगाउनुहुन्छ बाजे ? घरजम र स्वास्नी तपाईंलाई मात्रै चाहिन्छ कि क्या हो ? मेरा सन्तान नभएपछि भोलि हाम्रा गाउँमा कुनचाहिँ नाऊ ल्याउनुहुन्छ ? तपाईं छातीमा हात राखेर भन्नोस् त !”

“मोरा, अनि किन छोरालाई पढ्न पठाउनु पर्‍यो त ? आफ्नै काम सिका न” रामप्रसाद पुरेत कपालबाट तप्तप् पानी चुहाउँदै सुकुलमा बस्दै जवाफ दिन्छन् ।

श्यामलाल नाऊले पुरेत बाजेलाई आँखा तरिरहेको थियो । त्यत्तिकैमा भुन्टे दगुर्दै भित्र पस्दै गद्‌गद् भएर भन्छ–

“पुरेत बाजे, पुरेत बाजे ! मलाई पनि बाउले जिल्लाको स्कूलमा पठाउने रे ! त्यहाँ त बस्ने खाने ठाउँ पनि छ रे ! स्कूलमा मन लागे जति खेल्न पनि पाइन्छ रे !”

रामप्रसादको मुखबाट एक बक फुट्दैन ।

श्यामलाल च्याँठ्ठिएर छोरालाई खाउँलाजस्तै गर्दै कुर्लन्छ–

“जालास् ! जालास् !! मोरा अभागी ! बाजेका भर परेस् अब ! बाजेले तँलाई खोलापारि बजारको पाटीमा हाट गर्न आउने ढाक्रेहरूको कपाल काट्न पठाउँछन् कि जिल्लाको स्कूलमा पठाउँछन्, तँलाई के थाहा ?”

“म त तिमीले जस्तो कपाल काट्ने ठाउँमा जान्नँ !” भुन्टे विद्रोही आवाज निकाल्दै फन्फनिएर निस्कन्छ । श्यामलाल एकछिन छोरो निस्केको हेरिरहन्छ ।

रामप्रसाद बाबु-छोराको कुरा सुनिरहन्छन् । त्यतिन्जेलसम्म श्यामलालले छुरीमा धार लगाइसकेको थियो । रामप्रसाद पनि फेरि मनतातो पानीले कपाल र दाह्री भिजाउन उठ्छन् । कपाल भिजाउँदा भिजाउँदै उनी पल्याकपुलुक श्यामलाल नाऊलाई पनि हेर्दैछन् । श्यामलाल त्यस्तै थियो– कसैलाई केही भन्न बाँकी नराख्ने ।

श्यामलाल हातमा छुरी लिएर रामप्रसादको दाह्री काटिरहेको छ । जति रिस उठे पनि आफ्नो काममा ऊ इमानदार छ ।

“साँच्ची तेरो जस्तो हलुङ्गो हात त कसैको छैन बा ! अलि बढ्ता रिस मात्र उठ्छ तँलाई ।” उनी छुरा सफा गर्दैरहेको श्यामलाललाई हेर्दै भन्छन् ।

“मलाई रिस नउठे कसलाई उठ्ला त ? यो गाउँमा सबैको चाकडी गरेको पचास वर्ष भइसक्यो । तर मलाई पर्‍यो भने कसैले फर्केर पनि हेर्दैनन् !”

“भो भो नकरा ! सकियो त ?”

“नसकिया भए म छुरा तह लाउँछु त ?” ऊ रन्कन्छ ।

रामप्रसाद पुरेत जुरूक्क उठेर टाउको र गाला सुमसुम्याउन थाल्छन् ।

“आज तल्ला गाउँको जिम्मावालकहाँ सराद्दे गराउन जानु छ । भुन्टेलाई भरे मात्र पुन्की लिन पठाउलास् ।”

“भोलि नै भन त बाजे किन भरे मात्र ? तिमीले कहिले के दियाछौ र मुखको चिप्लो घस्छौ?”

श्यामलाल फनफनिएर घरभित्र पस्छ । रामप्रसाद पुरेत पनि आफ्नो बाटो लाग्छन् ।

श्यामलालले साँच्ची नै सारा गाउँलेहरूको चाकडी गरेको छ । कपाल काट्ने, दाह्री खौरने, घाउ-खटिरा चिर्ने, जे काम भए पनि सबै उसैका घर आउँछन् । बूढो श्यामलाल वर्ष दिनमा जनही एक पाथी मकै पाउँछ, बाली भने पनि ज्याला भने पनि । जो आए पनि उसका कुरा त्यस्तै हुन्–रामप्रसाद पुरेतसँग गरेका गन्थन जस्तै । ऊ सबैलाई गाउँ छोडेर जाने धम्की दिई नै रहन्छ । रामप्रसाद पुरेतजस्तै सबै गाउँलेहरू उसका कुरा एक कानले सुनेर अर्को कानले उडाइदिन्छन् । तर श्यामलाल नाऊ नै त्यो गाउँका सबैलाई चाहिन्छ, महिना पन्ध्र दिनमा सबै उसको ढोका घच्घच्याउन आई नै रहन्छन्, कपाल खौरिन होस् वा घाउ चिर्न ! तर ऊ भने आफ्नै व्यथाले सँधै पिरोलिरहेको हुन्छ । ■

# शून्य समय

**फ**लामको डण्डी सडकमा घसार्दै बेतोड मेरो झ्यालसँग जोडिएको सडकमा दगुरिरहेको ट्रकको रिस उठ्दो आवाजले म झसङ्ग बिउँझिएँ । दुई चार ठाउँमा छिद्र परेको पर्दाबाट कोठाभित्र केही उज्यालो छिरिरहेको थियो । मलाई उठेर घडी हेर्ने जाँगर पनि थिएन । भित्तामा टाँडिएको 'खन्डेमार्का' घडीमा ५५५ को अङ्क र पौने आठ बजे जस्तो देखिन्थ्यो । तर बाहिरबाट छिरेको प्रकाशबाट खास समय पाँच साढे पाँच भए जस्तो लाग्थ्यो । मलाई घाँटीमा केही चीज अड्के जस्तो असजिलो अनुभव भइरहेको थियो । यसपल्ट अक्टोबरमै कलकत्ता सहर प्रदूषणको पराकाष्टामा पुगिसके जस्तो थियो । त्यसमा पनि अघिल्लो दिन राती अबेलासम्म रक्सी चलेकोले झन् कपालै फुट्ला जस्तो भएको थियो । रूघाले नाक बन्द भएर पनि असजिलोपन झन् बढे जस्तो लाग्थ्यो– केही आफ्नै कामको फल र केही मौसमको प्रतिकूल असर– दुवैको शिकार भएको थिएँ म ।

हिजो राती... हिन्दी सिनेमाको सुरूवात राम्रै र घतलाग्दो थियो । सबै त्यसमै मस्त रहेकाले अङ्ग्रेजी सिरियल हेर्न पनि पाइएन । कति कर्कर गर्नु श्रीमती र छोराछोरीसँग ! त्यसैले ढिलै भए पनि थप दुई पेग घप्लक्क पारेर सुतिदिएको थिएँ । त्यसैको असर आज परेको थियो ।
घाटीमा टन्न परेको कफ त निल्न भएन– जुरूक्क उठेर बेसिनतिर लागेँ । कस्तो अङ्गार जस्तो कालो र बाक्लो पनि त्यत्तिकै ! त्यस्तै अरू कति फोक्सो भरी थुप्रिइसकेको होला भन्ने त्रासले सताउँछ । तर डराएर के गर्ने, कुनै उपाय पनि त थिएन । त्यसलाई हेर्दै धारा खोलेर बगाइदिएँ ।

बैठकमा उज्यालो बढ्दै थियो साथै अक्वारियमको टयूब लाइट, अस्पतालको बरन्डाको ठूलो बत्ती र सडकको सोडियम लाइट सबैले बैठकलाई अझै उज्यालो बनाइरहेका थिए । बैठकमा म हिँड्दा सुनिने सऱ्याक्सुरूक्को आवाज सुनेर मेरो जर्मन स्पिट्ज् कुकुर जीनले क्वाँक्क गऱ्यो । उसलाई बिहान सबेरै माथि कौसीमा लैजानुपर्थ्यो, अनि ऊ अर्को २/३ घण्टा सोफामा सुतेर बिताइदिन्थ्यो । मलाई देखेर ऊ खोरतिर तनक्क आङ तन्काउँदै थियो ।
"आज कहिल्यै नभएको कुरा भो ! पानी पर्ने पो हो कि ?" मैले जीनको खोर खोलेर कौसीतिर जान लागेको देखेर बेडरूमबाटै श्रीमतीले मुख चेप्रयाउँदै तीखो प्रतिक्रिया व्यक्त गरिन् । सामान्यतया त्यो काम उनले गर्थिन् ।

कौसीमा पनि के जानु ? कुहिरो लागे जस्तो टन्न धूलो र धुवाँको स्मग्ले चारै दिशा ढाकेको थियो । त्यसमा पनि कम्पाउन्ड बाहिरको चिया पसले रामचन्द्रेको कोइलाको चूल्हो सल्काउने बेला भएकोले धुवाँको डरले माथि उक्लन मनै थिएन तर नगएर पनि के गर्ने ? ५/६ महिनासम्म सबेरै एक घण्टा भिक्टोरियाको चक्कर लगाएपछि म थाकिसकेको थिएँ । त्यसपछि नेशनल लाइब्रेरी र हर्किकल्चर गार्डेनभित्र दुई चार महिना धक्का पनि खाइसकेको थिएँ । अन्तमा यूरिक एसिड्को दुष्प्रभावले गर्दा विहान निस्कने क्रम टुटेको थियो ।

अलिपुर चिडियाखानाभित्र चराचुरुङ्गीको चिर्बिर र तल सडकमा गाडीको आवागमन पनि बढ्दै थियो । आकाश खुल्दै गएकोले पर हुग्ली नदीमा जहाजहरूको ताँती स्पष्ट हुँदै थियो– मानौँ ड्यूटीमा बसेका सिपाहीहरूको लाम थियो त्यो । हुग्लीको नयाँ पुल– विद्यासागर सेतु– त्यसको झिलिमिलि बत्ती पनि निभिसकेको थियो । आँखा पीरो हुँदै गएकोले म धेरैबेर कौसिमा उभिन चाहिन्नथेँ । यताउती हेरेँ– जीन कुन सड्को तल पुगिसकेको रहेछ । तल मूलढोका आधा फक्लेँटो खोलेर चौकीदार चुरोट सल्काउँदै थियो । अगाडि फुट्पाथमा मैला १/१ वटा झोला र कपडाको पोको बोकेर एक जोडी अर्धबैँसे नेपाली उभिइरहेका थिए । “कागती पानी !” श्रीमतीले भर्खर नुहाएर रूमालले कपाल बेरेकी थिइन् ।

“यसले कहिल्यै नछोड्ने भो” भन्दै गिलास समाएँ मैले । मेरो फ्यात्त परेको भुँडीको बोसो पगाल्ने अथक प्रयास गर्दै थिइन् श्रीमती!

कलबेल तीखो आवाजले जीन सोफाबाट उफ्रेर ढोकामा उफ्रि उफ्रि भुक्न थाल्यो । बाहिर चौकिदार थियो ।

“साहेब ! दुई जना बेखर्ची आएका छन् ।”

कौसीबाट झर्दा मैले लख काटेको सत्य रहेछ । हिजो दिउँसो मात्र एक जनालाई जोगवनी जाने बसको टिकट काटेर पठाएको आज अरू आइसके । मनमनै लाग्यो– वा ! क्या पोष्टिङ्मा आइएछ बा ! अरू साथीभाइहरू राता चिल्ला गाला पारेर आनन्दमा बसेका होलान् ! उनलाई न प्रदूषण, न बेला कुबेला यस्ता मान्छे सुमर्नुपर्ने । आफूलाई भने सँधै दलालहरूको धम्की, जाली फाटाहाहरूको खप्की, नाफाखोर बेपारीको घुर्की आदि सबै सहनुपर्ने । म आफ्नो कर्म र हाकिमहरूको आफूप्रतिको सुदृष्टिलाई धिक्कार्दै तल ओर्लिएँ । मूलढोकामा कोही थिएन– सायद ती जोडी हिँडिसकेका थिए ।

“हजुर, उनीहरूलाई उनकै गाउँको मान्छेले लिएर गयो । भेट्न आएका रहेछन्, क्या त उनीहरू त्यहाँ आफैँलाई... ” चौकिदारले कपाल कन्याउँदै भन्यो । मैले उसको अनुहारमा हेरेँ– एउटा कुटिल हाँसो थियो उसको अनुहारमा । मैले कुरा बुझेको थिएँ भन्ने उसलाई यकीन थियो ।

साँच्चि नै यथार्थ कुरा सम्झँदा म आफैँलाई आत्मग्लानी हुने गर्थ्यो– सरकारी अफिस, पुलिस थानामा मान्छेहरूलाई भेट्न जाँदा पनि शिर निहुराउनु पर्ने हुन्थ्यो । आफ्नै छोरीबेटीलाई रन्डीकोठीमा लगाइदिएर चाड पर्वमा भेट्न आउने, खर्चवर्च उठाउने– मेरो देशका निरीह प्राणीहरू थिए उनीहरू ! फाइलभित्र थन्किएर बसेका उनीहरूको बयान– कलकत्ते माइलोले वीरेलाई भैँसी किन्न दिएको पैसाको हिसाब, सानो कान्छाले आमाको किरिया गर्न लिएको पैसा, आशाबहादुरले पहिरोले लडाएको घर मर्मत गर्न बिचारी बाजेसँग लिएको ऋण र ठूलेलाई गुठी उतार्न प्रधानले दिएको पैसा– यस्तै रकम चुक्ता गर्न उनीहरू आफ्ना छोरीबेटीलाई मुग्लान कटाइदिने गर्थे– कटाउनु पर्ने बाध्यता पनि थियो । नत्र के गर्ने उठिबास भइहाल्थ्यो ।

कलकत्ते माइलोको नाम धेरैवटा बयानमा उल्लेख थियो, तर अहिलेसम्म उसलाई हामी कसैले देखेका थिएनौँ । उसको हुलिया थाहा भएर पनि कोही केही भन्दैनथे– कहिले त मलाई लाग्थ्यो ऊ कुनै मान्छे होइन एउटा गिरोहको अस्तित्व बोकेको नाम मात्र हो । थाहा पाउनेहरू

सबैले सम्भवतः उसको भेद नखोल्ने धेरै कारण थिए– बाध्यता, मिलेमतो र अझ मनभित्रको त्रास ! अझ डर पनि !

पण्डितले मन्दिरमा पूजा सकिसकेका थिए– घण्टी एकनासले बजिरहेको थियो । मन नलागी नलागी माथि आफ्नो फ्लाट्‌तिर उक्लें । दाह्री काट्‌ने, अखबारको हेड् लाइन पढेर कटिङको निमित्त चिनो लगाउने, अनि नुहाइवरी एक गाँस टिपेर तल अफिसमा सिङ्गो दिन बिताउन बाँकी नै थियो ।

आज निकै गम खाइँदैछ नि ! हिजो बेलुकी कम्ता भए पो ?" श्रीमतीको तीखो व्यङ्ग सुनें ।

एकाबिहानै यस्तो छेड पेच सुन्नुपर्दा मेरो पैतालादेखि तात्छ भन्ने थाहा पाएर पनि उनी भन्न छोड्‌दिनन् । मलाई वास्तवमा हिजोको रक्सीको नशाले राम्रै छोडिसकेको थियो, बाँकी थियो त केवल नैराश्यता ! विगत दुई वर्षदेखि मानौं यही नै मेरो दिनचर्या भएको थियो ।

समयचक्र पनि अनौठो हुने रहेछ । एकै छिनमा मलाई दुई वर्ष आँखा झिमिक्क पर्दा बिते जस्तो लाग्थ्यो– छोराछोरीहरू हलक्क भइसकेका थिए । अनि उत्तिनखेरै मनमा आँधी उठेर आउँथ्यो– यो 'आनन्दनगरी' मा कति वर्ष सडेर बस्नु पर्ने होला भन्ने चिन्ताले सताउँथ्यो । यति लामो समय मैले जति काम मेहनत गरे पनि मेरा आफ्नाले देख्दैनथे, जरा नभएको, रूखमा पानी दिंदै थिएँ म । मनभित्र आशा कम र निराशाको हुँडरी बढी राखेर म एउटा अनौठो दोसाँधमा बाँचिरहेको थिएँ । एक्कासी आउने बिहान, दिनभरी अनेक किसिमका झ्याउँ झ्याउँ, साँझ परेपछि टेबुल ल्याम्पको मधुरो उज्यालोमा किताब पत्रपत्रिका पढ्‌ने, टी.भी. अगाडि बसेर रक्सीको चुस्की लिने रूटिनबद्ध दिनचर्या ! मलाई आफू स्कूल पढ्‌दा भोगेका दिनहरूको सम्झना हुन्थ्यो– अहिले एउटा पिरियड सकेपछि घण्टी भने लाग्दैनथ्यो र अङ्ग्रेजीको पिरियड्‌मा इतिहास र हिसाबको पिरियडुमा नेपाली पनि पढ्‌न कुनै बाधा थिएन मलाई । फरक यत्ति नै थियो– मलाई सम्झाउने कोही थिएन । मेरो लागि दिनको २४ घण्टालाई विभाजन गर्नु पर्ने वाध्यता थिएन । मनपरी ! म जे पनि बोल्न सक्थें संसद्‌को शून्य समयमा जस्तै । कुनै लगाम थिएन । साँच्चिकै वेलगाम घोडा जस्तै। ■

# दुर्घटनापछि निरीह भएर बाँच्दा

**अ**शेषका आँखा भित्तामा भुन्डिएको आफ्नै तस्वीरमा अडेको थियो । दुई वर्ष अगाडि खिचेको त्यो ठूलो तस्वीर कत्ति आकर्षक छ। बाटुलो अनुहारमा दुई वटा ठूला ठूला आँखा, केही लामो नाक र गालामा एउटा सानो घाउको खत । त्यो घाउको खत कहिलेदेखि बसेको हो उसलाई सम्भना छैन । तर त्यो घाउको खतले गोरो अनुहारमा भन् सुन्दरता थपिदिएको थियो । बिहे गर्नु अघि रेणुलाई हेर्न जाँदा उसलाई पनि गालाको खत साँच्ची नै उसको अनुहारको विशेषता लागेको थियो रे !

अशेषलाई आफ्नो तस्वीर हेरिरहन मन लाग्छ । ऊ ऐनामा आफ्नो अनुहार हेर्न चाहँदैन । अहिले ती सुन्दर आँखामध्ये एउटामा अहिले कालो पट्टी लगाइएको छ । उसको नाक देब्रेतिर बाङ्गिएको छ र अनुहारभरि घाउका खतै खत छन् । टाढाबाट हेर्दा उसको अनुहारभरि बिफरका दाग भैँ देखिने ती कैयन् खतले सुन्दर अशेषलाई कुरूप बनाइदिएका छन् । अशेषलाई सात महिना अगाडि भएको मोटर दुर्घटनाको सम्भना हुन्छ । ऊ मात्र किन बाँच्नुपुग्यो ? कारभित्र चढेका अरू सबै मानिसजस्तै गरी ऊ किन मरेन ? अशेषलाई आफ्नो एउटा हात र दुवै खुट्टा गुमाएर बाँच्नुभन्दा मर्नै पाएको भए हुन्थ्यो भन्ने इच्छा उसको मनमा उठिरहन्छ । रेणुलाई पनि उसको यो अवस्थाले सायद आधा मरेको जस्तै बनाइदिएको थियो । बिचरी रेणु ! ऊ दुई वर्ष अघि एउटा सुन्दर, सभ्य, हँसमुख र आधुनिक युवक अशेषसँग सुखी वैवाहिक जीवन बिताउने सपना लिएर आएकी थिई । अशेषले थोरै समयमा एउटा दक्ष र सफल आर्किटेक्टको हैसियतले प्रतिष्ठा कमाइसकेको थियो । ऊ काठमाडौँमा विद्यार्थी जीवन बिताउँदा गल्लीभित्रको साँघुरो कोठामा आफ्ना दिन काट्नु परेकोमा वाक्क मानेर सधैँ सहरबाहिर एउटा सुन्दर नगर बसाल्ने विचार गर्ने गर्थ्यो । सात वर्षपछि आएर उसको सपना केही साकार भएको थियो, किनभने ऊ नगर विकास योजनामा नै सेवारत हुन पुगेको थियो ।

अहिले अशेषको दाहिने हात नै छैन । त्यो हात, जसले युनिभर्सिटीमा ड्रइङ र मिनिएचर बनाउने काममा धेरै जश पाएको थियो अहिले सायद सुनकोशीको कुनचाहिँ ढुङ्गाभित्र लेउ बनेर माछाको पेटभित्र परिसक्यो होला । अशेष आफ्नो निधारमा हात राखेर सोच्छ– चीफ इन्जिनीयर मात्र किन मर्‍यो ? त्यो विदेशी विशेषज्ञको टाउको मात्र किन धूलोपीठो भयो ? उसका दुई सहयोगी मात्र किन सुनकोशीको भेलमा मिल्न पुगे ? ऊ एक्लै यस्तो दयनीय र निरीह भएर बाँच्नको निम्ति किन ढुङ्गाको ककारोभित्र अडियो ?

अशेष बाँच्नुको अर्थ उसप्रति नियतिको ठूलो विडम्बना हो भन्ने उसले ठानेको थियो । उसलाई हिँड्न मन लाग्छ, डुल्न मन लाग्छ । तर अहिले ऊ ह्वील चेयरमा जबर्जस्ती बाँधिएर बाहिर बरन्डासम्म मात्र जान सक्छ । बरन्डामा उसलाई छोडेर बजार गएको नोकर नफर्कुन्जेल ऊ फेरि आफ्नो कोठामा गएर पल्टन इच्छा भए पनि जान समर्थ छैन । सायद रेणुको नोकरी नभएको भए उसको एक्लोपन केही हदसम्म हट्थ्यो कि ? तर अशेष हिजोआज रेणसँग खुलेर

बोल्न पनि संकोच मान्न थालेको छ । कहिलेकाहीं अशेषलाई लाग्छ– रेणुलाई किन बिहे गऱ्यो उसले भनेर । उसको नियुक्ति पोखराको सट्टा धनकुटा भइदिएको भए सायद रेणुसँग भेट पनि हुने थिएन, ऊ अझै अविवाहित नै रहने पनि सम्भावना थियो । तर मानिसको जीवनमा के के घटनाक्रम घट्न आउँछन् के के, जसबाट मुक्ति पाउन कठिन हुन्छ ।

अशेष इन्जिनीयर थियो । रेणु नृत्यकला पढेर आएकी युवति जसलाई जागीर खानुपर्ने आवश्यकता नै थिएन । रेणु आफ्ना बाबुलाई सघाउन पोखरा पुगेकी थिई जहाँ उसको बाबुले सरकारी निर्माणको ठेक्का लिएका थिए । अशेष त्यही निर्माण कार्यको सुपरिवेक्षण गर्थ्यो । एक हातमा चुरोट, एक हातमा जीपको स्टेयरिङ्ग समातेर आँखामा कालो चश्मा लगाएर बजारको साँधुरो बाटोमा तीन चार पटक हरेक दिन दगुर्दा उसलाई नचिन्ने को थियो र ? रेणुले सायद त्यसैबेला अशेषलाई पहिलोपल्ट देखेकी थिई ।

बिहेको कुरा चलेपछि अशेषले आफ्नो पुरानो साथी नरेन्द्रलाई रेणुलाई हेर्न पठाएको थियो। सानो ठाउँ भएकोले उसले आफै पहिले हेर्न जान चाहेन किनभने सुशिक्षित र आधुनिक विचारकै भए पनि रेणुलाई एक पटक हेरे पछि विहे नगर्दा पोखरा जस्तो सानो ठाउँमा हल्ला होला भन्ने डर उसलाई थियो । नरेन्द्रले हेरेर आएको दिन भनेको थियो– "यार ! अशेष, त्यसको त आँखा नै तँ हामीलाई टुना लगाउला जस्तो छ । हुन त तैंले हेरेको छैनस्, तर हेरिस् भने तँ त के विश्वामित्रको बाजेको पनि केही जोड चल्दैन ।" विहेको पहिलो रातमै अशेषले रेणुलाई नरेन्द्रका यी शब्दहरू सुनाइदिएको थियो । वास्तवमा रेणुाले नै अशेषलाई मन पराएर बाबुलाई विहे गर्न सङ्केत गरेकी रहिछ ।

यी सबै अशेषको दुर्घटनाभन्दा पुराना कुरा हुन् । दुर्घटना हुने दिन बिहानैदेखि रेणु ज्वर आयो भनेर सुतेकी थिई । घरको नोकर पनि गाउँ गएकोले अशेष कतै बाहिर जाने विचारमा थिएन। तर दुर्घटना हुने कुरा कसले टार्न सक्दो रहेछ र ! बिहान सातै बजे चीफ इन्जिनीयरको ड्राइभर बोलाउन आइपुग्यो– जरूरी काममा बाह्रबिसे जानुपऱ्यो भनेर । अशेषले उसलाई सन्चो नभएको बहाना गरेर फर्काइदिएको थियो । तर पनि चीफ इन्जिनीयर आफैं आएर साथै नगई धरै दिएन र लगिछोड्यो– रेणुसँग अनुमति लिएर । चीफ इन्जिनीयरलाई कालले कुत्कुत्याएको रहेछ, आफू त गयो गयो अशेषलाई पनि अधमरो गराएर बिदा लियो । रेणुलाई ओछ्यानमा छोडेर गएको अशेषले दुई महिनापछि मात्र अस्पतालको कोठामा रेणुको अस्पष्ट अनुहार देख्न पाएको थियो । त्यो दिन होश आउँदा ऊ चिच्याएको थियो । आफ्नो दाहिने हात र दुवै खुट्टाहरू नभएको थाहा पाएपछि उसलाई बाँचिरहने इच्छा थिएन । एउटा आँखाले उसले रेणुको शुष्क अनुहार हेरेको थियो– बाईस वसन्तमात्र देखेकी रेणुको अनुहारमा असङ्ख्य पीडाका रेखाहरू झल्किन्थे । उसको पङ्गु लोग्ने अब कुनै कामको रहेको थिएन । अशेष होश आएर आँखा खोल्दा रेणुको अनुहारमा एउटा जर्बजस्ती हाँसो थियो– सायद डाक्टरको निर्देशनले निकालिएको हाँसो ! नत्र अशेषमा के बाँकी थियो र रेणुले हर्ष मनाउनुपर्ने ? एउटा जिउँदो लाशको रूपमा बाँचेको उसको लोग्नेले उसलाई भोलिका दिनहरूमा कसरी सुख, सन्तोष र सुविधा पुऱ्याउनसक्थ्यो र ऊ खुशी हुनुपर्ने ? होस खुल्नासाथ उसको मनमा यस्तै कुरा खुलेका थिए ।

अस्पतालबाट घर फर्केपछि सधैं अशेषको मनमस्तिष्कमा एउटा ठूलो भयले लखेटिरहे जस्तो लाग्थ्यो– के रेणु वाध्यतावश ऊसँग बस्दै छे ? ऊ कहिलेसम्म अशेषजस्तो पङ्गुकी स्वास्नी भएर जीवन यापन गर्न मानिरहन्छे ? के ऊ अशेषसँग मुक्ति पाउने इच्छा गरिरहेकी छे ? आदि आदि । रेणुले जागीर खाएकी छ । अशेषको पुरानो साथी नरेन्द्रसँग रेणुको हेलमेल बढ्दैछ । नरेन्द्र बिहे नगरेको आधुनिक नवयुवक हो । अशेषको मस्तिष्कमा यी सब कुरा खेलिरहन्छन् चाहेर वा नचाहेर पनि ।

उसलाई नोकरले चिया बनाएर ल्याउँछ । पहिले झैं रेणु आफैं नोकरको साथमा आएर चिया पिउँदा ऊसँग गफ गर्न छोडिसकी । तीन चार दिन अगाडि ऊ अशेषलाई भनेर गोदावरी घुम्न गएकी थिई– नरेन्द्रको साथमा । अशेष मनमनै चिढिन्छ– रेणु किन उसलाई सुनाएर जान्छे ? अशेषलाई थाहा छ– नरेन्द्र र रेणु घनिष्ठ हुँदैछन् । नरेन्द्र आएर घण्टौं अशेषसँग गफ गरेर जान्छ र पुराना कुराहरू सम्झाएर अशेषको मन बहलाउने प्रयास गर्छ र बाँच्ने प्रेरणा दिएर जान्छ । तर अशेषलाई नरेन्द्रले बोलेका प्रत्येक शब्दले उसलाई व्यङ्ग्य गरे झैं लाग्छ । कुनै समय थियो– जब नरेन्द्र स्पष्ट रूपले अशेषप्रति आफ्नो ईर्ष्या प्रकट गर्थ्यो । तर आज परिस्थितिले पल्टा खाएको छ। अशेष नै कता कता नरेन्द्रको ईर्ष्या गर्न पुगेको छ ।

बिहान सूर्योदय भएदेखि बेलुकीसम्म अशेषको मनमा यस्तै यस्तै कैयौं कुरा खेलिरहन्छन् । उसलाई  केही लेख्न मन लाग्छ । देब्रे हातले लेख्ने बानी छैन– सिक्न थालेको महिना दिन बित्दा पनि ऊ लेख्न सक्दैन । त्यसैले अशेषलाई एक प्रकारको हीनताको अनुभव हुन्छ– सायद ऊ अब केही गर्न सक्दैन भावी दिनहरूमा ।

सधैं झैं आज पनि रेणु बाहिर गएकी छ । जाँदा उसले भनेकी थिई– "अशु, धेरै दिन भयो पिक्चर गएकी छैन । आज नरेन्द्रले टिकट लिइराख्छु भनेको छ । अलि ढीलो होला । तिमी त सुतिसक्छौ होला ।"

रेणुको कुरा सुनेर अशेषले सम्मतिसूचक शब्द हाँसेको थियो । ऊ सोच्छ– रेणु किन यस्ता कुरा भने उसलाई पाखामा परेको माछा जस्ता बनाइरहन्छे ? उसका मनमा अब हरेक कुरा भइसके। अशेषका रात पनि झन्डै दिनजस्तै गरी बित्छन् । उसलाई निद्रा पनि लाग्दैन । आज त रेणु पनि छैन, नत्र पत्रिका समाएर भए पनि अशेषको अगाडि आएर बस्थी ऊ, केही चाखलाग्दा समाचार भए पढेर सुनाउँथी । काम गर्ने मानिस भए पनि ऊ केही कुरा गर्न जान्दैन । उसका पनि आफ्नै दुःखका कथा छन्, गाउँको मुखियाले बर्षेनी तमसुक फेरेर उसको लट्टीपट्टी लिएको इतिहास छ । विचरा, ऊ पनि दैवको विडम्बनाको एउटा ज्वलन्त उदाहरण हो अशेष जस्तै ।

राती सँधै झैं रेणु आएर उसको छेउमा पल्टन्छे, मानौं कि ऊ टम्म पारी गुट्मुटयाएर मानव शरीरको ढाँचामा बनाइएको एउटा सिरक जस्तै हो, जसको नजीक आफू सरेर जान सकिन्छ तर त्यो आफैं सरेर आउन सक्दैन । अशेषको मनमा लाग्छ– सायद रेणु अनिच्छापूर्वक एउटै बिछ्यौनामा सुत्न आउने गर्छे । सायद ऊ यसै गरी बाँकी जीवन बिताउने अठोटमा छे ।

अशेष कहिले आफ्नो निरीहता देखेर दिक्क मान्ने गर्छ त कहिले रेणुको भावी जीवनबारे सोच्दै निराश हुने गर्छ । ■

# ज्यानमारा

**आ**ज पनि मालिकले नलीले हिर्काएको नीलडाम लिएर देवदास घर फर्किरहेको छ । घर पुग्नासाथ ऊ गोमतीलाई तातो पानीले सधैं झैं सेकाउन लगाउनेछ । जमिनदारको घरमा उसका बाबु-बाजेले पुस्तौंदेखि चाकरी गरिआएका हुन् । त्यसैले उसको मनभित्र जति विरोधको ज्वाला दन्किए पनि जमिनदारको दैलोअगाडि पुग्नासाथ देवदासको शिर बेतको हाँगो झैं निहुरिहाल्छ । उसका सात पुस्ताले जमिनदारका खलकका लागि कति पसीना बगाए, कति काम गर्दागर्दै थलिएर औषधी नपाएरै अकाल मृत्युका शिकार भए, अझ कति सन्तान-दरसन्तानले ऊजस्तै गरी पिटाइमा परेर थलिई एक दिन बिदा लिनेछन् ।उसकी स्वास्नीले कति पटक आफ्नो मनको वह पोखिसकेकी छे । पल्लो गाउँमा एउटा क्रिस्तानी आएर स्कूल खोलेको छ । उसले लोग्ने-स्वास्नी दुवैलाई जागीर पनि दिन्छ रे । अनि पुन्टे र भुन्टीलाई पढाइदिन्छ रे ! तर उसको कुरा मान्नुपर्ने रे । उसले आफ्नो धर्म छोड्नुपर्छ रे । उनीहरूको घरबाट गणेशको फोटो झिकेर क्रसको चिह्न लगाउनुपर्छ रे ! आइतबारैपिच्छे स्कूलपछाडि भएको ठूलो घरमा सबै जना गएर प्रार्थना गर्नुपर्छ रे ! उनीहरूले कहिल्यै कालीको थानमा गएर पूजा पनि गर्नुहुन्न रे !

देवदासको जीउमा डरले काँढा उम्रन्छन् । आफ्ना बाउबाजेले जुगौंदेखि पूजा गरेर आएको गणेश, हप्तैपिच्छे पूजा लैजाने गरेको कालीमन्दिर यी सबै कसरी बिर्सने ? बरू ऊ जमिनदारको नली सहन तयार छ, आफ्ना हात खुट्टा भाँच्ने गरी पिटे पनि, रगतै छदाए पनि क्रिस्तानी बन्न जाने छैन । उसकी स्वास्नी गोमतीचाहिँ आफ्ना छोराछोरीको चिन्ता छ भन्छे । तर देवदासको बाबुलाई पनि त्यस्तै पीर थियो होला नि, उनले आफ्नो धर्म किन छोडेनन् ? ऊ आफ्नो बाबुलाई देउताजस्तै मान्छ । उनले जेठा जमिनदारलाई बचाउँदा बचाउँदै भीरबाट खसेर खुट्टा भाँचेका थिए रे । अनि जेठा जमिनदारले शिकारमा लैजान नहुने भएकाले उनलाई निकालेका थिए रे ! आमाले आफू केटाकेटी छँदै बाबुको बहादुरीको बयान गर्दै यी सब कुरा देवदासलाई भनेकी थिइन् ।

देवदास अब घर पुगिसकेको छ । गोमती बाख्राको दूध दुहेर भर्खर भित्र पसेकी रहिछ ।

“गोमती अलिकति तातो पानी र कपडा लिएर आइज ।”

“किन आज पनि... ? के गर्‍यौ तिमीले फेरि ?”

“घोडा फुकेर बगैंचा पनि बिगारिदिएछ, मालिकको अगाडिपट्टिको दाँत पनि फुकालिदिएछ । अनि त के चाहियो र ! म पुग्न पाएको थिइन, चोकैदेखि लगारेर तबेलाभित्र थुनेर पिटे ।”

गोमती बरर्र आँसु खसाल्दै बाहिर निस्कन्छे । लोग्नेका मुखमा रगतको थोपै नभएजस्तो उसलाई लाग्छ ।

“यस्ता पापी आसत्तीको कहिल्यै भलो नहोस् ।” भन्दै ऊ भित्र पानीको तसला बसाल्न जान्छे। देवदास बाहिर दरीमा पल्टन्छ । सूर्यास्त हुने बेला भइसकेको छ । पुन्टे र भुन्टी दगुर्दै हिलाम्यै भएर आउँछन् र आमा भोक लाग्यो, आज ढलमा एउटै पनि माछा छैन, सुकेकै भए पनि पकाऊ भन्दै भित्र पस्छन् ।

गोमती दुवै जनालाई हेरिरहन्छे । के गर्ने लोग्ने मान्दैन ! नत्र उसका छोराछोरी पनि किताब च्यापेर पढ्न जान पाउँथे अनि कमसेकम जमिनदारको बुहार्तन पनि उनीहरूकै पुस्तामा गएर टुङ्गिन्थ्यो । कहिले ऊ दिक्क मान्थी अनि कस्तो धर्मभीरू लोग्ने होला भनेर रिसाउँथी पनि । घरमा भएको पुरानो भजनको किताब बिहान एकैछिन पल्टाएर दुई हरफ पढ्दा पनि ऊ त्यसभित्र जुँगामुठे जमिनदारकै अनुहार देख्थी ।

पोहोर दुर्गापूजाको दिन गोमती पनि छोराछोरी च्यापेर मालिकको घरमा गएकी थिई । उसलाई मालिकको छोराले खाउँला झैं गरेर हेरेको थियो । दुईटा बच्चाकी आमा, झुत्रो लुगा लाएकी आफ्नो तबेला सोहोर्ने नोकरकी स्वास्नी देखेर पनि उसले आफ्नो कामुकता देखाएको थियो ।

“ए दासे ! अक्षर पनि चिन्छे भन्थिस् नि तेरी स्वास्नी, यही नै हो ?”

“हो मालिक ।”

अनि घर फर्कंदा गोमतीले लोग्नेलाई भनेकी थिई–

“त्यो मालिकको छोराको मलाई मुखै हेर्न मन लागेन । मोरो ! पुन्टे र भुन्टीलाई देखाउँदै तैंले पाएकी होस् र यी भुँडुल्काहरू भन्दोरहेछ ।”

“हुन्दे, माया लागेर सोधेका होलान् नि त !”

देवदास कति सोझो तर मालिक र उसका सन्तान चाहिँ कति कपटी छन् भन्ने गोमतीलाई लागेको थियो ।

“सुत्यौ कि क्या हो ? सेकाउन पर्दैन ?”

“ए !! आँखा लागेछन् त !” भन्दै देवदास उठेर कुर्ता एकातिर फ्याँकी फेरि पल्टन्छ । छोराछोरी पनि बाहिर निस्केर बाबुआमा नजीक बस्छन् ।

“बा तिमीलाई के भयो ? कसले पिटयो ?”

गोमती र देवदास मुखामुख गर्छन् । उनीहरूको मुखबाट एक वाक्य पनि फुट्दैन । दुवै जनाका आँखा रसाएर आउँछन् ।

भोलिपल्ट बिहान देवदास उठ्नै सक्दैन । उसको पीठ सुन्निएको छ । गोमती छोराछोरी लिएर रोएर बसिरहन्छे । पुन्टे र भुन्टी पनि माछा मार्न निस्कँदैनन् । बाख्राहरू घाँसपात नपाएर कराइरहेका छन् । पल्लो गाउँमा हिजो चेयरम्यानले चामल बाँडेको सुनेर गोमती पनि छोराछोरी लिएर पुगेकी थिई । तर ऊ पुग्दा सिद्धिसकेको रहेछ । त्यसैले आज त आँगनकै कर्कलो नउसिनी केही पनि उपाय छैन । ऊ हँसिया झिक्न भित्र पस्छे । देवदास जरोले बरबराइरहेको छ ।

“जा त मालिकका घर गएर केही मागेर ल्या ! भोलि त जान सकिहालुँला । नत्र २/४ दिन दुवै जना गएर पनि फछर्याउँला नि !”

“दिन्छन् कि दिँदैनन्” भन्दै गोमती बाहिर निस्कन्छे ।

“गएर त हेर् न...”

साँझ झमक्क परिसकेको छ । गोमती अझ फर्केकी छैन । पानी झमझम परिरहेको छ । खोल्सा तर्न सकिन कि भनेर एउटा बाँस लिएर देवदास मालिकका घरतिर लाग्ने विचार गर्छ ।

"तिमीहरू भित्रै बस है ! बाहिर जलामय छ" भन्दै ऊ बाहिर निस्कन्छ । जरोले गलाएकाले पाइला पनि छिटो चल्न सक्दैनन् । बल्लबल्ल मालिकका आँगनमा पुगेर ढोकामा बसिरहेको चन्दू पालेलाई गोमती कहाँ छ भनी सोध्छ ।

"तबेलाभित्र पानी भरिएकाले सोहोरेर आइज, अनि मात्रै पिठो पाउलिस् भनेर मालिकनीले भन्नुभाथ्यो । त्यतै होला कि...!"

चन्दू पालेको कुरा टुङ्गिन नपाउँदै गोमती दगुर्दै आएकी देख्यो उसले । शरीरको माथिल्लो भाग निर्वस्त्र र धोती पनि ठाउँठाउँमा च्यातिएको !! गोमतीको पछिपछि ! "तँ राँडलाई नमारी कहाँ छोड्छु !" भन्दै मालिकको छोरो पनि दगुरेको देखेर देवदासका आँखाबाट आगो नै निस्केजस्तो भयो । अनायास उसको हातको बाँस मालिकको छोराका टाउकामा दनादन बज्रन पुग्छ । अनि ऊ पनि मूर्च्छा परेर ढल्छ ।

आज पन्ध्र वर्ष पुगिसक्यो । देवदास ज्यान मारेको अभियोगमा जन्मकैद परेको थियो । जेलमा एक पटक चन्दू पाले भेट्न आएको थियो । उसलाई पनि मालिकले निकालिदिएछन् । उसैले देवदासलाई भनेको थियो– गोमतीले दुवै छोराछोरीलाई क्रिस्तानीको स्कूलबाहिर पर्खिराख्नु भनेर घरतिर दलिनमा झुन्डिएर प्राण त्यागिछ । छोराछोरी कता गए पत्तो भएन ।

देवदास ज्यानमारा भए पनि जेलमा राम्रो बानी-बेहोरा राखेर बसेको, कहिल्यै कसैसँग झगडा नगरेकोले १५ वर्षमै उसलाई माफी भयो । आज ऊ जेलबाट बाहिर निस्कने दिन हो । हासिम काका, राजन भाइ, चक्रवर्ती दाइ सबैलाई छोडेर आज ऊ बाहिर निस्कनेछ । यी तीन जना पनि देवदासजस्तै गरी जेलको कोठामा पुगेका थिए । हासिम काकाले आफ्नै घरमा गाउँको मुल्लाले आफ्नी स्वास्नीलाई ताबीजको लोभ देखाएर इज्जत लुटेको देखेर एकै पटकमा मुल्लाको दुई फ्याक पारिदिएका थिए रे ! राजन भाइले पनि दिउँसै आफ्नै घरमा आगो लगाएर स्वास्नी छोराछोरी डढाइदिने वनपालेको घाँटी थिचिदिएको रे ! चक्रवर्ती दाइको चाहिँ स्कूलमा मास्टर हुँदा आफ्नै एउटी चेलीसँग मन बसेको रहेछ । पछि त्यो केटीको बिहे अन्तै भएपछि विधर्मीसँग फसेकी भनेर लोग्नेले मारेर स्कूलको कम्पाउण्डभित्र फ्याँकेर चक्रवर्तीलाई फसाएको रे ।

देवदासलाई आफ्नै गाउँ जान मन लागेकाले ऊ त्यतै लाग्छ । १५ वर्ष जेलभित्र बस्दा २/४ हजार रूपियाँ जोगाएको थियो । घर त टालटुल पार्नैपर्ला नि छोराछोरी खोज्नुपर्‍यो फेरि... भन्ने सोच्दै ऊ गाउँ पुग्छ । तर उसको घर भएको ठाउँ !! त्यहाँ त लाइनै सिमेन्टका घरहरू बनिसकेछन्, आँगन भएको ठाउँमा एउटा ठूलो मस्जिद चारैतिर लाउडस्पीकर राखिएको ! ऊ बाटोमा हिँड्ने कसैलाई पनि चिन्दैन । एक जना त्यहीँ उभिरहेको मानिसलाई आँट गरेर सोध्छ–

"त्यहाँ त १५ वर्षअघि एउटा देवदास भन्ने मानिसको घर थियो, होइन र ?"

"ए त्यो ज्यानमारा ? आफ्नै मालिकको छोरो मार्ने नमकहराम ? थियो रे त ! तर अहिले त त्यो सबै अर्कैले लिइसक्यो ।" त्यो मानिसले देवदासलाई तलदेखि माथिसम्म हेर्दै भन्छ ।

देवदासले टोलाएर हेरिरहेको देखेर त्यो मानिस सोध्छ–

"किन तिमी चिन्छौ र उसलाई ?"

"मालिकको छोरी अर्को पनि थियो नि, ऊ कहाँ छ नि ?" देवदासलाई फेरि जेलभित्र जान मन लागेर आउँछ ।

"ए ! त्यसपछि त उनीहरू सबै ४/५ वर्ष नहुँदै भागेर अर्कै देश गइहाले नि !"

अर्कै देश भन्ने शब्द सुन्नासाथ देवदासलाई आश्चर्य लाग्छ । जमीनदारका सन्तान किन भागेछन्, भाग्नु त ऊजस्ता कमाराहरूले पो त !! देवदास निश्चल भएर एकटक लगाएर टाढा क्षितिजतिर हेरिरहन्छ । ■

# नलिनी भाउज्यू

**ए**घार बजिसक्दा पनि जताततै टम्मै कुहिरो लागेको थियो । बस स्टपमा शनिबार भएर होला, पशुपतिको दर्शन गर्न जाने यात्रुहरूको भीडले गर्दा खुट्टा टेक्ने ठाउँसम्म पनि थिएन । शनिबार ढिलोसम्म सुत्ने बानी भएर पनि म त्यो दिन पशुपति जाने आफ्नो परिवारिक टोलीमा सम्मिलित भएको थिएँ । सधैं एक ढड्डी भएर आफ्नो कुरामा अडान लिए पनि कहिलेकाहीं त स्वास्नीको संवेदनशीलतालाई विचार गर्नैं पर्‍यो नि ? नास्तिक नभए पनि बाध्यता जस्तै गरी जानुपर्दा मलाई देवस्थान गएर पनि के पो पुण्य मिल्ला र भन्ने लाग्थ्यो । तर यी सब कुरामा स्वास्नीसँग बहस गर्नु नै बेकार थियो ।

म जाडोले स्यू स्यू गर्दै दुवै हात पाइन्टको खल्तीमा राखेर बसस्टपमा टँछाडमछाड् गर्दै बसभित्र पस्न र बसबाट ओर्लन मस्त रहेका यात्रुहरूको भीडलाई हेर्दै थिए । अनायास छेउमा एउटा परिचित अनुहार देखें । मुखभरि जबर्जस्ती राम्री बन्ने इच्छाले पाउडर पोतेकी भद्दा देखिने गरी लिपिस्टिक दलेकी, आधा काटेको कपालको एक गुच्छा अगाडि ल्याएकी र रातभरि नसुतेको रक्स्याहाको फुलेको अनुहार झैं देखिने त्यो अनुहार नलिनी भाउज्यूको नै थियो ।

नलिनी भाउज्यूको मेरो जीवनको कायापलट गरिदिएकी थिइन् । उनकै कारणले गर्दा मैले पढाइको विषय नै बदल्नुपरेको थियो । बीस वर्षअघि नलिनी भाउज्यूसँग मेरो भेटघाट भएको थियो । मेरो जीवनका ती अल्लारे दिनहरूमा नलिनी भाउज्यू आँधी जस्तै भएर पसेकी थिइन् । म बिग्रिएँ कि सप्रिएँ, उनको संसर्गपछि भन्ने कुरा त अझै म र मेरो बाबुबीच विवादस्पद न छ । उहाँका भनाइमा साइन्स पढ्न छोडेर म बिग्रिएको नै थिएँ ।

नलिनी भाउज्यूको बिहे हुनासाथ उनका पति दिलबहादुर दाइ विदेशमा पढ्न गएका थिए । भर्खरै बिहे भएको, त्यसमाथि पनि उन्नाइस बीस वर्षको फुट्दो जवानीमा लोग्नेलाई वर्ष दिन बाहिर जाने अनुमति दिंदा उनी रातरातभर रोएकी थिइन् रे ! म उनको घरमा डेरा हेर्न जाँदा दिलबहादुर दाइ हिंडेको एक महिना भइसकेको थियो । घरमा तरूनी बुहारी भएकीले सासूससुरालाई घर भाडामा दिने इच्छा थिएन रे । तर मलाई डेरा खोजिदिने वैद्यबा उनीहरूका आफ्नै मानिस थिए । त्यसमा पनि म उमेरका हिसाबले पनि नपत्याउँदो र हेर्दा पनि साह्रै लुरे देखिने भएकोले उनीहरूले सहमति दिएका थिए । नलिनी भाउज्यू दुई पटक म्याट्रिक फेल भइसकेकी रहिछन् । डेरा दिंदा उनीहरूको एउटा शर्त थियो– मैले उनलाई पढाइदिनुपर्ने डेरा नपाइने र पाए पनि भाडा र अरू दृष्टिले आफूलाई उपयुक्त नहुने हुँदा मैले इच्छा नभए पनि पढाइदिने शर्त मानेको थिएँ ।

नलिनी भाउज्यू बेलुकी कापी किताब च्यापेर मेरो कोठामा आउँथिन् । ससुरा मेरा कोठाभित्रको बार्दलीमा उङ्दै तमाखु तानिरहन्थे भने सासु सङ्घारबाहिर लाल्टिनको उज्यालोमा बत्ती कातेर कुरिरहन्थिन् । तर यो काम धेरैदिन चलेन, किनभने थोरै दिनमा नै बूढाबूढी मेरो बानी बेहोराले रिझिएका थिए । अनि नलिनी भाउज्यू मात्रै आउने गर्न थालिन् । त्यो परिवारको

सबैजनाले मलाई माया गर्न थालेका थिए । नलिनी भाउज्यू त नाईं नाईं भन्दा पनि मेरो लुगाफाटाहरू धोइदिने र घरमा पाकेका खाने कुरा ल्याउने गर्थिन् ।

नलिनी भाउज्यूको धप्धपाउँदो जवानी देखेर, उनी भित्रबाहिर गर्दा टोलका भाँडिएका केही केटाहरू उनलाई छेडखान गर्ने, बाटोमा एक्लै देख्दा घच्चा मार्न खोज्ने गर्थे रे ! कोहीकोही त मलाई पनि ईष्यालु दृष्टिले हेर्दै खाउँला झैं गर्थे । एकाध पल्ट उनीहरूले मेरो सम्बन्धमा चसक्क बिझ्ने गरी भन्ने गर्थे– "ए चन्द्रे ! बुझिस् त्यो लुरे बाहुन म्याट्रिक पास भइसकेको रहेछ ।"

"गुरूज्यूको सन्तानले त्यसलाई के देखेर डेरा दिएका होलान् ।"

"गुरूज्यूकी बुहारीले त त्यल्लाई पेटीकोटभित्र छोप्दी हो ।"

"एकपल्ट त्यल्लाई बेस्करी चुटौं न ।"

यस्ता कुरा भन्दै उनीहरू गलल्ल हाँस्थे । अरूभन्दा पनि, बिनाकाम ती उद्दण्ड ठिटाहरूको गोदाइ खाइएला भनेर म त्रस्त हुन्थें । बाध्यतावश मलाई उनीहरूको व्यवहारप्रति सहनशील हुनुपरेको थियो । अनि बिस्तारै विरोधाभास रहित आनीबानी देखेर उनीहरूले मलाई वास्ता गर्न छोडे । सायद उनीहरू मबाट टाढा हुने कारण अर्को पनि थियो– मलाई यदाकदा साइकलमा छोड्न आउने मेरो एउटा सहपाठी तिनताक काठमाडौंभरि नै कुख्यात बदमाश थियो ।

उता नलिनी भाउज्यूको मिजास बदलिँदै थियो । उनी मलाई बराबर यस्ता छेडखान गर्थिन्–

"ए तिमी त ठूलो खसी नखाएर पो यति दुब्लो भएको ।"

"भोलिपर्सि कसरी स्वास्नी सुमर्छौ हँ !"

"तिम्रो क्लासका केटीहरू त तिमीलाई कति खिज्याउने गर्लान् हगि ?"

नलिनी भाउज्यूका यी कुराहरूको म केही जवाफ दिन्नथें । अनि बिस्तार बिस्तार धारामा नुहाउन जाँदा अर्थात् कौसीमा घामताप्न बस्दा दायाँ बायाँ कोही नभए उनी नजानिदो किसिमले आफ्ना अङ्ग प्रदर्शन गर्ने गर्न थालिन् । कहिले ब्लाउजको टाँक खुलै छाड्ने, कहिले खुट्टा तन्काउने निहुँले तिघ्रासम्म धोती सार्ने र कहिले ढाडमा कन्याइदेऊ न भनेर टाँस्सिन आउने पनि गर्न थालिन् । सासूससुरा सुतेपछि सलाई माग्ने निहुँ थापेर नलिनी भाउज्यू पेटीकोटले वक्षस्थल छोपेर अरू कुनै लुगा नलगाई मेरो ढोका ढकढकाउन आइपुग्थिन् । अनि म पनि धेरैजसो क्लास छोडेर डेरामा नै बस्न थालें । बूढाबूढीले सोधे भने म जाँच आएकोले घरमै बसेर पढ्ने गरेको भनिदिन्थें । ससुरा ज्यासलतिर लाग्थे, सासू धेरैजसो स्वयम्भूमा पूजामा जान्थिन् । अनि नलिनी भाउज्यू उन्मत्त भएर मेरो कोठामा पस्थिन् ।

"छि ! यो उज्ज्वल भाइले के विधि पसिना काढेको ?" नलिनी भाउज्यू मलाई दुवै हातले च्याप्दै भन्ने गर्थिन् । यसरी दस महिना बितेको पत्तै भएन । दस महिनामा म एक महिना पनि कलेज गइन हुँला । नलिनी भाउज्यूले आफ्नो प्यास बुझाउन सकिन् कि सकिनन् त्यो त म भन्न सक्दिन तर उनको सङ्गतले मैले भने आफ्नो पढाइ भने पूरै बर्बाद गरें ।

"तिम्रा यी तिघ्रामा कहिले मासु भरिएलान् उज्ज्वल भाइ ?" नलिनी भाउज्यू मलाई अँठ्याउँदै भन्ने गर्थिन् । हुन पनि म ज्यादै नै दुब्लो थिएँ ।

"कति साना हात एक फेरो मार्न पनि सक्दैनौ ।"

"के गरूँ त अब, आफूलाई द्यौताले दिएकै यस्तो !" मलाई कहिलेकाहीं ग्लानि अनुभव हुने गर्थ्यो । हुनत नलिनी भाउज्यूले होच्याएर भनेकी थिइनन् ।

अनि एक दिन दिलबहादुर दाइ फर्के । उनी रातापीरा र हँसमुख थिए । उनी फर्केपछि नलिनी भाउज्यूको खुशीको सीमा थिएन । दिलबहादुर दाइ निकै रमाइला र बोलक्कड पनि थिए । मलाई जिस्क्याइजिस्क्याइ उनले रक्सी पिउन सिकाए । तर उनी फर्केपछि नलिनी भाउज्यूको व्यवहार बदलिँदै गयो । एक दिन धारामा मैले पूर्ववत् उनको वक्षस्थल निर्वाङ्ग पार्न खोज्दा उनले मलाई गालामा एक थप्पड हिर्काइन् । त्यसपछि मलाई अरू साहस नै उब्जेन । हिजोकी नलिनी भाउज्यूलाई बिर्सन बाध्य हुनुपर्‍यो ।

एक पटक कलेजबाट छिटो फर्केकोले म कौसीमा उक्लेको थिएँ । नलिनी भाउज्यू र छिँडीमा नयाँ बस्न आएको डेरावाल आलिङ्गनबद्ध भइरहेका रहेछन् । आधा भर्‍याङ उक्लनासाथ म असमञ्जसमा परेँ । मलाई देख्नासाथ नयाँ डेरावाल लुरुक्क नबोली तलतिर लाग्यो ।

"तँ काठालाई कसले कौसीमा आउनु भन्यो ? भोलि नै निकालेर पठाइदिन्छु अनि !" नलिनी भाउज्यू गर्जिइन् ।

"म के थाहा पाउँ त, यहाँ यस्तो क्रीडा भइरहेछ भन्ने ।"

बर्ता बोलिस् भने म लोग्नेलाई भनेर तँलाई... ।"

अनि म आफ्नो कोठामा फर्कें । भोलिपल्टै नयाँ डेरावाल अन्तै सरेर गयो । म पनि नयाँ डेरा तलास गर्ने तरखर लागेँ । मेरो कोठाको ठीक एक तल्लामाथि दिलबहादुर दाइ र नलिनी भाउज्यू सुत्थे । एक रात मैले नलिनी भाउज्यू सुँक्क-सुँक्क गर्दै केही भनिरहेको सुनेँ कौतूहलतावश आफ्नो ढोकानिरबाट कान थापेर बसेँ ।

त्यसलाई उठाएर पठाउनुपर्‍यो है ! हेर्दा मात्र मरीचे हो त्यो, मलाई तपाईंहरू कोही नभएको बेला घरमा एक्लै बस्न पनि डर लाग्छ । अस्ति त लुगा फेर्न लाग्दा पनि ट्वाल्ल हेरिरह्यो । धारामा पनि म हुँदा पनि नाङ्गै हुँला जस्तो गर्छ ।"

"उठाउनुपरे उठाउँला । तर मलाई त मानिस बेसै लाग्छ । त्यस्तो केही भए त म नहुँदा पनि त हुनुपर्ने ! बाआमा पनि राम्रै भन्नुहुन्छ ।"

"जेसुकै गर्नोस् । कोही नभएको बेला मलाई हात हाल्यो भने नि !"

नलिनी भाउज्यूको कुरा सुनेर म छक्क परेँ । एकमन त माथि उक्लेर भण्डाफोर गरिदिउँ जस्तो पनि नलागेको होइन । तर त्यसबाट आफूलाई उल्टो असर पर्ने सम्झेर चूप लागेँ ।

दुई महिनापछि मैले त्यहाँबाट डेरा अन्यत्र सारेँ । अनि जीवन अर्कैतिर मोडियो । परिवारसँग मनमुटाव, पढाइमा असफलता, आर्थिक समस्या र अन्ततोगत्वा बिहेपछि जबर्जस्ती लादिएको थप बोझले गर्दा म थिलथिलो हुँदै गएँ । नलिनी भाउज्यूसँग पनि कहिल्यै देखादेखासम्म पनि भएन । आज अकस्मात् उनलाई देख्दा मलाई आफ्नो पूर्वस्मृति ताजा भएको अनुभव भयो ।

एक छिनमा हाम्रो अगाडि भीमकाय बस आएर उभियो । अरू यात्रुहरूसँगै हामी पनि बसभित्र चढ्यौं । आफ्नो क्षमता भन्दा झन्डै तीन गुना यात्रु कोचेर एकातिर आधा लच्केको बस गन्तव्य

स्थानतिर जाँदे थियो । हामी उभिएको ३/४ फीट पर एउटा छेउको सीटमा नलिनी भाउज्यू बसेकी रहिछन् । उनको अनुहारमा कुटिल हाँसो थियो– मसँग चार आँखा हुनासाथ ।

“नचिनेको मलाई उज्ज्वल बाबु !”

“को नलिनी भाउज्यू ?” मैले जबर्जस्ती कृत्रिमता व्यक्त गर्दै जवाफ दिएँ ।

“बाबु यता आऊ ।” मसँग च्यापिएर उभिएको मेरो छोरालाई सङ्केत गर्दै उनले भनिन् । एक पटक मेरो मुखमा पुलुक्क हेरेर सहमति पाएपछि मेरो छोरो हाम्फाल्दै नलिनी भाउज्यूको काखमा पुग्यो ।

“अनि भाउज्यू सञ्चै त ? दिलबहादुर दाइ कता नि ?”

“हामी छुट्टिइसक्यौं, खै यतै हुनुहोला नि ।” नलिनी भाउज्यूले अमिलो मुख लगाएर जवाफ दिइन् ।

नसोध्नुपर्ने प्रश्न सोधिएछ भनेर मलाई खिन्न अनुभव भयो ।

“लौ त उज्ज्वल बाबु मेरो त ओर्लने ठाउँ पनि आइपुग्यो ।” भन्दै नलिनी भाउज्यू बसभित्रको घुइँचो छिचोलेर निस्किइन् । दिलबहादुर दाइ र नलिनी भाउज्यू किन छुट्टिएछन् भन्ने कौतूहलता भयो मलाई । नलिनी भाउज्यूको चरित्रले गर्दा उनीहरूको सम्बन्धविच्छेद भएको होला भन्ने लख काटें । त्यसपछि नलिनी भाउज्यूको कतै प्रसङ्ग नउठेकोले उनलाई बिर्सें ।

केही दिनपछि आफ्नै कामले पुरानो डेरा भएको टोलमा जानुपर्‍यो । सडकको शिवमन्दिर जीर्णोद्धार भइसकेको रहेछ । त्यसको अगाडि भएको पुरानो घरको ठाउँमा चारतल्ले भव्य एवम् विशाल घर ठडिइसकेको थियो । पहिले मलाई तर्साउने त्यो टोलको उद्दण्ड केटो त्यहीं घरमा दैनिक उपयोगका सामान बिक्री गर्ने पसले भइसकेछ । उसले मलाई देख्नासाथ हात उठाउँदै भन्यो– “अहो उज्ज्वल भाइ, आफ्नो पुरानो टोल बिर्सेको ?”

“किन बिर्सन्थें ! सञ्चै हुनुहुन्छ ?”

“आउनुहोस् न, कमसेकम एउटा कोक त पिउनुहोस् ।”

मलाई कोक पिउने इच्छा नभए पनि नलिनी भाउज्यू र दिलबहादुरको कुरा जान्ने कौतूहलले गर्दा म एउटा स्टूल तानेर बसें ।

“अनि कता नि हिजो आज ?”

“केही समय बाहिरै थिएँ । अहिले पाँच छ महिना भयो काठमाडौंमा नै छु ।”

“ए !”

“दिलबहादुर दाइ कता छन् नि ?”

“भो कुरै नगर्नोस्, झुक्याएर बिहे गरेछन् नलिनीसँग । पहिले त थाहा थिएन क्यार, तर पछि पढेर फर्केपछि लोग्ने नपुसंक भएको कुरा नलिनी भाउज्यूलाई पनि थाहा भयो । अनि त के ? लगाम नभएको घोडा झैं खुलेआम उनको चर्तिकला सुरू भयो । पहिले त आफू पनि अल्लारे भएर लागियो । पछि त टोलै गह्नाउन थालेको थियो । तै तै नापीको एउटा अमिनले लिएर गयो । अहिले उसले पनि छोड्यो रे ।”

“दिलबहादुर दाइ नि त ?”

"उनी पनि कुनचाहिँ बाबाको चेलो भएर निस्केको दस वर्ष भयो ।"

"ए गजब भएछ !"

"डिल्लीबजारमा बसेकी छन् रे, जानोस् न तपाईं त पुरानो मानिस ।" पसलेले मलाई व्यङ्ग गर्दै भन्यो । त्यतिन्जेल मैले कोक सिद्ध्याइसकेको थिएँ । कोकको आतिथ्यको लागि धन्यवाद दिँदै म आफ्नो घरतिर लागें । मलाई नलिनी भाउज्यूको अरू इतिहास सुन्ने चाख पनि भएन । ■

# आफ्नै गाउँमा फर्कंदा

**मै**ले घर छोडेर हिंडेको दश वर्ष बितिसकेछ । कति विरक्तिएर हिंडेको थिएँ म ! आफ्नै अल्लारेपन त थियो नि ! घर छोड्दा त कताकता आत्महत्या पो गरूँ कि भन्ने ग्लानि पनि थियो । तर बाँचेर केही गर्ने र गाउँलेहरूका अगाडि फेरि शिर ठाडो पारेर जाने महत्त्वकाङ्क्षा पनि नभएको होइन । गाउँ सम्झनासाथ थकालीको कसाही जस्तो अनुहार, राक्षसनी जस्तै व्यवहार गर्ने दामोदर काकाकी आमा, ढोक्से जस्तै भएर मोटाएकी सीताराम पण्डितकी छोरी, पानी पँधेरा र चौतारीतिर ठन्ठन् गर्दै सबैसँग आँखा लडाएर हिंड्ने चाउरे दमैकी छोरी जुनेली सबैका अनुहार अनुहार आँखाअगाडि नाच्न थाल्थे । अनि दिनभरि बाह्रमासे खेलेर साँझमा घर पस्नासाथ नलीले आमालाई बित्थामा पिट्न थाल्ने मेरा दिवङ्गत बाबु र जति पिटाइमा परे पनि एक शब्द नबोल्ने सहनशक्ति भएकी मेरी आमाको मायालु अनुहार पनि अगाडि आउँथ्यो । मेरा बाबुले आफ्नो सम्पूर्ण जीवन नै हुलाकी भएर सेवानिवृत्त भएका थिए । तर मलाई पढाउने, लेखाउने र ठूलो मान्छे बनाउने उनको सपना थियो रे ! म भने बल्लबल्ल आई. ए. सम्म पढेर गाउँकै स्कूलमा मास्टर हुन पुगेको थिएँ ।

जुनेलीले चौतारीमा जम्मा भएका गाउँलेहरूको अगाडि आफूलाई फकाएर भुँडी बोकाएको भनेर पोल्दा बिचरा बूढाबूढी लाजले पानी पानी भएका थिए । आमा सधैं मलाई बिहे गरेर घरको काम सघाउने बुहारी ल्याई ढुक्क हुन चाहनुहुन्थ्यो रे ! तर म बेग्लै थिएँ । न मलाई गाउँमा मास्टर भएर सारा जीवन त्यहीं सडाउने शौख थियो, न त कुनै दाउरीलाई घरभित्र हुलेर एक दर्जन छोराछोरीद्वारा भ्याइङ्गलभुङ्गल भएर चालीस नपुग्दै कपाल फुलाउने इच्छा थियो । म हुन पनि त्यतिबेला उन्नाइस वर्षको त थिएँ । तीन कोस हिंडेर कलेज पढ्न जानुपर्दा पनि मलाई थकाइ लाग्दैनथ्यो । उता सहरमा कपडापसलेको छोरी सुमनासँग आँखा झिम्क्याउन पुग्थें त घर फर्केपछि जुनेलीका पुट्ठामा मौका पाउनासाथ प्याट्ट हिर्काएर चम्पत हुन्थें । त्यो मोरी कपडापसलेकी छोरी पनि साँच्चिकैकी मायालु थिई । उसलाई क्लासमा पढ्न खास चाख पनि थिएन । मौका पायो कि क्लासका सहपाठी बोलाएर घरमा गफ् चुट्ने, अनि बाबुसँग लाडिएर पैसा झारी सिङ्गारपटारका सामान किन्ने उसका लागि सामान्य कुरा थिए । ऊ मसँग क्लासमा नोट गरेको कापी माग्थी, अनि फर्काउँदा बीसतीस रूपियाँको नोट हालेर दिने गर्थी । मलाई वास्तवमा खर्चको अलि सकस न थियो, त्यसैले न चुपचाप लिन्थे र आँखाको भाकामा उसलाई धन्यवाद पनि दिने गर्थे । अर्कोतिर जुनेली भञ्ज्याङ झर्ने दोबाटोनिर छेकाटो लागेर कुरेर भए पनि दुईचार रूपियाँ हातमा हालिदिने गर्थी । बाबुले त मलाई पाईपाई हिसाब गरेर दिनको पचन्नीभन्दा एक कौडी कहिल्यै छिराएनन् । आमा बिचरी चोखो मायासिवाय केही दिन सक्ने स्थितिमा थिइनन् । हप्तैपिच्छे म सदरमुकामतिर चामल र पुस्तकको झोला भिरेर निस्कने बेला आँखाभरी आँसु लिएर दैलोमा उभिन्थिन् ।

मेरा बुबा अलि कडामिजासका हुन् तर मलाई त्यत्ति माया नगर्ने पनि होइनन् । रिस उठेका बेला भने उनी आगो हुन्थे । मैले जुनेलीसँग बोलेको हिंडेको उनलाई चित्त बुझ्दैनथ्यो । उनी प्रायशः गर्जिने गर्थे– “पाजी, त्यस्ता मतवालीकी छोरीसित आँखा लडाएर हिंड्छ । थुक्क !”

अनि निहुरिएर बसेकी मेरी आमातिर हेर्दै अझ मुख बिगार्दै भन्ने गर्थे– "जस्तो बोट उस्तै फल न हो ।" मानौ ममा उनको आफ्नो कुनै अंश नै छैन जस्तो गर्थे उनी । बाबु किन आमालाई यस्तो व्यवहार गर्छन् भन्ने मलाई पनि थाहा थियो । दामोदर काकाकी आमाले मेरी आमाको कुरा कसलाई भन्न बाँकी राखेकी थिइन् र– "ए ! त्यो हुलाकीकी स्वास्नी ? त्यसलाई त ठाडोखोलाको घटेरोसँग सुतेको मैले देखेकी ! मेरा आँखा अझै फुटेका त छैनन् नि । त्यो घटेरोलाई बर्खामा दह फुटेर बाढीले नबगाएको भए के के हुन्थ्यो हुन्नि । हुलाकी सोझो छ विचरा, एक शब्द बोलेन ।"

मैले पहिला पटक यो कुरा आफू दश वर्षको हुँदा सुनेको थिएँ । तर आफ्नी आमाको कुरा कसरी सोध्ने ? कसलाई सोध्ने ?

आमाको एउटा ठूलो गुन थियो मलाई मन पर्ने सबै कुरा आमालाई मन पर्थ्यो, जुनेली पनि मन पर्थी । ऊ मेरो बाबु तास खेल्न हिँडेपछि आमाकहाँ गफ छाँट्न आउने गर्थी ।

"तँ पनि पढ्न जान्छु भन् बाबुलाई बाबै ! नौ क्लास पढिहालिस्, सदरमुकाममा सानीमाका घरमा बसेर पढे त भइहाल्यो नि"– मेरी आमा उसलाई भन्ने गर्थिन् ।

"सानीमाको घरमा म जान्न बा ! दिनरात रक्सीले मात्तिएका मानिसहरूको चोटाकोठा गरिरहन्छन् । म अस्ति जाँदा एउटा खरदार हो कि को हो ले भऱ्याङमा मेरो हात समातेर छोड्दै छोडेन । अनि मोरालाई बेस्करी टोकिदिएँ । तैपनि मेरो हात उठाएर छातीमा समाएपछि त मेरो त हातखुट्टा नै चलेन । पछि सानाबाले माथि पुऱ्याइदिए ।"

गोठको पर्खालपछाडि लुकेर म उनीहरूका कुरा सुन्दै थिएँ । जुनेली अलि बढ्तै छिचरी थिई। त्यस्ता कुरा पनि मेरी आमालाई किन भन्नुपरेको हो !

त्यसपछि चुनावको बिदामा म गाउँमा मास्टर भएर आउँदा पनि जुनेली मेरो वरिपरि घुमिरहने नै गर्थी । मेरो सदरमुकाम गएर पढ्ने त निहुँ मात्रै थियो । एक वर्षमा सुमनासँग पढाइभन्दा अरू धेरै अल्लारे कुरा सिकिसकेको थिएँ । त्यसको प्रयोग म जुनेलीलाई गर्ने ताकमा थिएँ । ऊ भने सबै माला बुन्ने काम सकिनासाथ मलाई एक घुच्चा हानेर भाग्थी । उमेरले पनि एकदुई वर्ष जेठी र शारीरिक रूपमा पनि हृष्टपुष्ट जुनेलीले मलाई के सम्झँदी होली कुन्नि ? सुमना र जुनेलीको बानी आकाश-जमीन झैँ थियो । सुमनाले पानी परेको निहुँ गरेर मेरो डेराभित्र पसेकी, अनि गिज्जिएर, तर्सिएर र लोभ्याएर मलाई ऊसँग सुत्न बाध्य गराएकी थिई । म पुराणको विश्वामित्र त थिइनँ, तर सदरमुकामको साहू, पैसावाल र पैसाले गर्दा प्रतिष्ठित बनेका सुनबहादुरको पनि त डर थियो नि ! सुमनाका लागि पनि बाबुका पसलमा कपडा च्यात्न बसेका कामदारभन्दा त म अलि सुग्घर, सफा र कलिलो भए पनि अलि फुर्तिलो थिएँ । शारीरिक आकर्षण भन्ने कुरा पनि गजबै हो । सुमना सधैँ मेरो पीछा गरिरहेकी थिई, म ऊप्रति कृतज्ञ पनि थिएँ किनभने कलेजमा चिटिक्क परेर जान कमीज, पाइन्ट, जुत्ता आदि मेरा बाबुले बेहोर्न सक्दैनथे । तर मेरा बाबु जुनेली जस्ती मतवालीकी छोरीसँग लागेको पनि सहन गर्न सक्दैनथे । मेरो उमेरै पनि के थियो र ! तैपनि उनका सशंकित आँखा मेरो अगिपछि दगुरिरहेका हुन्थे ।

आफ्नो लामो बिदा मैले खेर फालिनँ । जुनेलीलाई एक दिन महादेवस्थानको पाटीमा लगिछोडें । तर त्यहाँबाट फर्कंदा जुनेलीका कुरा सुन्दा मलाई भाउन्न भएको थियो ।

"तिमी लोग्नेमानिसहरू कस्तो मरिमेट्छौ ? त्यो अस्ति आएको चुरौटेले पनि यस्तै गरेर एक दर्जन चुरा लगाइदिन्छु भन्दाभन्दै यहीं ठाउँमा ल्याएर... । थोत्रो सुकुलको डाम आफ्ना आङ्मा कति दिनसम्म बसिरहन्छ !"

मैले मनमनै चुरौटेसँग पनि सुत्न सक्ने त्यस्ती आइमाईलाई पटयाउँदा "के के गरें भन्ने सम्झने" भनी आफैंलाई धिक्कारेको थिएँ ।

"त्यो चुरौटे मोराका आँखाचाहिं त चौपट्टै राम्रा थिए । तीजमा फेरि राम्राराम्रा चुरा लिएर आउँछु भनेको छ ।" जुनेली आफ्नो निर्लज्जतालाई अझ उदाङ्ग पार्दै थिई ।

केही महिना नबित्दै त्यस्ती जुनेलीले त्यत्रो गाउँलेहरूको हूलमा मलाई औंला ठड्याएर भनेकी थिई– "त्यो भुँडी त्यो आसत्ती रमेशको हो ।"

"को रमेश ? त्यो मास्टर ? त्यस्ता मानिस मास्टर हुन्छन् अनि हाम्रा केटाकेटीले के राम्रा कुरा पढ्लान्, सिक्लान र सद्गति पाउलान् ? भन्दै सारा गाउँलेहरूले मलाई थुकेका थिए ।

"यसले अब नस्याहारी सुख पाउँछ ?" सबैको एउटै आवाज थियो ।

"जुनेली त चुरौटेसँग पनि सुतेकी थिई !" भनेर गाउँलेहरूको अगाडि उसको पोल खोल्ने साहस मैले जुटाउन सकिनँ । मेरी आमाले जुनेलीलाई डोऱ्याएर घर ल्याइन् । बाबु त्यो रात निस्केका फेरि घर फर्केनन् । भोलिपल्ट, पर्सिपल्ट पनि फर्केनन् । म बाबुलाई खोज्न आमालाई सम्झाईबुझाई गरेर सदरमुकामतिर लागें । तर बाबुले गाउँमा आफ्नो बेइज्जती सहन नसकेर ठाडोखोलाको भीरको आश्रय लिई अन्तिम सास फेरेछन् । दुर्गन्धपूर्ण र क्षतविक्षत भएको बाबुको लाशको अन्तिम संस्कार गरेर म घर फर्केको थिएँ । बिचरालाई जीवनभर हुलाकी भएर पनि आफ्नै किसिमको मर्यादामा बस्ने रहर थियो । छोराको क्षणिक कामपिपासाले त्यो रहर पुग्न दिएर । मैले हज्जारौंपटक आफूलाई धिक्कारेको थिएँ । आमाको त झन् बेहाल थियो । आफूलाई धिक्कार्नेसिवाय अरू केही उपाय पनि बाँकी थिएन । बाबुको मृत्युको जिम्मेवार वास्तवमा म नै थिएँ।

"जुनेली गएको कति दिन भयो ? बाबुकै घरमा बस्छे कि क्या हो ?" आफू गाउँ फर्केको केही दिनसम्म जुनेली नफर्केपछि मैले आमालाई सोधेको थिएँ । ऊ बाबुको काजक्रियामा पनि आएकी थिइन ।

आमा घुँक्क गर्दै थिइन् ।

"तँलाई थाहा छैन ?"

"अहँ !"

"तँ सदरमुकाम गएको दुई दिनपछि नै सुँगुरको मासु खान मन लाग्यो भनेर बाबुका घर गएकी थिई, अनि कुनचाहिं चुरौटेसँग पो भागी रे !"

त्यसको भोलिपल्टै मैले पनि गाउँ छोडेको थिएँ । तर जुनेली हिंडी भनेर होइन । गाउँलेहरूले जुनेली भागेकी कुरामा पनि मेरी आमालाई दोष दिएका रहेछन् । त्यत्तिका धेरै कुरा गुमाइसकेपछि मलाई त्यो परिवेशमा बाँच्ने इच्छा नै भएन । म आत्महत्या गर्न निस्केको थिएँ । विगत दश वर्षमा कतिपटक आत्महत्या गर्न खोजें । तर अझै जीवित छु । निराश भएर पनि मैले जीवनका राम्रा-

नराम्रा धेरै कुरा जानें । किन हो कुन्नि दश वर्ष विदेशिएपछि मलाई आफ्नो गाउँमा जाने इच्छा फेरि जागृत भएर आएको थियो ।

सदरमुकाममा मैले पढ्ने गरेको कलेज भव्य भइसकेको रहेछ । सफा, चौडा र पक्की सडक, बिजुली सबै आइसकेछन् । सुमनाको बाबुको कपडा-पसल भएको ठाउँमा चार तल्लाको ठूलो घर बनेछ । म त्यतैतिर लागें । तर पसल त अर्कैको पो भएछ ।

"यहाँको पुरानो कपडा-पसले साहू कता गए दाइ ?"

"नयाँ-पुरानो किन चाहन्छ ! हाम्रो दुकानको माल राम्रो छ लग, राम्रो छैन नलग, कोनै कुरा छैन !" एउटा धस्मरधूस देखिने मानिसले झर्केर जवाफ दियो । त्यत्तिकैमा घुम्टो हालेकी अलि मोटी आइमाई पसलको भित्री कोठाबाट निस्केकी देखें । हिँडाइ पारिचित लागेर हेर्छु त सुमना पो रहिछ। ऊ कुनै मुन्नाकी आमा पनि भइसकिछ ।

"ए तिमी मुन्नाको ख्याल गर ल, मोटरबाट निस्कन मुस्किल पर्छ उसलाई ।" मसँग झर्केर बोल्ने पसले भन्दै थियो । सुमनाले मलाई तलदेखि माथिसम्म हेरेर मुसुक्क हाँसी र आफ्नो लोग्नेलाई भनी– "रमेश, हाम्रो दाजुभाइजस्तै, सँगै पढेका हामी ।"

"ठीक छ ठीक छ, तिमी जाऊ । म कुरा गर्छु, उता, रामबहादुर बजारमा कुरेर बसिराखेको छ।" ऊ सुमनालाई छिटो त्यहाँबाट पठाउन चाहन्थ्यो ।

सुमनाको लोग्नेसँग एक छिन गफ गरेर फेरि आउने कुरा गरी म आफ्नो गाउँमा जाने बसस्टपतिर लागें ।

गाउँमा पनि धेरै परिवर्तन भइसकेको थियो । परिचित ठाडोखोला सुकेर नामनिशानै थिएन । सडकको दायाँबायाँ देखिनेससाना काइँया र पैयूँका रूखबाहेक सर्वत्र नाङ्गै थियो । दश वर्षमा कस्तो भएछ ? नयाँ नयाँ घरहरू भने जतातततै देखिन्थे । नयाँ स्कूल भवनहरू, रेडक्रसको चिह्न देखिन ससाना हेल्थपोष्टका घरहरू, प्रत्येक तीस चालीस गजमा चियापसल, सार्वजनिक चौरमा पनि झुप्राहरू देखिन्थे । पेटीमा फूल रोप्न ठाउँ बनाइएका, तर फूल फुलेका थिएनन् ।

बसबाट ओर्लेर गाउँतिर लागें । मेरो घर भएको ठाउँमा अर्कै टहरो बनेको देखेर आमालाई झलक्क सम्झें । दश वर्षसम्म खोज खबर समेत नगरी बसेको थिएँ । त्यसैले आमाको अगाडि पर्ने साहस पनि बल्लतल्ल नै जुटाउनुपर्थ्यो । बिचरीले कस्तो छोरो जन्माइछन् !

"यहाँ त हुलाकीको घर थियो नि !" मैले एउटी बाटो हिँडिरहेकी अधबैंसे आइमाईलाई सोधें । परिचित त्यस अनुहारलाई देखेर झसङ्ग भएँ । उसले मलाई तलदेखि माथिसम्म हेर्दै गहभरी आँसु लिएर भनी– "को रमेश भाइ ? त्यहाँ बुद्धिमान थकाली र वनवारीलाल भन्ने मिलेर कुन्नि के कारखाना खोलेका छन् । तिमी गएपछि आमा कति पीर गर्नुहुन्थ्यो ।" ऊ सीताराम पण्डितकी छोरी थिई । तर पहिले जस्ती मोटी र कुरूप देखिन्नथी । त्यतिबेला म सधैं उनलाई देख्नासाथ भाग्थें ।

"अनि अहिले यहाँ कहाँ त आमा ?"

उसले आमाको इतिहास सुनाई ।

आमा बित्नुभएको पाँच वर्ष भइसकेछ । गाउँमा आएर आफ्नै आलो आलो घाउमा नून छर्कन आएझैं मलाई लाग्यो । म दायाँ बायाँ नहेरी बसस्टपतिर हान्निएँ । मलाई आफ्नो घरजग्गा कसले

हडप्यो भन्ने सोच्नु पनि केही प्रयोजन लागेन । बसस्टप पुग्दा चारपाँच जना केटाकेटीहरूले घेरिएर बसेकी एउटी माग्ने आइमाई देखें । परिचित झैं लागेर हेर्छु त जुनेली पो ! त्यत्तिकैमा बस आइपुगेकोले म बसतिर लागें ।

बस सदरमुकामतिर दगुरिरहेको थियो । म झ्यालबाहिर नाङ्गा डाँडा, फाटफुट बुटानहरू, पानी नभएर जर्जर भएका खेतका पाटाहरू हेर्दै जाँदै थिएँ । छुट्टी लिएर घर हिँड्दा कसरी बिदा थप्ने भन्ने चिन्ता थियो, तर अहिले स्वीकृत भइसकेको बिदा कसरी रद्द गराएर काममा जाने भन्ने पीर लागेको छ । दश वर्षपछि आफ्ना आत्मजनहरू भेटेर मनलाई कति हलुङ्गो पारूँला भन्ने मेरो सपनालाई मनभित्रै लिएर फेरि सहरको कोलाहलमा फर्कंदैछु, निरुद्देश्य र लक्ष्यहीन भएर ! ■

# भीड, भाषण र खुल्ला मञ्च

**ट**न्टलापुर घामबाट जोगिन म आज पनि सधैं झैं कपूरको रूखको छहारीमा बसेको छु । आज भाषण सुन्ने पनि खास इच्छा छैन, तैपनि तीन दशकसम्म त्यत्रो कष्ट सहेर, थिचिएर, पिसिएर बसी ज्वालामुखी झैं विस्फोटन भएको जनमानसको मुखबाट एउटै कुरा दोहोरिए पनि सुन्न बढी आनन्द हुने रहेछ । त्यसैले इच्छा, अनिच्छा जस्तो भए पनि प्रत्येक दिन जस्तो घरबाट निस्कन्छु र अनि सँधै जस्तो यही छहारीमुनि आएर घण्टौं बसिरहन्छु । खुला मञ्चमा बोल्न आउने प्रत्येक नयाँ अनुहारमा मलाई नयाँ उमङ्ग, उत्साह र आत्मविश्वास झल्किए झैं लाग्छ । यदाकदा वक्ताहरूको मुखबाट भद्दा गाली गलौजका शब्दहरू पनि निस्कने गर्छन् । तर त्यसको पनि आफ्नो किसिमको मिठास हुने गर्छ– मेरो मानवीय कमजोरी हो वा म किन हो त्यस्तो शब्द सुन्दा आनन्दको अनुभूति हुने अवस्थामा पुगिसकेको छु– म आफैलाई पनि थाहा छैन । तर कहिले कहिले खुला मञ्चमा यस्ता वक्ताले पनि स्थान पाउने गरेका छन् जसका हातको औंलाहरू म अझै रक्तरञ्जित देख्दैछु र जसको चिच्याहटमा मलाई यमदूतको हाँसो मिसिए झैं लाग्छ ।

त्यसबेला मलाई भाउन्न छुटेर आउँछ र उनीहरूको मुखबाट प्रजातन्त्रको परिभाषा, मूल्य र मान्यता म सुन्न चाहन्न । अनि म जुरुक्क उठेर अनिश्चित गन्तव्य स्थानतिर लाग्ने गर्छु । तर यस्ता घटना प्रत्येक दिन घट्ने गर्दैनन् । अघिल्लो हप्ता एक पटक म तीतो मुख र अमिलो अनुहार लिएर फर्केको थिएँ र त्यो प्रसङ्ग सम्झँदा म आवेशमा आउने गर्छु र मेरा आँखा क्रोधले राता न राता हुने गर्छन् । आज पनि मञ्चमा त्यही अनुहार थियो । त्यो वक्ताको अनुहारमा मलाई असङख्य शहीद भएका र घाइते सेनानीहरूको रगतको छिटाले भरिएझैं लाग्छ मानौं ऊ अझै आफ्नो अधिकार ढुकेर बसिरहेको छ र मौका पाउनासाथ घातक आक्रमण गर्ने ताकमा छ ।

यो कथाको पात्र एउटा त्यस्तो व्यक्ति हो जसको कुटिलताको कुनै सीमा छैन र जसलाई ब्वाँसो वा धूर्त स्याल जुनसुकै पनि उपमा दिन सकिन्छ । मेरो दायाँ-बायाँ बस्ने श्रोतागण तालीको गडगडाहटमा व्यस्त छन् । मैले ताली नबजाएको देख्दा उनीहरू मलाई आश्चर्यपूर्ण मुद्रामा हेरिरहन्छन् । उनीहरूमध्ये कोही त अझ मलाई प्रजातन्त्रविरोधी र यो अहिले आएको अभूतपूर्व परिवर्तनलाई मन नपराउने भन्नेसम्म पनि सोच्दा होलान् । तर कसैले केही भन्दैनन् । न त उनीहरूको अव्यक्त कौतूहलताको जवाफ दिन म आवश्यक ठान्छु । त्यो व्यक्ति अर्थात्... नाम नै किन लिउँ एउटा नक्कली नाम दिउँ, धूर्तप्रसाद, र मेरो जीवनको इतिहासको एउटा पाना हो । हाम्रो जीवन एक-अर्कासँग यति जेलिएको छ कि मलाई ऊसँग जति घृणा छ उसलाई पनि मेरो त्यत्तिकै डर छ । डर छ के भनूँ ? डर थियो, किनभने उसको विचारमा म मरिसकेको छु र मेरो परिवारकै नामोनिशान धेरै अघि मेटिइसकेको छ ।

उसको सोचाइमा केही हदसम्म सत्यता नभएको पनि होइन । ३६ वर्षअघि मेरो बाबुलाई उसले रूखमा उल्टोपारी झुन्ड्याएर भरूवा बन्दुकको शिकार बनाएको थियो, अनि उसले जबर्जस्ती बैधव्य लादिएकी विवश र बेसहारा मेरी आमालाई थुनछेक गरेर आफ्नो यौनपिपासा पनि शान्त पारेको थियो । म ५ वर्षको अबोध बालक भए पनि रातको निरीहतामा गुहार माग्दै चिच्याइरहेकी मेरी आमाको आर्तनाद सुन्न सक्दथें, हो, उनी किन रोइन् भन्ने चाहिं म बुझ्न सक्दैनथें ।

परिस्थिति र धूर्तबहादुर/धूर्तप्रसादको गिद्धले सिनु वरिपरि घुमे झैं घुम्ने दिनचर्याले गर्दा ममा यति छिटो प्रौढता आयो कि अहिले ३०/३१ वर्षको उमेरमा म आफूलाई एउटा जीर्ण शरीर थकित मन भएको वृद्ध झैं ठानिरहेको छु ।

मेरो बाबुको मृत शरीरको दाह-संस्कार भयो वा स्यालगिद्धले आफ्नो भोक मेटाउन लुछेर लगे मलाई थाहा छैन । न त मेरा इष्टमित्र र दाजुभाइ पर्नेहरूले नै कहिल्यै त्यो रहस्योद्‌घाटन गरे । तर त्यो भन्दा पनि मलाई आफ्नो बाल्यकालमा बिझ्ने कुरा अर्कै थियो– त्यस दिनदेखि अर्थात् मेरो बाबुको हत्या भएपछि मेरी आमाले मसँग धेरै बोल्नै छाडिदिइन् । उनका आँखाबाट सधैं बलिन्द्र धारा आँसु झरिरहेका हुन्थे, घर र खेतबारीको काममा पनि उनको इच्छा नभएको स्पष्ट हुन्थ्यो र उनी दैलामा बसेर म स्कूल गएको र स्कूलबाट फर्केको हेरेर बसिरहन्थिन् । धूर्तबहादुर/धूर्तप्रसादको डरले होला हाम्रो घरमा कुनै छिमेकी विरलै आउने गर्थे । मेलापात, पर्म जाँदा पनि मेरी आमालाई देख्नासाथ उनीहरू भयभीत र त्रस्त हुने गर्थे ।

तिनताका धूर्तबहादुर/धूर्तप्रसाद कागज र मसीदानी बोकेर हाम्रो घर धाइरहन्थ्यो । मलाई सम्झना छ– आमाले एक पटक उसको अनुहारभरि थुकिदिएकी थिइन् । अनि ऊ रीसले आगो भएर निस्केको थियो । यसरी दिन बित्दै गए, आमा सुक्दै गइन्, म पाको हुँदै गएँ र हामी दुई आमा-छोरा झन्झन् एक्लिँदै गयौं । अनि मैले मेरो बाबुको हत्या किन भएको थियो भन्ने कुरा पनि बुझ्दै गएँ ।

दश वर्षअघिको कुरो हो– एक दिन आमा एक्कासि च्याठि्ठदै घरभित्र पसिन् र मलाई अँगालोमा कसेर रून थालिन् । उनको रोदनमा कुनै नयाँपन थिएन, मैले जन्मेदेखि नै भने जस्तो उनको आँखामा आँसु नै डबडबाएको देखेको थिएँ । नयाँपन थियो त उनको च्याठि्ठनुमा थियो, मलाई आलिङ्गन गर्नुमा थियो । त्यो दिन झमक्क साँझ परे पनि मेरो बाल हृदयले एउटा नयाँ बिहानीको अनुभव गरेको थियो । आमाले मलाई धेरै बेरसम्म काखमा राखिरहिन् । त्यो दिनको आँसु अलि बेग्लै थियो, सायद हर्षाश्रु थियो । म जस्तो लाठे भइसकेको छोरालाई घण्टौं काखमा लिएर उनी किन रोइरहेकी थिइन्, मैले त्यसबेला बुझ्न सकेको थिइनँ ।

भोलिपल्टदेखि आमा बेग्लै भइन् । शारीरिक दृष्टिले जीर्ण भएको उनको शरीरमा नयाँ स्फूर्ति बढेको थियो । आश्चर्यको कुरा त्यस दिनपछि मेरो गाउँको प्रतिष्ठित कहलिएको, धनीमानी र राम्रो ओहोदा ओगटेर बसेको धूर्तबहादुर/धूर्तप्रसाद हाम्रो घरमा कहिल्यै आएन । मलाई देख्दा उसको अनुहारै फुङ्ग उड्थ्यो, अनि ऊ एउटा बहाना बनाएर तर्किने गर्थ्यो । यसरी १९ वर्षपछि मलाई लाग्यो वातावरणमा महत्त्वपूर्ण हेरफेर भएछ, रूखपातहरूमा नयाँ पालुवा आएछन्, बिहानीमा पनि अलि बढ्तै लाली चढेछ ।

तर कसलाई के थाहा यो परिवर्तन शीतको थोपा जस्तो हुन्छ भनेर ? मानिसको जीवन त क्षणभङ्गुर हो भने अरू कुराको त के हविगत होला । त्यो समय २०३६ साल थियो । वास्तवमा परिवर्तनको लहरलाई जबर्जस्ती रोक्ने प्रयास भयो र रोकियो पनि । रूखपातमा पालुवा शुष्क भएर गए, परिवर्तनका निमित्त उठेका हात सेलाएर गए, जताततै प्रखर न्यानोको अनुभव हुन थाल्यो ।

एक वर्ष र केही महिना पनि बित्न पाएनन् मेरी आमाको अवस्था फेरि पुरानै अवस्थामा दोहोरियो । यस पटक धूर्तबहादुर/धूर्तप्रसादको चालढाल पहिले जस्तो थिएन । ऊ एक्लै आउँदैनथ्यो, उसका साथमा २/४ लठैत पनि हुने गर्थे । उसको भाषा बोलीमा मात्र सीमित हुन्नथ्यो, उसका

लठैतहरू लठ्ठी बर्साएर मात्र कुराकानी सुरू गर्ने गर्थे । यस विपरीत प्रवाहको पहिलो शिकार मेरी आमा, म र मेरो घर हुन पुग्यो ।

त्यो रात, त्यसलाई कालरात्रि नै भनूँ, म घरमा सुत्न नसकेर खहरेतिर झरेको थिएँ । धेरैबेर खहरेको पानीमा खुट्टा डुबाएर घरतिर लाग्छु भनेर उक्लँदा मैले जुन भयावह दृश्य देखें त्यसलाई सम्झँदा अहिले पनि मुटु कामेर आउँछ । मेरो सानो घर आगोको लपेटमा दन्किरहेको थियो र वरिपरि धूर्तप्रसाद/धूर्तबहादुरका लठैतहरू पहरा दिइरहेका थिए । आमाको नश्वर शरीर त्यही घरको काठ र इँटसँगै खरानी भयो । उनीहरूको दृष्टिमा म पनि त्यहीं त्यसै दिन खरानी भएँ । मैले पनि आफूलाई खरानी भएकै ठानें, अनि त्यो गाउँ, त्यो परिवेश र आफ्नो बाल्यकालको सम्झनालाई त्यहीं सेलाएर म सहर पसें । मलाई आफ्नो बेग्लै पहिचान बनाउनु पर्ने थियो । सहरमा मलाई कसैले चिन्दैनथे, म पनि कसैलाई चिन्दैनथें । तर दस वर्षको समय धेरै हुनेरहेछ । यस बीचमा मेरो चिनजान, सम्पर्कसूत्र क्रमशः एकपछि अर्को गर्दै थपिंदै गए । सामान्य तवरकै भए पनि पेशाले म पत्रकार र सोखको दृष्टिले मात्र भएकोले त्यस्तो हुनु स्वाभाविकै थियो।

यसबीच परिस्थितिले पल्टा खायो, जनचेतना जागरणले आन्दोलनको रूप लियो, अनि प्रजातन्त्रको स्वर्णिम बिहानी पनि आयो । सङ्गठित, असङ्गठित जस्तै भए पनि जनताले आफू र आफ्ना प्रियजनहरूलाई बलि चढाएर देश र जनतालाई प्रजातन्त्ररूपी कोसेली दिएर गए । यही परिप्रेक्ष्यमा खुला मञ्चमा म र मजस्तै हजारौंहजार अरूले जनताका उद्‌गार सुन्ने र मनन गर्ने मौका पाइरहेका छौं । तर यस्तो परिवर्तनको क्रममा आफ्नो असली रूप लुकाएर आफूलाई नक्कली चोलामा उतार्नेहरूको वाहुल्य पनि बढ्दै जाने रहेछ । धूर्तबहादुर/धूर्तप्रसादले पनि यसै गरी चोला फेरेको थियो । खुला मञ्चमा माला र अबीरमा उसलाई लादिएको देख्दा मेरा रगत उम्लिएर आउँथ्यो । तर म विवश थिएँ, उसले आफ्नो मीठो शब्दजञ्जालमा हूललाई लठ्ठ पारिसकेको हुन्थ्यो । त्यो नीलो स्यालको आवरणभित्र ब्वाँसो लुकेको छ भन्ने त्यो अनियन्त्रित र असङ्गठित भीडलाई थाहा थिएन ।

आज पनि सायद मलाई त्यस्तै हुन्छ । मैले भीडबाट कराएर कसैले सुन्ने छैन, उल्टो मैलाई नै प्रतिगामी, प्रतिक्रियावादी, 'मण्डले' को संज्ञा दिएर लुटपाट गर्न के बेर ? त्यसैले चूपचाप छहारीमा बस्न छाडेर एकातिर लाग्छु । म टाढा पुगिसक्दा पनि तालीको गड्गडाहटले मेरो कान लट्ठाइरहे झैं हुन्छ । म त्यो भीड, भाषण र खुल्ला मञ्चबाट टाढा जान पनि सक्दिन, नजीक हुन पनि मेरो अन्तरात्माले मान्दैन । साथै ममा वास्तविकता के हो भनेर भीडलाई सुनाउने शक्ति र सामर्थ्य अनि आँट पनि छैन, तैपनि मनभित्र कता कता एउटा आश पलाएको छ– म जस्ता अनगिन्ती अरू मिलेर भावी दिनहरूमा केही गर्न सकिन्छ कि ? ■

**(२०४६ सालको जन आन्दोलनको सन्दर्भमा लेखिएको)**

# लाहुरेको दशैं

"**सा**नी ! ए सानी ! कहाँ छेस् हँ तँ ?"

आफ्नी आमाको आवाज सुनेर सानी झसङ्ग हुन्छे । घाम नडुब्दै घरभित्र पसेकी सानीलाई झमक्क साँझ परिसकेको पनि पत्तै भएनछ । उसले चूलोतिर एकपटक हेरी– कुन बेला हालेको ढोड निभिसकेको थियो, अनि चीसो दाउरा राम्ररी सल्कन नसकेर घर धुँवाले ढाकिसकेको थियो, पानी बसालेको पनि केको तातो लाग्नु ?

"हजुर, आएँ" भन्दै सानी बाहिर निस्कन्छे । आमाले दाउराको भारी गोठको दलानमा खसालिसकेकी थिइन् । जिङ्ग्रीङ्ग कपाल, गाडिएका आँखा, गालाभरि चायाको दाग, कुहिनो टालेको चोलो र कलेजी रङको मजेत्रो ओढेकी उसकी आमा ओठ-मुख सुकाएर आएकी भए पनि सानीलाई मायालु आँखाले हेरिरहेकी थिइन् ।

"बत्ती पनि बालेकी रहिनछेस्, किन सन्चो भएन कि ?"

"हैन । उज्यालैमा भान्सामा पानी बसालेकी थिएँ; बाउको कुरा सम्झँदा सम्झँदै साँझ परेको पत्तै पाइनछु ।"

"तैंले मात्रै सम्झेर के गर्छेस् बाबै ! आजको बीस दिनमा टीका आइसक्यो । तेरो बाउको न खबर छ न त आएका नै हुन् ।"

सानी एकपटक आमालाई हेर्छे । बाउको कुराले आमा निकै दुःखी भएकी जस्ती छन् । पोहोर पनि आउँछु भनेर खबर पठाएका थिए बाउले, तर दशैंको पाँच दिनअगाडि पल्लो गाउँको हर्कबहादुरले पाँच सय कम्पनी र उनीहरूलाई एक एक जोर लुगा ल्याइदिएर उनी नआउने खबर ल्याएको थियो । उसको बाउको जरूरी काम परेको हो कुन्नि ? वल्लो पल्लो गाउँ र आफ्नो छिमेककै अरू सबै जनालाई भने आउन फुर्सत हुने रे, उसकै बाउलाई मात्र किन त्यस्तो ? तर यसपाली त बाउ पक्कै आउनेछन भन्ने सानीले विश्वास गरेकी छे ।

सानी १२ वर्षकी भई । ऊ जति वर्षकी भई उसको बाबु कलकत्तामा नोकरी गर्न हिंडेको पनि त्यत्ति नै वर्ष भयो । त्यसबेला उनीहरूको परिवार ठूलो थियो । सानीका ठूलाबाबु पुलिसमा हवल्दार थिए, राम्रै आमदानी गर्थे उनी । अनि दाजुभाइमा पनि राम्रै मेल थियो । तर सानीकी आमालाई बिहे गरेर ल्याएदेखि नै उसको बाबुको मनचित्त ठेगानमा हुन्नथ्यो रे ! गाउँमा खेतीको काम पनि सबै समय नहुने र उसलाई वनमा दाउरा बटुल्न जाने अथवा सदरमुकामतिर कुल्लीको काम गर्न जाने कुराहरूमा पटक मन थिएन रे । भऱ्याङमा बसेर बटुवाहरूलाई पानी ख्वाउने, स्याउला ओछ्याइदिने, यदाकदा कसैको गह्रौं भारी उकालो कटाउन मद्दत गरिदिने काम गर्दागर्दै सानीको बाबुको मनमा लाहुर पस्ने जोश चलेर आएछ । त्यसपछि उसले बराबर सात-साँझ आइपुग्ने लाहुरेहरूलाई घरमा बास बसाउन ल्याउने गर्न थालेछन् ।

ठूलो बाबुले पुलिसमा भर्ती गराउन निकै जोड गरेका थिए रे । तर कहिले सानीको बाबुले टार्न खोज्ने त कहिले मनाएर लिई जाँदा हाकिमहरू नमान्ने गर्दागर्दै एकदिन सानीको बाबु विना सूचना घरबाट बेपत्ता भएछन् । एक वर्ष, दुई वर्ष अनि तीन वर्ष बितेछन् । त्यसपछि ठूलो बाबुले सानी र सानीकी आमालाई केही खेतबारी दिएर भिन्नै राखिदिएछन् । बिचरी सानी पेटमै छँदा बाबु निस्केर गएकाले उसले बाबु कस्ता छन् भन्ने पनि थाहा पाएकी थिइन । घरबाट निस्केको छ वर्ष वर्षपछि सानीको बाबु घर फर्केको रे !

सानीको बाबु अर्थात् श्यामबहादुरको आफ्नो बेग्लै व्यथा थियो । उसले आफ्नो त्यो व्यथा सानीकी आमालाई सुनायो र सानीकी आमाले सानलिाई सुनाएकी थिई ।

कलकत्ता भन्नासाथै त्यहाँ जोसुकैले काम कहाँ पाउनु ? घरबाट निस्केर गएको तीन वर्षसम्म त बिचरा श्यामबहादुर एउटा होटलबाट अर्को होटल, एउटा स्टेशनबाट अर्को स्टेशन गर्दै मुस्किलले हातमुख जोर्न सक्थ्यो रे ! अनि रित्तो हात र बेखर्ची भएर घर आउने कुरा पनि भएन । एउटा निधोको र राम्रो काम उसले पाउन नसकुन्जेल केही जगेर्ना गर्न सक्ने पनि सम्भव थिएन । तर दैवले हेरिदिएछन् र एकदिन एउटा साहेबको सामान ओसार्दाओसार्दै श्यामबहादुरले बैङ्कमा चौकीदारको काम पायो । अनि आफ्नो ठेगाना सहित घरमा चिठ्ठी पठाउने, वल्लो पल्लो गाउँबाट आएका अरू नेपालीहरूसँग भेटघाट चिनजान गर्ने आदि गरेर ऊ छैठौं वर्षमा सानी र सानीकी आमालाई थुप्रै लुगाफाटा लिएर आएको थियो ।

सानी अझै सम्झन्छे, पहिलो पटक बाउलाई देखेको दिन । कति मायालु लागेको थियो उसलाई बाउको अनुहार र व्यवहार ! त्यसपछि बाउ हरेक वर्ष नभए पनि २ वर्षमा एकपटक दशैंमा आउने गर्थे । नआएको वर्ष कसैले चिठ्ठी ल्याएको हुन्थ्यो ।

कलकत्तामा श्यामबहादुर धेरै बेरदेखि साहेबलाई कुरेर बसिरहेको थियो । यो वर्ष त दशैंमा घर नगई हुन्न, २ वर्षमा सानी पनि त निकै हुर्किसकेकी होली । यसै गरी अर्को १/२ पटक जाने बेला त बिहे गर्ने उमेर पनि भइसक्छ ।

“के हो उडेर बस्याछौ नि ?” तेजवीरको आवाजले श्यामबहादुरको तन्द्रा भङ्ग हुन्छ ।

“हैन साहेबलाई कुरेको । यो पाली त घर नगइ हुन्न दशैंमा मेरो ! पैसा दिने रे विदाको ! किजात लिउँला म ! गरिबको चाहिं चाडवाडै हुन्न ?”

“साहेबले के पठाउलान् ?”

“त्यसो भनेर कहाँ हुन्छ ! आफ्नो मन उतै छ ।”

“पोहोर पनि त्यसै भन्थ्यौ । आखिरीमा साहेबले भने झै गर्नै पर्‍यो ! लुगाफाटा र नगद पठाइहाल्लाऊ !”

तेजवीर कुरै बुझ्दैन, किन कि उसका कोही छैनन् घरमा । भएको कान्छो बाउ पनि उसलाई देख्दा निधारमा बत्तीस मुजा पार्छ रे ! तर श्यामबहादुरको त एउटा संसारै छ– स्वास्नी, छोरी, घर बारी । त्यसैले उसले अठोट गरिसकेको छ– साहेबले पोहोर जस्तो गर्‍यो भने भागेर भए पनि जाने, जे त पर्ला ! अनि उसको मनभित्र एउटा चीसो सिरेटो पसे जस्तो लाग्छ, उसलाई ।

तेजवीरले भने झैँ साहेब मान्दैनन्, लामो छुट्टी दिन मिल्दैन रे । श्यामबहादुरलाई फेरि हर्कबहादुरको खोजी गर्नुपर्ने हुन्छ । अरू त्यति विश्वासी पनि त छैनन् नि ! श्यामबहादुरको मन निकै कुँडिएको छ– कस्तो ठाउँ हो यो ? ऊ एउटालाई मात्र दशैं नआउने ?

बैङ्क बसेको घरको पल्लो सडकबाट धूमधाम बाजागाजासहित मानिसहरूको हूल आइरहे जस्तो देखिन्थ्यो । श्यामबहादुर निन्याउरो मुख लगाएर आफ्नो ड्यूटी गरिरहेको थियो । बाजाको आवाज नजीक नजीक हुँदै उसकै अगाडि आइपुगिसकेको थियो । दशैंको फूलपाती भित्र्याउनेहरूको हूल थियो त्यो ! प्रत्येक लोग्नेमानिस स्वास्नीमानिसको अनुहारमा अनुपम उल्लास झल्किन्थ्यो । सबैजना आफ्नो धूनमा थिए । श्यामबहादुरले एक एक गरी सबैको अनुहार हेरिरह्यो । अनि सानी र सानीकी आमा त्यसैगरी हाँस्दै दौडँदै गरेको जस्तो लाग्यो उसलाई ।

तीन दिन पछि,

“आमा म पीङ खेल्न जान्छु है ?” सानी फलैंचामा एकोहोरो टोलाइरहेकी आफ्नी आमालाई घच्चच्याउँदै थिई । सानीकी आमाले नयाँ धोती बेरेकी थिई र सानीले नयाँ कुर्ता सुरुवाल लगाएकी थिई– हिजै मात्र हर्कबहादुरले छोडेर गएको । आमाका दुवै आँखा डब्डबाएका थिए । सानी आफ्नी आमाको अनुमतिको प्रतीक्षा नगरी दगुर्दै करेसातिर निस्की । सानीकी आमा पनि लामो सुस्केरा हाल्दै घरभित्र पसी । अडेनामा एकछिन अघि बसाएको मासु डढेजस्तो गन्ध आइसकेको थियो। ■

# मानबीरको बहादुरी

"**मा**नबीर डाँकासँग भएको भीडन्तमा मर्‍यो रे"– मेरो साथीको कुरा सुनेर म अकमक्क परेँ ।

मानबीरलाई मैले सबैभन्दा पछिल्लो पटक सिलिगुडीको बजारमा भेटेको थिएँ । गठिलो शरीर, निकै फूर्तिलो र हँसमुख मानबीर कुनै बेला मेरो गाउँको घरमा गोठालो भएर बसेको थियो । तर म स्कूलको पढाइ सकेर घर फर्कंदा ऊ सिपाहीमा भर्ती हुन विदेश पसिसकेको रहेछ । उमेरमा मानबीर मभन्दा चार-पाँच वर्ष जेठो थियो होला । मैले त्यसपछि उसलाई भेट्दा बीस-एक्काइस वर्षको लक्का जवान, कुरा गर्दा अङ्ग्रेजी र हिन्दी शब्द प्रयोग गर्ने, छिनछिनमा गोल्ड फ्लेक चुरोट सल्काउने र दायाँ बायाँ बसेका मानिसलाई चुरोट बाँड्दै पनि गर्ने देखेको थिएँ । गाउँका दौंतरी सबै मानबीरको फूर्ति देखेर मनमनै ईर्ष्या पनि गर्थे । मानबीर मलाई भन्ने गर्थ्यो– "शरदबाबुलाई त सबै थाहा छ, केही भनिरहनु पर्दैन । तर पल्टनको जीवन यो त राम्रो हो ! वा वा !! काम छन्जेल सास फेर्ने फुर्सत पनि पाइन्न, अनि बिदाको दिन भयो कि छाडा ! जहाँ गए पनि जे गरे पनि बागडोगराको क्याम्पबाहिरको सेरोफेरो जम्मै मेरो जस्तो ! यहाँ जस्तो हो र ? खानेकुरा पनि त्यस्तै, फलफूल खाने कि हलुवा पुरी वा सेकुवा र सोमरस तिर लाग्ने कि ?"

दायाँ बायाँ मानबीरलाई घेरेर बस्ने सबैका त्यतिबेला मुखमा पानी आएको जस्तो लाग्दथ्यो ।

"कहिलेकहिले रमाइलो गर्न जाँदा पल्टनको नेपाली साहेबले थाहा पाए भने खाउँला झैँ गर्थे।" ऊ एकहोरो फत्फताइ रहन्थ्यो ।

मानबीर दुई तीन वर्षमा एकपटक आफ्नो घर आउने गर्थ्यो । सौतेनी आमातिरका भाइहरूलाई राम्रा-राम्रा लुगा, झड्केलो बाबु भन्ने कि सौतेनी आमाको लोग्ने भन्नेलाई पनि लिलामी कोट र सौतेनी आमालाई धोती चोलो, अनि खल्तीमा दुई-चार सय कम्पनी नोट लिएर आउने मानबीर सबैको हाई-हाई नै थियो । तर छुट्टी सकेर फर्कंदा भने हातको घडी पनि गाउँका जिम्मावाल काजीलाई छोडेर जानुपर्थ्यो रे । गरोस् पनि के ? लाहुरे भनेर सबै पछि लाग्थे । अनि त दुई-चार पैसा खर्च नगरी सुख पनि थिएन ।

त्यसपछि म दुई वर्ष बाहिर पढ्न गएँ । मानबीरले गाउँकी पसल्नीकी छोरी सुन्तलीलाई बिहे गरेर लगेछ । हुन त मानबीर भनेपछि गाउँका अल्लारे केटी सबै हुरूक्कै हुन्थे पनि । चौतारीमा बसेर चुरोट बाँड्दा ऊ सबैलाई आफ्ना बहादुरीका कुरा सुनाउँथ्यो, आफूले पाएका तक्माका मिनिएचर देखाउँथ्यो, अनि पल्टनमा हवल्दार भएपछि उसले गरेका कामको बेलीबिस्तार लाउन थाल्थ्यो । त्यसैले उसँग गाउँका केटीहरू नलोभिने कुरा पनि थिएन । मनमनै मानबीरले बयान गरेको ठाउँ र आनन्दको सपना देख्ने गर्थे होलान् ।

"मेरै कम्पनीको हुद्दाले पोहोर छुट्टीमा फर्कंदा बिहे गरेर ल्याएछ । क्या मोज गरेर बसेकी छ उसकी स्वास्नी ! परिवार छ भनेपछि त हप्तैपिच्छे छुट्टी पनि पाइन्छ, साहेबहरूले घर-घरमा खान पनि बोलाउँछन् ।"

जम्मा भएका सबै केटी एक अर्काको मुख हेराहेर गर्ने गर्थे ।

मैले पोहोर सिलिगुडीमा भेट्दा मानबीर भर्खरै डकैती नियन्त्रण गर्ने विशेष तालीम सकेर आएको थियो । उसको खुट्टै भैंमा थिएन ।

“काम गर्नै परेपछि त्यस्तो पो गर्ने शरदबाबु ! सिपाही त यहाँ धेरै छन्, तर हाम्रो पुरै बटालियनमा म मात्रै नेपाली यो तालीममा छानिएँ ।”

मानबीरले छाती फुलाएर भनेको थियो ।

“तालीम सालीम छाड अब, सुन्तली कहाँ छ नि ?” मैले प्रसङ्ग बदल्न सोधेको थिएँ ।

“अँ त, तालीममा जानुअघि दुई जीउकी थिई । त्यसैले सुन्तली र काखको छोरालाई पहाडमा छोड्न गएको थिएँ । तपाईंसँग भेट हुनै पाएन । अघिल्लो हप्तासम्म त चिठ्ठी पनि आएको थिएन। अत्यास लागेको थियो के गर्ने ? पेटको बच्चा चाहिँ गएछ । सुन्तलीलाई ठीक छ रे । अब अर्को महिनाको एक्सरसाइज् सकेर लिन गइहाल्छु ।”

मैले मानबीरको मुखमा हेरिरहें । उसलाई आफ्नी स्वास्नीको गर्भ तुहिएकोमा त्यति विस्मात थिएन । ऊ आफ्नै बहादुरीका कुरा एकोहोरो सुनाइरहन चाहन्थ्यो । मैले धेरैबेर हेरिरहेको देखेर उसलाई अलि असजिलो लागेछ ।

“के गर्ने, नोकरी जो गरियो, सधैं परिवारको पिछे लागेर पनि नसकिने ! अनि बाबु कहिले फर्कने नि ?”

“यहाँबाट त आजै, तर गाउँमा यसपालि जान्न । काठमाडौं सहरमा एउटा घर बनाउँदैछु, त्यसैले अलि काम पनि थपिएको छ ।”

मानबीर मुसुक्क हाँसेको थियो ।

“त्यसो भए त नेपाल जाँदा बाबुको सहरको घरमा बास बस्न पाइने भएछ” भन्दै मानबीर मसँग बिदा भएको थियो ।

मेरो साथीले मलाई अखबारको पछिल्लो पेज देखाउँदै भन्यो– “मानबीरको बहादुरीको पनि प्रसङ्ग गरिएको छ, हेर त ।”

मलाई हेर्न मन लागेन । ऊ बहादुर थियो । मैले कति पटक उसकै मुखबाट पनि नसुनेको होइन । मानबीरले देखाउने गरेका मिनिएचर् मेरो आँखामा झल्झल् हुन्छन् । अनि मेरो मनमा मानबीरले कसका लागि बहादुरी देखायो भन्ने खुल्दुली हुन थाल्छ । मानबीर एक्लो बहादुर त अवश्य थिएन । अरू कति मानबीर जस्ता होलान् जसले बहादुरी देखाउँदा देखाउँदै अकालमा ज्यान गुमाए ।

मेरो आँखाअगाडि सुन्तलीको अनुहारको झझल्को आउँछ । भर्खर २२ वर्ष जति त भइहोली । दुइ वर्षको छोरो, पच्चीस हजार क्षतिपूर्ति र अलिकति पेन्सन, अनि पुरै जवानी हातमा लिएर बसर्की! सम्भवतः लोग्नेले बहादुरी देखाएर पुरस्कार वा तक्मा समेत पाउली सुन्तलीले ! तर बाँकी जीवनमा उसका लागि मानबीर फर्कन सक्दैन । तै मानबीरले उसलाई घर छोडेर गएछ । नत्र सिलिगुडीको प्लेटफार्ममा लुटिएर बेग्लै जीवन बाँच्नु पर्ने थियो कि ! कसलाई के थाहा ?

मलाई त्यो दिनभरी नै नरमाइलो लागिरह्यो । मैले मानवीरसाग आफूले बिताएका क्षणहरूलाई सम्भिएको थिएँ । कस्तो बहादुरी बिचराको ?... यस्तै यस्तै । ■

# निरीह आवाज, नक्कली नाम र सक्कली थर

**अ**खबारमा नेपालसँग सम्बन्धित समाचारका कोलमहरू खोज्दै जाँदा अचानक तस्वीर सहितको एउटा समाचारमा आँखा पर्छन्–

“पाँच जना नेपाली केटीहरू गिरफ्तार– सबै नै कम उमेरका भएकाले पुलिसले लिलुवा रेस्क्यू होमलाई सुम्पिएको– पुलिसले नावालिकहरूलाई वेश्यावृत्तिमा लगाउने गिरोहलाई पक्रिने प्रयास गरिरहेको ।”

फोटो स्पष्ट थिएन । स्पष्ट भए पनि के र ? चिन्ने होइन कसैलाई !

अघिल्लो हप्ता पुराना फाइल केलाएर हेर्ने क्रममा एक वर्ष यता वेश्यावृत्तिमा अवैध रूपमा लगाइएका नेपाली केटीहरू थुप्रैको नाम देखेको थिएँ । थर जे भए पनि अघिल्लो नामले चोला फेरिसकेको थियो । साँहिली सानी भएकी थिई, नेप्टी पिङ्की भइसकेकी थिई, अनि बाटुलीको नाम कसैले डेजी राखिसकेको थियो । अरू यस्ता कति नामहरू थिए, म सम्झन सक्दिनँ । धेरैजसो १३ देखि १७ वर्ष भित्रका थिए ।

एक दुई जनाको बयान पनि उल्लिखित थियो फाइलभित्र । तर धेरैजसो राम्ररी बोल्न पनि नजान्ने हुन् कि डरले केही नबोल्ने हुन्– पुलिस वा उद्धार कार्यसँग सम्बन्धित कसैसँग एक बक फुटाउँदैनथे ।

एउटा यस्तो केस पनि थियो– एक जनाले छोरा सहितकी २२/२३ वर्षकी स्वास्नी नै दलालको जिम्मा लगाइदिएको रहेछ । विचरीको बाबु पत्ता लागेकोले लिएर गएछ ।

एक वर्षको आँकडा मात्र हेरे पनि फाइलभित्र समेटिन सकेका मात्र १००/१५० होलान् । त्यसपछि जवर्जस्ती कोठाभित्र यातना खाएर थन्किएका कति होलान् ? कति दलालहरूकै गुप्त अड्डामा अवैध रूपमा थुनिएर बसेका होलान् ? कलकत्ता महानगरभित्र वैध-अवैध दुवै रूपमा वेश्यावृत्तिमा लागिसकेका र दलालहरूको मोटो आम्दानीको स्रोत बनेर भोलि कुनै दिन बेचिन सकिने अवस्थामा तयार भएर बसेका सबैको सङ्ख्या जोड्ने हो भने हजारौँहजार हुन पनि के बेर !

फाइलभित्रै एउटी यस्ती बहादुर केटीको केस पनि थियो, जसले आफू बेचिइसकेर पनि आफूलाई वेश्यावृत्तिबाट जोगाएर देश फर्कन सकेकी थिई । त्यस केटीले दिएको बयान अनुसार, नेपालको कुनाकाप्चाका गाउँबाट यसरी कलिलै उमेरमा ती अबलाहरू कलकत्ताको सोनागाछी वा अन्य कुनै महानगरीको बदनाम गल्लीमा सिँगारिन पुग्छन् ।

–गाउँबाट कुनै दलालले फकाईफुल्याई सहर घुमाउन ल्याउँछ वा उनीहरूको बाबुआमालाई नोकरी दिलाउने प्रलोभन दिएर ल्याउँछ वा सस्तो प्रेमको जालमा फँसाएर घरबाट भगाउँछ ।

–काठमाडौँ वा अन्य कुनै सहरमा पुगेपछि त्यो पहिलो दलाल विदा भएर अर्को आइपुग्छ । धम्क्याएर, फकाएर वा झुक्याएर उसले राम्रो नोकरी पाउने ठाउँ वा केही दिनदेखि हराइरहेको प्रेमीलाई भेटाइदिने प्रलोभन दिएर त्यहाँबाट सीमाना कटाउने उपाय गर्छ ।

–त्यसरी सिमाना कटाएपछि कहिले अर्को तेस्रो दलाल आइपुग्छ कहिले उसैले कलकत्ता वा अन्य महानगरीमा सक्रिय अर्को त्यस्तै व्यक्तिको जिम्मा लगाइदिन्छ ।

–त्यसपछि शिकार भएकी केटीको मिजास वा स्वभाव हेरेर केही दिन नोकरी दिए जस्तो गर्ने वा एकैपल्ट कोठीमै सुम्पिने गरिन्छ। त्यहाँ पुगेपछि नाम लगायत नाप नक्सा सबै बदल्ने काम हुन्छ ।

कहाँ पहाडको कन्दरामा दिन-रात काम गर्दा पनि पेटभरि खान धौ-धौ पर्ने, कहाँ निस्फिक्री सुतेर बसेर मीठामीठा खान पाइने यस्तो ठाउँ भन्ने आकर्षण हुन्छ कतिलाई । अनि कति १/२ पटक धम्की, जवर्जस्तीपूर्वक आफूले किशोरावस्थासम्म जोगाएर राखेको कुरा अर्थात् आफ्नो कौमार्य गुमाउनु पर्दा दिक्क मानेर पनि चूप बस्छन् । कत्तिको वा सबैको भागेर जाने ठाउँ पनि कतै हुन्न र लाचार भएर वेश्यावृत्ति अँगाल्न पुग्छन् ।

फाइलमा पाना पल्टाउँदै जाँदा दिक्क लागेर आउँछ । लाग्छ एउटा ठूलो सङ्गठित गिरोहले यो किनबेच गरिरहेको छ । कलकत्तामा असम्भव केही छैन । यहाँ मात्र होइन, अन्य भारतीय महानगरीहरूमा पनि यस्तै हो । एक जना अङ्ग्रेज डाक्टर ज्याक प्रेगरले ४/५ वर्षका केटाकेटीहरूलाई अङ्गभङ्ग गराएर माग्ने पेशाम लगाउने गिरोहबाटै उल्लेख गरेको कुरा पढेको थिएँ हालसालै । यो देहव्यापारमा पनि हिमालयदेखि गङ्गासागरसम्म आफ्नो हात फैलाएर बसेको गिरोहको सक्रियता नहोला भन्न सकिन्न ।

फाइलभित्र थुप्रै चिठ्ठीहरू पनि छन् । यहाँको समाज कल्याण विभागको दृष्टिमा परेका केटीहरूलाई नेपाल फर्काइदिने अनुरोधपत्र अनि सम्बन्धित ठाउँमा त्यसबारे लेखिएका थुप्रै थुप्रै पत्र र ताकेताहरू ! पत्र र त्यसको ताकेता गर्दागर्दै कति केटीहरूले कानून बमोजिम स्वेच्छाले वेश्यावृत्ति गर्न पाउने उमेर पुरा गरिसक्छन् । अनि फेरि उनीहरू पुरानै दलालका पन्जामा पर्छन्; झन् बढी यातनाको शिकार हुन्छन् । त्यस्तो देख्ने अरूले पछि उम्कने आँट पनि गर्दैनन् ।

फाइल पल्टाउँछु र एकपटक आफ्नो घुम्ने मेचलाई झ्यालतिर फर्काएर धूँवाको मुस्लोले ढाकेको आकासतिर हेर्छु, अनि तल अस्पतालको गाडी पार्क गर्ने ठाउँमा तासका पत्तीहरू च्यापेर आफैं मस्त रहेका ड्राइभरहरूको कोलाहल सुन्छु । तर मन भने फाइलभित्र बाँधिएर बसेका चिठ्ठीहरूमै छ । ती चिठ्ठीका हरपभित्र छापिएर बसेका नक्कली नाम र सक्कली थर भएका केटीहरूमै केन्द्रित भएको छ । कानमा कताकताबाट ती निरीह प्राणीहरूको चित्कार बज्रिए जस्तो छ ।

कहिले र कसरी यो प्रक्रिया अन्त्य होला, अथवा झन्-झन् बढ्दै जाला केही भन्न वा लख काट्न पनि सक्दिन । साँच्चि नै आउँदा केही वर्षसम्म यी सबै विजोग र नारकीय जीवन हेरेर बिताउनुपर्ने बाध्यता सम्झेर अताल्लिन्छु पनि ! तर फेरि लाग्छ, म त हेर्ने मात्र त हुँ, जस जसले यस्तो भोगिरहेका छन् तिनको मनस्थिति कस्तो होला भन्ने सम्झेर आफ्नो चित्त बुझाउने गर्छु। ■

# चपाएको दन्त्यकथा

**सा**तवर्ष बितिसकेछन् । म अघिल्लो पटक गाउँ आएको कुरा सम्झन्छु । त्यसबेला...

समरबहादुर थुलुङ्को घरमा मसानको निस्तब्धता छाएजस्तै थियो । उसकी आमा आकाशवाणी बुझाउन आएको हल्कारा गएदेखि नै मूर्च्छित छिन् रे । अनि उसकी दिदी ठूलीले पनि रूँदारूँदै राता न राता आँखा पारिसकेकी थिइन् । आँगन, पिँढी र मजेरीमा बसेका ढाक्रेहरू पनि सबै टोलाएर बसेका थिए । एक एक खोला जाँड घुट्क्याएर बाटो तताउने आश लिएर त्यस घरमा ओर्लेका उनीहरू जिल्ल परेका छन् । म भर्खरै त्यहाँ पुगेको थिएँ, समरबहादुरको अकाल मृत्युको खबरले मेरा आँखा पनि रसाएका छन् ।

आफ्नो गाउँ, परिवार र देशबाट धेरै टाढा पुगेर समरबहादुरले आफ्नो ज्यान फालेको थियो, उसको अस्तु त्यति टाढाबाट आइपुग्ने कुरो पनि भएन । नेपालबाट धेरै टाढा दक्षिण अमेरिका महाद्वीपको पिँधमै पर्ने एउटा द्वीपसमूह फक्ल्यान्डको एउटा भाग दक्षिण जर्जिया पुगेको थियो समरबहादुर ब्रिटिश गोर्खाको सैनिक भएर ! त्यहीं नै आर्जेन्टिना र बेलायतबीच चलेको विवादास्पद लडाइमा समरबहादुर मरेको रहेछ । भूगोलको सामान्य ज्ञान भएकालाई समेत यकीन गर्न गाह्रो पर्ने फक्ल्यान्ड अर्थात् माल्भिनास्बारे यहाँ गाउँमा झन् कसलाई के थाहा ?

चारपाँच वर्षपछि पहिलोपल्ट लामो छुट्टी लिएकोले उठ्ती-पुठ्ती र शान्तिसँग केही दिन आराम गर्ने विचारले म गाउँ पुगेको थिएँ । लामीडाँडाबाट उकालो चढेदेखि नै म समरबहादुरको घरमा एकदुई खोला छ्याङ र सुकुटीको स्वाद लिएर उसकी आमासँग भलाकुसारी गरेपछि मात्र घरतिर लाग्ने विचारमा थिएँ । तर त्यहाँ पुग्नासाथ समरबहादुरको मृत्युको समाचारले मलाई अर्कै दुनियाँमा पुर्‍याइदियो ।

मेरो केटाकेटी छँदाको साथी थियो समरबहादुर । उमेरमा एकदुई वर्ष कान्छो भए पनि हाम्रो निकै मेल थियो । मलाई त ऊ फकल्यान्ड पुगेको सम्म पनि थाहा थिएन । हाम्रो पछिल्लो भेट काठमाडौंमा मेरै घरमा भएको थियो । समरबहादुर जहिले छुट्टिमा आउँदा पनि एक-दुई रात मेरो घरमा बस्ने गर्थ्यो, अनि उसले ल्याएको ह्विस्की घुट्काउँदै हामी वनमा गाई चराउन गएको कुरादेखि लिएर उसको फौजको अनुभव, मेरो जागीर अनि केटाकेटी बेलाका अरू दौंतरीका कुरा गरेर समय बिताउने गर्थ्यौं ।

म यसपालि यता आउने केही दिन अघि मात्र अर्जेन्टिना फेरी एक पटक हाम्रा लागि पनि निकै चर्चित भएको थियो । सातवर्ष अघि समरबहादुरको मृत्युको खबरले र फक्ल्यान्ड विवादले र अहिले आर्जेन्टिनाको विश्वकप फुटबलमा भएको हारले ! तर समरबहादुरको मृत्युको खबर कति मर्मस्पर्शी थियो ! त्यसको तुलनामा अहिले अर्जेन्टिनाको चर्चा त्यति महत्त्वपूर्ण थिएन ।

समरबहादुरले वीरगति प्राप्त गरेको ठाउँ फकल्यान्ड अर्थात् माल्भिनासको पृष्ठभूमि र बेलायत एवम् आर्जेन्टिनाबीच भएको लडाइँको पृष्ठभूमि यस्तो थियो ।

समाचार पत्रहरूले ठूला-ठूला अक्षरले एउटा विशेष स्थानमा भइरहेको युद्धको चर्चा गरेका रहेछन् । अन्यत्र भएका र हुने फाटफूट लडाइँ, गोली हानाहान, सीमा क्षेत्रमा तनाव जस्ता घटनाभन्दा त्यो युद्ध बेग्लै प्रकारको थियो । मेरो देशभन्दा धेरै टाढा एट्लान्टिक महासागरको दक्षिण-पश्चिमी भागमा अवस्थित फक्ल्यान्ड अर्थात् माल्भिनास् पनि भनिने टापूमा भइरहेको थियो त्यो युद्ध । सत्रौं शताब्दीको अन्त्यतिर पहिलो बेलायती जहाजले त्यहाँ प्रवेश गरेपछि उनीहरूको जलसेनाका एक उच्च अधिकृतको नाममा त्यसको फक्ल्यान्ड भन्ने नामाकरण भएको रे ! अर्कोतिर अठारौं शताब्दीको मध्यतिर टापूको पूर्वी भाग फ्रान्सेलीहरूले कब्जा गरेपछि उनीहरूले त्यसलाई आफ्नो देशको एक बन्दरगाहको नाममा 'लेमालोविन' नामकरण गरे र पछि स्पेनीहरूले त्यसैलाई माल्भिनास् भने । ठूला-साना गरी झन्डै २०० वटा टापूहरूको समूह हो फक्ल्यान्ड अर्थात् माल्भिनास् । बेलायती र स्पेनीहरू दुवैले यस टापू- समुहमाथि आफ्नो आधिपत्यको दावी गर्ने रहेछन् । उन्नाइसौं शताब्दीको पूर्वार्धमा आर्जेन्टिना स्पेनी शासनबाट स्वतन्त्र भएपछि पुनः विवाद सुरू भयो । बेलायतीहरू शक्तिशाली भएकाले उनीहरूले बलपूर्वक नै सन् १९३२ सम्म त्यहाँ बसोवास गर्ने आर्जेन्टिनावासीहरू सबैलाई धपाइदिए र स्टान्ले अर्थात् त्यहाँको राजधानी लगायत सबै क्षेत्रमा अङ्ग्रेज र स्थानीय मूलका बासिन्दा मात्र बाँकी भए । तर आर्जेन्टिनाले यस द्वीप-समूहको स्वामित्वको दावी कहिल्यै छोडेन, त्यसैको फलस्वरूप अहिले त्यहाँ बेलायत र आर्जेन्टिनाबीच युद्ध भएको थियो ।

युद्धको सुरूवात आर्जेन्टिनाले गर्‍यो रे अनि त्यसको प्रतिकार बेलायतले ! फक्ल्यान्डलाई पुनः कब्जा गर्न बेलायतले आफ्नो सैन्य टोली पठाएको थियो । त्यसै समूहमा ब्रिटिश गोर्खा फौजमा कार्यरत नेपालीहरूको एक जत्था पनि थियो । त्यसै जत्थाभित्र समरबहादुर पनि रहेछ ।

फक्ल्यान्ड अर्थात् माल्भिनास्को स्वामित्व बेलायत वा आर्जेन्टिना जो सुकैमा निहित होओस् एउटा सामान्य नेपालीको निमित्त यो धेरै चाखको विषय होइन । धेरैलाई यस विवादबारे केही थाहा पनि छैन होला । तर यो विवादले प्रत्यक्ष असर पारेका कतिपय नेपाली परिवार पनि त छन् ! कतिले आफ्ना प्रियजनाको मृत्युलाई सहन नसकी कैयौं रात छर्लङ्ग पारे होलान् ! त्यस्तै प्रत्यक्ष रूपमा संलग्न नहुने अरू पनि नेपालीहरू होलान् जसलाई अनिच्छापूर्वक पनि फक्ल्यान्डको युद्धमा गोर्खाली सैनिकको प्रयोगको औचित्यको अनावश्यक तर्क दिएर वकालत गर्नु पर्ने भएको थियो । म त्यसै समूहमा पर्दथें । म बराबर आफ्ना दक्षिण अमेरिकी मित्रहरूको तीखो प्रतिक्रिया सुन्ने गर्थें ।

अर्को आश्चर्यजनक तथ्याङ्क ! बेलायतबाट प्रकाशित हुने सामान्य ज्ञानसँग सम्बन्धित प्रसिद्ध एवम् आधिकारिक पुस्तकमा हामी यसलाई पढ्न सक्छौं ! तर समरबहादुर र ऊजस्तै त्यहाँ वीरगति प्राप्त गर्ने नेपालीहरूका परिवारले विरलै यसतिर दृष्टि पुर्‍याउलान् । फक्ल्यान्ड युद्धमा २५५ बेलायती, ७५० आर्जेन्टिनावासी र तीन जना स्थानीय बासिन्दाले ज्यान गुमाए रे ! त्यहाँ समरबहादुरको तथ्याङ्क छैन, न त आर्जेन्टिनामा चर्चित हल्ला अनुसार गोर्खाली सैनिकले स्टान्ले र दक्षिण जर्जियाका सडकहरूमा खुकुरीको प्रहारले धडाधड दुई गिँड पारिएका शिशुहरूको कथित

तथ्याङ्क नै उल्लेख भएको छ, जसलाई दक्षिण अमेरिका भरी नै एउटा क्रू घटना भनी प्रचार गरिएको थियो ।

समरबहादुर र अरू धेरै नेपालीको तथ्याङ्क नहुनु त्यति दुःखदायी हुन्न, जति दुःखदायी उनीहरूको नामको पछाडि लागेको 'मार्सिनरिज' अर्थात् भाडाको सैनिक भन्ने विशेषणको दाग छ । दुई महायुद्धमा गोर्खालीहरू बहादुर, अनुशासित इमान्दार सिपाहीको रूपमा प्रसिद्ध भएका थिए । तर अहिले उनीहरू दक्षिण अमेरिकामा भाडामा सैनिकको रूपमा र एउटा अबोध बालकलाई पनि बाँकी नराख्ने यन्त्रवत चल्ने हत्याराको रूपमा चिनिन्छन् । कस्तो बिडम्बना हो यो ?

समरबहादुर र अरू धेरै ऊ जस्ता गोर्खाली सैनिकहरू नाम कमाउन वा बदनाम हुन विदेशी सेनामा भर्ती हुन गएका होइनन् । गरीब भएर जन्मनु कति अभिशापपूर्ण हुन्न भन्ने त उनीहरू नै बुझ्न सक्छन् । आफ्नो परिवारको छाक टार्न, एकसरो खाँडी र ओत लाग्ने छाप्रोको निमित्त विदेशिएका हुन्छन् उनीहरू । पैसा कमाएर साहूको कब्जामा भएको खेतबारी निखन्ने, गाउँमा टिनको छाना हालेर घर बनाउने, अनि आफ्ना आमा, स्वास्नी, दिदी, बहिनीहरूको नाक-कान सुनका गहनाले भर्ने सपना आँखाभरि लिएर गएका हुन्छन् उनीहरू ! राम्रो नाम वा कलङ्कको कुरा उनीहरूको लागि गौण विषय हुन जान्छ । कतिले आफ्नो सपना पूरा गर्न सके होलान्, अनि कति आफ्नो परिवारलाई चिर प्रतीक्षामा छाडेर लडाइँको मैदानमा नै बिलाए पनि होलान् !

नेपालमा प्रजातन्त्र आयो र गयो पनि । एउटा शक्तिशाली देशले डिक्टेट गरेको सन्धि र त्यसको अनुबन्धलाई हुकुमी शासन छँदा त केही गर्न सक्ने स्थिति थिएन, तर प्रजातन्त्रको प्रादुर्भाव भएपछि पनि केही भएन, प्रजातन्त्रको अकाल मृत्युपछि त झन् यसपट्टि कसले दृष्टि पुऱ्याउने ? यसरी कैयौं समरबहादुरहरूले फक्ल्यान्ड, मलाया, आसाम र अरू कति ठाउँमा आफ्नो ईहलीला समाप्त गरे होलान् । एउटा सङ्कुचित आकाङ्क्षा र वाध्यता पूरा गर्नको लागि बन्दुक भिर्न पुगेका उनीहरूको सपना पुरा हुने कुनै निश्चितता थिएन, अहिले पनि छैन ।

कति संवेदनशील छन् यी कुराहरू !

म मुढेको उकालो चढ्दैछु । भञ्ज्याङ्बाट तुमलेटमा भरेर ल्याएको पानी पनि सकिएकोले मुख च्याप्च्याप् भइसकेको छ । तर मुख सुके पनि मन र मस्तिष्कमा अनेकौं कुरा खेलिरहेकाले त्यति अप्ठेरो अनुभव भइसकेको छैन । समरबहादुरको घर भएको गाउँ नजिक नजिक आइरहेकोले म वास्तवमा उसैलाई सम्झिरहेको छु, अनि सम्झिरहेको छु त्यो विवादास्पद युद्ध-क्षेत्र फक्ल्यान्ड, आर्जेन्टिना आदि आदि । आर्जेन्टिना-म्याराडोनाको देश अर्जेन्टिना र समरबहादुरको अकाल मृत्युको कारण हुन पुगेको देश आर्जेन्टिना !

एक हप्ता अगाडि त हो– म्याराडोना पनि विवादको विषय भएका थिए ।

रातको झन्डै तीन बज्न लागिसकेको थियो, आर्जेन्टिनालाई रेफ्रीले पक्षपात गरी जानाजान हरायो भनेर मेरो सानो छोरो तुरूक्क आँसु झार्दै सुत्न गएको थियो । विश्वकप फुटबलको फाइनल पश्चिम जर्मनीको विजयसाथ सकिएको थियो । खेल जर्मनीकै उत्कृष्ट थियो, तर किन हो किन आर्जेन्टिनाको हारमा म आफैं पनि दिक्क थिएँ । डियगो म्याराडोना ! सन् १९८६ को विशव कप फाइनलमा जर्मनीलाई परास्त गर्न उनको महत्त्वपूर्ण भूमिकालाई कसले बिर्सन सक्छ र ? फूटबल

खेलमा म्याराडोनाको नाम १९७८ देखि नै चर्चित भइसकेको थियो, तर उमेरको कारणले त्यसबेला खेल्न पाएनन् रे, तैपनि म्याराडोना यति लोकप्रिय थिए कि यूरोपमा उनीसँग करारनामा गरेर आफ्नो क्लबमा खेलाउनेहरूको होडबाजी चल्यो र उनी सबभन्दा महँगा खेलाडी (त्यसबेलाका) पनि हुन पुगे । यस्ता थिए डिएगो म्याराडोना ! आर्जेन्टिनामा जन्मे पनि विश्वप्रसिद्ध ! सबैका प्रिय खेलाडी ।

म्याराडोनाको प्रसङ्गमा उनको देश अर्जेन्टिनाको नाम त आउँछ नै, तर म त आर्जेन्टिना सम्झँदा समरबहादुरलाई मात्र होइन, आफूले विदेशमा भेटेका मित्रहरू एष्ट्राडा, अल्बर्टो र मार्सेलोलाई सम्झन्छु । आर्जेन्टिनाको चर्चा गर्दा त्यो देश र त्यहाँका निवासीहरू कस्ता हुन्छन् र अरूसँग कस्तो व्यवहार गर्छन् भन्ने कुरा पनि महत्त्वपूर्ण हुन्छ जस्तो लाग्छ । दक्षिण अमेरिकामा आर्जेन्टिनालाई 'बिग् ब्रदर' पनि भनिन्छ रे ! कृषि र उद्योग दुवै क्षेत्रमा निकै विकास गरे पनि वैदेशिक ऋण हेर्ने हो भने आर्जेन्टिना भित्रभित्रै खोक्रो हो कि जस्तो पनि लाग्छ रे ! बर्सौंसम्म सैनिक तानाशाही राजनैतिक अस्थिरता र आन्तरिक अशान्तिको भुमरीमा परेर पनि आर्जेन्टिनाले मौका पर्नासाथ छिमेकी देशहरूलाई शक्ति प्रदर्शन गर्न खोज्छ भन्ने गुनासो पनि सुनिन्छ । केही वर्ष अघि मेरो एक जना कोलम्बियाको साथीले धेरै पटक सप्रमाण यसको पुष्टि पनि गरेको थियो । अनौपचारिक भेटघाटमा आर्जेन्टिनाका मित्रले आफूलाई संयुक्त राज्य अमेरिकाको पर्यायवाची भइ धक्कू लगाउन खोजेको मलाई पनि प्रत्यक्ष अनुभव छ । यूरोपेली आर्थिक समुदायको 'प्रोटोक्सनिज्म' वा संरक्षणवादको नीतिको कारणले आफ्नो कृषि उत्पादनको निर्यातमा ह्रास नआएको भए आर्जेन्टिना विश्व मानचित्रमा कुन स्थितिमा हुन्थ्यो कुन्नि ? फुटबलप्रेमी राष्ट्रपति कार्लोस मेनम नै सत्तामा नआउन पनि के बेर थियो र ! यूरोपेलीहरूको संरक्षणवादको नीतिले साँच्चै नै आर्जेन्टिनाको राजनीतिक जीवनमा तिनताका एउटा अमिट छाप छोडेको थियो ।

यो भयो प्रसङ्ग फुटबलको, अनि पृष्ठभूमि र परिचय आर्जेन्टिनाको ! अहिले मेरो आँखा अगाडि त एउटा सिङ्गो कथा घुमिरहेको थियो– पूर्वी पहाडको एउटा गाउँमा हुर्किएर आर्जेन्टिनाको भूमिमा आफूलाई बलि चढाउने मेरो बाल्यसखा र एउटा नेपाली सिपाही समरबहादुर थुलुङको । त्यो समरबहादुर थुलुङ जससँग मेरो बाल्यकालको महत्त्वपूर्ण समय बितेको थियो उसलाई दुर्भाग्यवश आर्जेन्टिनाले नै निलेको थियो, फकल्यान्डको युद्धले निलेको थियो ।

समरबहादुरले त्यसबेला १४ वर्ष मात्र टेकेको थियो होला, जब मैले उसको फौजमा भर्ती हुने धोकोबारे रामेबाट थाहा पाएको थिएँ। मैले थाहा पाएसम्म ऊ गाउँका अरू गोठाले केटाहरूभन्दा बेग्लै थियो । मलाया, ब्रुनाई हङकङका लाहुरेहरूले गाउँमा भरिया बोकाएर फूर्तिसाथ छुट्टिमा आएको देख्दा ऊ सधैं मनमनै कल्पिने गर्थ्यो । गाउँको भीर पाखामा वस्तु चराएर, कोदो गोडेर बस्ने त्यो कलिलो केटीको मनमा अर्कै सपना थियो, अर्कै धोको थियो । घरमा बज्यै, आमा र दुइटी दिदी थिए, बाजे, बाबु र एउटा टाढाको दाज्यूले पल्टने भएर अकालमा ज्यान गुमाएकाले न त उसकी सत्तरी नाघेकी बज्यै, न अधबैंसे उसकी आमा न त तरूनी दिदीहरू समरबहादुरलाई फौजमा भर्ना हुन पठाउने पक्षमा थिए । बाजे कुलबहादुरले ब्रिटिश गोर्खाको झण्डामुनि आफूलाई आहुति दिएका रे ।

बर्माको लडाइँमा त्यहाँको घना जङ्गलको कुना कुनामा उनको हाडखोर पुरियो होला कुन्नि ! बाबु बलबहादुर टाढा पुग्न सकेनन् । यतै छरछिमेकमा भएको स्वतन्त्रता-युद्धमा उनी बेपत्ता भए भन्ने खबर आयो । बिचराका सन्तानले पेन्सन सम्म पनि देख्न पाएनन् !

समरबहादुरको बाबु र बाजेको जमाना बेग्लै थियो, अहिले बेग्लै छ । यो उसको सोचाइ थियो । अहिले ऊ बराबर हृष्टपुष्ट, गोरा हँसिला र चिटिक्क पर्ने गरी लुगा लगाएका लाहुरेहरू मात्र देख्थ्यो । बर्षौंपिच्छे उनीहरूको बारीको ठूलो पाटोसँगै बनेको 'बेलफर' अफिस अर्थात् औपचारिक अर्थमा, भूतपूर्व सैनिकलाई पेन्सन बाँड्ने र अन्य सुविधा दिने ठाउँमा थुप्रै तरूनाहरू आफ्नो 'फिजिनेस' (सायद फिजिकल फिट्नेस अर्थात् शारीरिक तन्दुरुस्ती) जँचाउन आउने गर्छन् । यी वेलफियर अफिसहरूलाई भर्ती गर्न पाउने कानूनी सम्झौता वा प्रावधान त छैन, तर भर्ती कामको सुरुवात भने त्यहीं गरिन्छ । हामी नेपालीहरू आँखा चिम्लिएर बस्छौं ।

फौजमा छानिनु अघि समरबहादुर दिनको एक पटक दिदीहरूको कोठाको ऐना हेर्न पुग्थ्यो, छाती फुलाउँथ्यो, अनि दिदीहरूको जस्तै आफ्नो पनि छाती किन चौडा र हृष्टपुष्ट नभएको होला भन्दै चिन्तित हुने गर्थ्यो रे ! तल्लो गाउँको लालेमा त साहेबको दृष्टि पुगेछ, छाती नपुगेको पनि जान पाउँछ रे भन्ने सुनेर ऊ पनि तनक्क तन्किने गर्थ्यो ।

“हैन ए यो समरे हाम्रा कोठा मात्र किन फन्याक्फुरुक् गरिरहन्छ हँ ?” भन्दै उसकी सान्दिदी झुमा आइपुग्दा ऊ मिलिक्क गर्दै आँगनमा पुग्थ्यो । फलैंचामा एक दुईजना टिमिक्क पर्ने लुगा लगाएका लाहुरे जहिले पनि हुने गर्छन्– छ्याङ, तोङ्बा र सुकुटी खान आएका ! कहिलेकाहीं म पनि त्यहीं हुने गर्थें । अनि ऊ दगुरेर मतिर आइपुग्ने गर्थ्यो । म पनि १/२ वर्ष मात्र जेठो त थिएँ र म पनि सबै कुरा बुझ्न सक्ने थिइनँ ।

दोबाटोको घर, त्यसमाथि गाउँले भट्टी भएकोले उसको घरमा प्रायः जमघट भई नै रहन्थ्यो । चिटिक्क परेको लाहुरे देख्दा समरबहादुर कल्पिन्थ्यो भने बेलुकी गाउँको प्रधानको छोरो, डोरमा आएका नापीका हाकिम र मास्टरलाई देख्दा चाहिं उसको कम्पारो तातेर आउँथ्यो । कारण समरबहादुर यस्ता कुरा चाहिं अलि अलि बुझ्ने भइसकेको थियो । ती सब उसकहाँ ताँती लागेर आउने कारण उसका दिदीहरू थिए । त्योभन्दा उसको रगत उम्लने त हलेसीको लङ्गडो हवल्दार आउँदो पो हो त ! ऊ आउनासाथ आमा पनि एक रिकापी सुकुटी र छ्याङ्को सिसी, अनि बटुको लिएर माथि उक्लिन्थिन् । त्यो हवल्दार समरबहादुरको बाबुको साथी अरे ! अलि इज्जतदार भएकोले भित्र मजेरीमा बसेर खाँदैन अरे ! बीस वर्षको उमेरमा विधवा भएकी उसकी आमाको स्थायी ग्राहक थियो त्यो हवल्दार !

अनि आमा माथि उक्लनासाथ बाहिर फलैंचाका अरू पनि भित्रै पुग्थे– झुमा र अर्की दिदी ठूलीसँगै चूलोमै पुगुँला जस्तो पनि गर्थे । यी सब हेर्दाहेर्दै अभ्यस्त भइसके पनि प्रत्येक दिन एक पटक समरबहादुरको पहिले मन, अनि शरीर पनि थाक्थ्यो । दिदीहरूले छुट्याइदिएको मीठो चोखो खाएर ऊ सुत्न जान्थ्यो । त्यसपछि त्यहाँ के के हुन्थ्यो, ऊ थाहा पाउँदैनथ्यो । थाहा पाए पनि कान थुनिदिन्थ्यो, थुन्नै पर्ने पनि हुन्थ्यो... ।

यस प्रकारका घटना प्रायः दोहोरिने गर्थे सँधै जसो ! म त आक्कल-झुक्कल गाउँ पुग्ने मान्छे, तर जहिले पुगे पनि समरबहादुरका दिदीहरू र त्यहाँ माहुरी झैँ झुम्मिएका अरू मानिसहरू देख्दा उसको मनस्थिति अलि-अलि अड्कल काट्न सक्थेँ । बिचरो समरेको अनुहार मलिनो हुन्थ्यो, विशेष गरी जब चाड-पर्व वा अरू कुनै कारणले त्यहाँ ग्राहकको भीड हुने गर्थ्यो । बुझे पनि म उसलाई केही भन्न सक्ने गरी पाको भएको थिइनँ ।

परिवार धान्ने साधन भएकोले समरबहादुरकी बज्यै र आमाले भट्टी बन्द गर्न पनि सक्दैनथे। सायद उनीहरू समरबहादुरलाई नूनतेलको समस्या टार्न बाबुबाजेलाई जस्तो पल्टनमा पठाउन चाहँदैनथे । प्रधानको ठूलो छोरो नेप्टेले झुमाको मजेत्रो ताने पनि, अनि गाउँमा खटिएर आएको नापीको हाकिमले ठूलीको गाला चिमटे पनि दुवै बूढीहरू हलल्ल हाँस्थे । समरबहादुर पनि नेप्टेले झुमाको छाती छामछुम गरेको, अनि नापीको हाकिमले ठूलीको खोकिलाभित्र के के खोजे जस्तो गरेको आँखैले देखे पनि मुन्टो बटारिदिन्थ्यो । त्यसो नगरे दिदीहरू उसलाई “तँ माथि जा, तँ बाहिर जा, बाबु” भनेर त्यहाँबाट अन्यत्र पठाइदिन्थे । नत्र उसलाई हेरेर त्यहाँ जम्मा भएका सबै हलल्ल हाँस्थे, ऊ टाउको निहुर्‍याउँथ्यो– लाज र रिसले !

यस्तै-यस्तै गर्दागर्दै समरबहादुर हल्किदैँ गयो, खाइलाग्दो हुँदै गयो । भर्तीको काम सुरू हुनासाथ यसपालि वेलफर् अफिसमा लाम कस्ने हो कि भनेर उसका परिवारका अरू सबै जना तर्सिन्थे ।

अनि एक वर्ष त्यहाँ एउटा गोरो साहेब अर्थात् अङ्ग्रेज सैनिक अफिसर दलबल सहित आयो। अलि धेरै मानिस भर्ती गर्नु पर्दा ८/१० वर्षमा एक पटक यस्तै गरी अङ्ग्रेज अफिसर आउने गर्थ्यो । माथि भने झैँ औपचारिक रूपमा त्यहाँ भर्ती गर्न पाइन्नथ्यो, तर आफ्नै ऐन-कानून लागु गर्न त कुनै दरिलो व्यवस्था नभएको त्यो कन्दरामा, अङ्ग्रेज भनेका मालिकै अझ देउतै हुन् कि जस्तो गर्ने परम्पराले ग्रस्त त्यस ठाउँका मानिसलाई यस्तो कुरा कसले भन्ने ? धेरै वर्षपछि पुस्तकका पानाभित्र रहेका अनुबन्धका यस्ता प्रावधानहरू पढ्दा म स्तब्ध भएको थिएँ ।

गोरो साहेबले धेरै जना भर्ती गर्ने भएको छ रे ! त्यसैले त्यो गाउँ मात्र होइन, धेरै टाढादेखि युवा, किशोरहरू त्यहाँ आउन थालेका थिए । समरबहादुरको घर, गोठ, फलैँचा, दलान सबै ठाउँ टन्न थिए । बज्यै, आमा र दिदीहरू बास बस्न आउने र अरू यात्रुलाई खुवाउन-पियाउनमै मस्त थिए ।

अनि एक दिन समरबहादुर पनि आफ्नो धोको पूरा गर्न गोरो साहेबले खोलेको क्याम्पतिर अरू सबैसँग लाम लाग्न पुग्यो । त्यहाँ कारिन्दा, डाक्टर र अरू पनि कामदार थिए । पुराना ढड्डा पल्टाएर बाबु-बाजेको नाम नामेसी भूतपूर्व सैनिकको फिरस्तीमा छ कि भनी हेर्ने चलन पनि रहेछ।

समरबहादुर गोरो साहेबले स्पष्ट बुझ्ने गरी नेपाली बोलेको देखेर दङ्ग थियो । छनौट क्रममा जे जे सोधिन्थ्यो, ऊ निस्फिक्री जवाफ दिँदै थियो ।

“बाजेको नाम ?” “कुलबहादुर थुलुङ” यो जवाफले अङ्ग्रेज अफिसर एकपल्ट झसङ्ग भएको थियो । उसले समरबहादुरलाई तलमाथि राम्ररी नियालेर हेर्दै अरू सबैलाई फर्काइदियो ।

“तिमी कुलबहादुरको नाति ? म तिम्रो बज्यैलाई पनि भेट्न चाहन्छु ।”

उसको बाजे कुलबहादुर बर्माको लडाइँमा मरेको सम्म त उसलाई थाहा थियो । तर यो गोरो साहेब किन त्यस्तो संवेदनशील भएको होला भन्ने समरबहादुरले बुझ्न सकेन । सबैले समरबहादुरलाई बधाइ पनि दिए । गोरो साहेबले उसलाई छानेको मात्र थिएन, घरमा जाने कुरा समेत गरेको थियो । समरबहादुरको पल्टने हुने ठूलो धोको यसरी पूरा भयो । एक दिन ऊ पनि अरू लाहुरे जस्तै पैसा कमाएर आफ्नो घरमा टिनको छानो हाल्न सक्नेछ, अरू झैं २/४ जना भरिया अघिपछि लगाएर छुट्टी बिताउन गाउँम आउनेछ आदि आदि कुरा समरबहादुरको मनमा खेल्दै थिए । यसभन्दा पनि कुनै भनसुन नभएरै छानिएकोमा ऊ धेरै खुशी थियो ।

टुटफुट नेपालीमा गोरो साहेब भोलिपल्ट बज्यैसँग कुरा गर्दै थियो । आमा सङ्घारमा उभिएकी थिइन्, ठूली र झुमा सायद उठेकै थिएनन् । पर्खालको वरिपरि केही गाउँले र भर्ती हुन आएका केटाहरू थिए । सायद अङ्ग्रेज अफिसर कुनै गाउँलेको घरमा गएको यो पहिलो पटक थियो ।

“तिम्रो लोग्ने धेरै बहादुर थियो । मैले समरलाई पनि पल्टन मै लान्छु भनेको । यो पनि ठूलो साहेब हुन्छ, धेरै पैसा ल्याउँछ ।”

बज्यैले केही बोल्दिनन्, आमाका चाहिँ ओठमुख सुकेछ ।

“म लडाइँमा मर्ने गरी जानु परेर भने किजात भागेर नआउँला !” समरबहादुर मानौं लडाइँ जितेनै जस्तो गरी आमा र बज्यैलाई सुनाउँदै थियो । उसले लडाइँ भन्नुको मतलब फ्रन्ट लाइन् थियो ।

समरबहादुर पल्टनमा भर्ती हुन जाने पक्का भयो । उसले बाबु र बाजेको पल्टने हुने बिँडो थाम्ने नै भयो । गोरो साहेबले पुरानो रेकर्ड हेरेर बाजेको पेन्सन पनि पठाइदिने र समरबहादुरले एक वर्ष बिताएर छुट्टीमा आउन पाउने आश्वासन पनि पायो । उसको सानो परिवारका सदस्यहरू दुःखी थिए वा दङ्ग थिए भन्ने समरबहादुरले आँक्न चाहेन वा सकेन । उसले त झुमा र ठूली पालैसँग गोरो साहेब बसेको ठाउँमा काम सघाइदिन गएको देखेको थियो, त्यसैले उसले ठान्यो– सबै जना दङ्ग थिए ।

उता गोरा साहेब पनि दङ्ग थियो । ब्रिटिश गोर्खाको बहादुरीको इतिहासको एउटा महत्त्वपूर्ण व्यक्तिको नातिलाई उसले पुनः भर्ती गर्न सकेको थियो । बेलायत फर्केपछि उसले आफ्नी आमालाई पनि भन्न सक्नेछ, गर्वका साथ उनीसँग समरबहादुरलाई चिनाउन पनि सक्नेछ कि यो ठिटो त्यही कुलबहादुरको नाति हो जसले आफू मरेर उसको बाबुलाई अर्को तीन दशक इज्जत र प्रतिष्ठाका साथ बाँच्ने सौभाग्य दिलाएको थियो । जसको शरीरले थिचिएर उसको बाबुले आफूलाई गोलीको शिकार हुनुबाट जोगाउन सकेको थियो ।

तर रिक्रुटे ठिटो समरबहादुरलाई बेलायत पुग्न अझै थुप्रै-थुप्रै वसन्त काट्नु पर्ने थियो ।

समय बित्न कतिबेर लाग्दो रहेछ र ?

ठिटो समरबहादुर सिपाही, नायक, हवल्दार हुँदै सुबेदारको पदसम्म उक्लिसकेको थियो । नेपालमा उसकी बज्यै उहिल्यै मास छर्न गइसकेकी थिइन् अथवा लडाइँमा वीरगति प्राप्त गरेको उसको बाजे भेट्न पुगि सकेकी थिइन् । बज्यैको ठाउँ आमा र आमाको केही काम उसकी दिदीले

लिइसकेकी थिई । भुमा भने केही वर्ष अघि उनीहरूको गाउँमा खटिएर आएको पुलिसको हवल्दारसँग पोइल गइसकेकी थिई । भुमाको बिहे नै गरिदिने सुर थियो उसको ! दुई तीन वर्ष मात्र जेठी भएकीले समरबहादुर भुमालाई सँधै आफ्नै दौंतरी ठान्दथ्यो । तर भुमाले आफ्नो जवानी ढल्कनु अघि नै आफ्नो भविष्यको आफैं निर्णय गरेर गएकी थिई ।

समरबहादुर वास्तवमा पल्टनमा पसेको १५/१६ वर्षभित्र गाउँको धनीमानी नै भइसकेको थियो । घरमा भट्टी थाप्ने आवश्यकता पनि थिएन । तर आमा मान्दिनथिन् । आम्दानी पनि त भइरहेको थियो । आमा र दिदीको जीवन हेरेर ऊ पनि उनीहरूले बिहे गर्न जति कर गरे पनि उडाइदिने गर्थ्यो । के गरोस् बिचरो ? स्वास्नीलाई मात्र सधैं भरी हङ्कङ्ग वा खटिएर जाने अरू ठाउँमा लिई जान पनि अप्ठेरो, घरमा छोडिजाओस्, गरिबीका दिनहरूमा बाध्यतावश थालिएको भट्टीपसल यथावत् नै थियो । भट्टी न हो ! दिदीहरू कै गति उसकी स्वास्नीको पनि हुन के बेर ?

अनि एकदिन समरबहादुर आफ्ना साथीभाइसँग ब्रिटिश वायुसेनाको जहाजमा बसेर पूर्वी फकल्यान्डको स्टानले पुग्यो । त्यहाँ उसले के गऱ्यो कसैलाई थाहा छैन । तर सात समुद्रपारि नै उसको अवसान लेखिएको रहेछ । त्यसैले ऊ हामी सबैलाई छोडेर गयो । तर आफ्नो बाजे जस्तै बेवारिसी हुनु परेन उसलाई ! उसको अस्तु नआइपुगे पनि उसको पेन्सनको केही भाग उसकी आमाले अवश्य पाउनेछिन् । समरबहादुरको यस्तो अन्त्य उनले कहिल्यै चाहिनन्, तर के गर्ने नियतिले उनको कोखको अन्त यस्तै लेखेको रहेछ ।

मलाई दिक्क लागिरहेको थियो, त्यसैले समरबहादुरको घरमा धेरै बेरसम्म बस्ने इच्छा थिएन। त्यसैले आफ्नो भोला च्यापेर त्यहाँबाट ओरालो भरें

बिचरा गोर्खालीहरू ! ब्रुनाई स्वतन्त्र राष्ट्र हुन्छ, तैपनि बेलायतले नै उनीहरूलाई त्यहाँ खटाउन सक्छ । अनुबन्ध नेपाल बेलायतबीचको मात्र हो भन्ने लेखा-जोखा पनि कसले गर्ने ? कति सीधासादा छन् यिनीहरू ! सायद उनीहरूको कुरा सुनिदिने कोही नभएर त होला नि ! अथवा जिम्मेवारी लिने वर्गले वास्ता नगरेर हो कि !

समरबहादुरलाई मात्र होइन, अरू पनि ऊ जस्तै असङ्ख्य योद्धाहरूलाई फक्ल्यान्ड त के सीमापारिको सानो बजार वा आफ्नो नजिकको भर्ती केन्द्रभन्दा पर अर्को कत्रो संसार छ र कस्तो आकार-प्रकारको छ भन्ने पनि थाहा हुँदैन । यी बहादुर गोर्खालीहरू किलोमा बाँधिएको गोरूलाई जसरी मालिकले डोऱ्याएर खेतबारी जोत्न लैजान्छ त्यसरी नै उनका मालिकहरूले उनीहरूलाई युद्धको विवादमा धकेलिदिएका हुन्छन्, चाहे त्यो जर्मनीको धावा वा बङ्गलादेशको स्वाधीनता सङ्ग्राम होस् वा भारत र चीनबीचको सीमा सङ्घर्ष, असाममा आन्तरिक विद्रोह दमन गर्न गरिएको सरकारी अभियान होस् वा फक्ल्यान्डलाई अर्जेन्टिनाको अनधिकार (?) कब्जाबाट मुक्त गराउन सुरू गरिएको युद्ध वा ब्रुनाइको सुल्तानको व्यक्तिगत सुरक्षा होस् । आफ्नो बुद्धि र बल मात्र लगाएका हुन्नन् उनीहरूले, उनीहरूको एक-एक थोपा रगतले ती बहुचर्चित ऐतिहासिक घटना र तथ्य पोतिएका हुन्छन्, जसको फल उनीहरूले पाउँछन्, मात्र केही हजारको पोको र दुईचार जोर नयाँ कपडा र जुत्ताले भरिएका सुटकेशहरू !

विदेशिएकाहरू मध्ये एक जना दुई जना होइनन् उनीहरू सबै नै आफ्नो आँसुलाई जबर्जस्ती पिएर त्यहाँ गएका हुन्छन् । उनीहरू जन्मेर हुर्केका पहाडका कन्दाराहरूले कहिल्यै उनीहरूको दुई छाक टार्ने व्यवस्था गर्न सकेनन् । न त बितेका दिनमा यसका लागि कुनै प्रयास नै भए ।

समरबहादुर जस्तै हिमाली चुचुराबाट आएका वीर सिपाहीहरूको तारीफ र प्रसंशा त सबैले गर्छन् । तर फकल्यान्डको युद्धपछि त सम्पूर्ण दक्षिण अमेरिकाभित्र भने उनीहरू "भाडाका सिपाही र पैसाको निमित्त अर्काका लागि लड्ने मात्र हुन्" भन्ने विवादको सिर्जना पनि भएको छ ।

बिचरा समरबहादुर ! भरिया पछि लगाएर गाउँमा धाक दिँदै छुट्टीमा घर फर्कने लाहुरेहरूको देखासिकी गर्न ऊ पल्टनमा भर्ती भएको थियो र त्यसो गऱ्यो पनि । तर अन्तिम प्रतिफल त उसैको मृत्यु हुन पुग्यो । समरबहादुर निःसन्देह एउटा वीर सिपाही, वीर योद्धा थियो । तर कस्तो योद्धा ? उसको वीरताको फल केवल उसको घरको टिनको छानो त थियो नि !

मुढे र नुनथला हुँदै म समरबहादुरको गौंडासम्म नै पुगिसकेको छु । यसपल्ट पनि एक पटक त उसकी आमालाई भेट्नु पर्ने हो । तर उनी मलाई देख्ना साथ रून थाल्छिन् । त्यसैले त्यहाँ छिर्ने इच्छा छैन । तै पनि मन मान्दैन र त्यतै लाग्छु । मुढेदेखि नै समरबहादुर, फक्ल्यान्ड, अर्जेन्टिना, म्याराडोना र विश्वकप फुटबलका कुरा गुन्दागुन्दै यत्रो बाटो नापिसकेको रहेछु, पत्तै पाइन । मैले आफ्नो हिंडाइ यसरी यन्त्रवत् होला भन्ने वास्तवमा सोचेको पनि थिइन ।

मलाई लाग्छ, वास्तवमा म्याराडोना र समरबहादुरमा खास भिन्नता छैन । म्याराडोनाले पनि पैसाको निमित्त अन्यत्र गएर खेल खेल्ने वा प्रदर्शन गर्ने गर्छन्, त्यस्तै समरबहादुरले पैसाको निमित्त बेलायतको लागि लडेको थियो । फरक यत्ति हो कि म्याराडोनाको जीवनमा हारजित भई नै रहन्छ, तर समरबहादुर अब कहिल्यै हार्ने छैन किनभने उसको अन्तिम युद्ध फकल्यान्डको दक्षिण जर्जियामा बेलायत अर्थात् उसको पक्षको विजयबाट अन्त भएको थियो । अर्को पक्ष हेर्ने हो भने म्याराडोनालाई भावी दिनहरूमा अर्जेन्टिनाका निवासीहरूले सम्झिरहनेछन्– उनले आफ्नो देशलाई विजयी गराउन देखाएको कुशलताको कारणले । तर बेलायतलाई फकल्यान्डमा विजयी गराउन आफ्नो वीरता देखाई आफैंलाई बलिदान गर्ने समरबहादुरलाई उसको परिवारसिवाय अरू कसैले सम्झने छैन, कसैले उसको बहादुरीको इतिहास लेख्ने छैन । यसरी यथार्थतामा आधारित यस्तो जीवन कथा दन्त्यकथा भइदिन्छ । तर कसैले यस कथालाई दोहोऱ्याउन चाहँदैन, दोहोऱ्याउन खोजे पनि सक्दैन । समरबहादुर कथा यथार्थमा एउटा चपाएको दन्त्यकथा बाहेक केही हुँदैन। ■

# प्रत्यावर्तन

**शि**रीष आज पाँच वर्षपछि घर फर्कंदै छ । पाँच वर्षअघि विदेश जाँदा पनि उसलाई घर छोड्नु परेकोमा कुनै विस्मात् अनुभव भएको थिएन, न अहिले फर्कंदा नै उसको अनुहारमा कुनै हर्षको रेखा झल्किएको छ । शिरीषलाई घरप्रति कुनै माया मोह छैन । पढाइ सकेर लामो समयपछि घर फर्कन पाएकोमा उसका साथीहरू सबैजसो निकै प्रसन्न देखिन्थे । तर शिरीष भर्खरै छोडेको ठाउँमै फेरी फर्कन चाहन्छ । विदेशमा अरू सबै कुरा नरमाइलो भए पनि शिरीषलाई कुरैपिच्छे टोकिरहने दिदी र फुपू थिएनन् । अब त उसलाई माया गर्ने आमा पनि परलोक भइसकेकी थिइन् । पाँच वर्षको विदेशको बसाइमा धेरैजसो समय अध्ययनमै केन्द्रित गराएको थियो उसले । कहिलेकाहीं नेपालबाट आउने मानिसहरूलाई क्लब देखाइदिन लाग्दा ऊ साथै लाग्दथ्यो । तर क्लबभित्र पस्नासाथ त्यहाँको दूषित वातावरण, ऊ साथै नाचिरहने केटीहरू देख्दा उसलाई कता-कता घरको सम्झना आउँदथ्यो । अनि शिरीष क्लबभित्र आफूलाई उकुसमुकुस भएको अनुभव गर्ने गर्दथ्यो । ऊसँग गएका मानिसहरू रक्सीले मात्तिएर नग्न नृत्य हेर्दै सर्वोच्चानन्द अनुभव गरिरहेका हुन्थे । शिरीष करबलले जसोतसो तीनचार घण्टा बिताएर होस्टल फर्कन्थ्यो, आयन्दा कसैसँग पनि क्लव नजान प्रण गरेर । तर फेरि त्यस्तै कोही खोज्दै आइहाल्थ्यो– एकदिनको लागि बस्ने भनेर । शिरीष मन नलागी नलागी उनीहरूलाई साथ दिने गर्थ्यो । उसलाई क्लबभित्रको सम्पूर्ण वातावरण प्रति घृणा भए पनि ऊ मानिस नचिढाउन यन्त्रवत् अघि लाग्दथ्यो । अनि उसलाई आफ्नो घर पनि ती क्लबहरू भन्दा केही फरक लाग्दैनथ्यो ।

हवाईजहाज उडेको आधा घण्टा बितिसकेको थियो । विमान परिचारिकाहरूले पेय पदार्थ बाँड्न सुरू गर्दै थिए । शिरीषलाई केही पनि खान मन थिएन । ऊ नकारात्मक सङ्केत दिँदै आफ्नै धुनमा मग्न हुन्छ । उसलाई आफ्नो घरको सम्झना हुन्छ– उसकी फुपू, उसकी दिदी, तीर्थमान ड्राइभर र भान्छे बज्यै सबै शिरीषको आँखा अगाडि नाच्न थाल्छन् । शिरीषको एक जना साथीले तीन-चार महिनाअघि चिठ्ठी लेखेको थियो– दिदीले नयाँ मोटर किनेकी छिन रे, घरको दक्षिणपट्टि लङको टहरो बेचेर । उसकी दिदीलाई नयाँ-नयाँ मोटर चढ्ने खूब रहर थियो । इन्टर पास परेपछि पढाइ छोडेर बसेकी उसकी दिदी काठमाडौंको उच्च खानदानमा निकै लोकप्रिय र चर्चाको विषय भएकी थिइन् । दिदी र फुपू घरको उत्तरी लङमा सुत्ने गर्थे । शिरीषलाई सानैदेखि त्यसतर्फ जाने अनुमति थिएन । कहिले एक्लै बस्न मन नलागेर दिदीकहाँ गफ गर्न जान खोज्दा पनि फुपूको धम्की खानु पर्दथ्यो– पढ्नुपर्ने केटोले यताउती डुलेर निन्दो चर्चो गरेर हिड्यो भनेर । ऊ आएर आमालाई भन्ने गर्थ्यो– आफ्नै घरभित्र पनि किन यत्रो बन्देज, किन यत्रो रोकतोक भनेर । आमा केही नबोली बसिरहन्थिन् र यदाकदा त्यस लङतिर नजान भन्थिन् । शिरीष उत्तरी लङतिर बेलुकी सधैं नचिनेका मानिसहरूको अट्टहास र अङ्ग्रेजी धुनमा टेपको आवाज सुन्ने गर्थ्यो । शिरीषलाई सधैं कौतुहल हुन्थ्यो– किन उसकी आमा पनि बेलुकी उत्तरी लङमा जान्नन् र किन फुपूले उसलाई त्यसतर्फ जान दिन्नन् भनेर ।

शिरीषलाई सम्भना हुन्छ– एक दिन शिरीष कसैलाई थाहा नदिई बुइगलतिरबाट उत्तरी लङमा जाने निधो गरेर फुपूले थाहा थाहा नपाउने गरी राती १० बजेतिर आफ्नो दिदीको कोठा भएतिर पुगेको थियो । दिदीको बन्द कोठाभित्र लोग्ने मानिसको स्वर सुनेर उसले ढोका बाहिर अडी कुरा सुन्न खोजेको थियो । कुराकानी स्पष्ट नसुनेकोले शिरीष बरन्डातिरको खुला ढोकाबाट कोठाभित्र छिर्न खोजेको थियो । हतार-हतार बरन्डाको बाटोबाट दिदीको कोठातिर पुग्दा र कोठाभित्रको दृश्य देख्दा उसको दुवै आँखाबाट रगत उम्लिएर आएका आएका थिए । उसकी दिदीको हातमा रक्सीको गिलास थियो । शरीरमा लुगाको नाममा एउटा पेटिकोट लगाएर दिदी एकजना अधबैंसे लोग्ने मानिसको काखमा भुलिरहेकी थिई । कोठाभित्र मधुर प्रकाश थियो । शिरीष यो सब देखेर किंकर्तव्यविमूढ भई भित्र पस्ने नपस्ने सोच्दासोच्दै पछाडिबाट कोही उभिएको जस्तो लागेर उसलाई फर्केर हेर्दा फुपू थिइन् । फुपूले तानेर लग्छिन् र उसको कोठामा थुनेर उसलाई नीलडाम हुने गरी पिट्छिन् । शिरीष केटाकेटी थिएन, अठार वर्षको भइसकेको थियो । उसलाई फुपूले रणचन्डी भएर प्रयोग गरेकी गाली गलौजका शब्दहरूले अझै सिरिङ्ङ पार्छन् ।

शिरीष यी सबै कुरा बिर्सन खोज्छ । तर जति प्रयास गरे पनि बिर्सन सक्तैन । उसकी दिदी कहाँ सधैं नयाँ-नयाँ मानिस आउँथे– ऊ सधैं टेपमा अँग्रेजी धुनहरू सुन्थ्यो । साँझमा एकपटक बगैंचातिर डुलिरहँदा एकजना धम्मरधुस प्रौढ लोग्ने मानिसले शिरीषलाई देखाउँदै सोधेको थियो “ईज दयाट् च्याप् योर सन् ?”

“नो डार्लिङ, हि ईज माई सेकेन्ड नेफ्यू, हाउ क्यान् आई बि अ मदर ?”

फुपूले उसलाई मानिस आउने बेलामा बगैंचातिर डुलेकोमा पनि गाली गर्थिन् ।

शिरीषलाई गाली सुन्दा निकै रिस उठे तापनि ऊ केही प्रतिक्रिया जनाउँदैन । आमाकहाँ गएर ऊ गुनासो पोख्छ तर आमा केही जवाफ दिन्नन् । त्यसको भोलिपल्ट शिरीषले खाना खाने समयमा दिदीलाई सङ्केत गर्दै भन्छ– “हजूरकहाँ किन राती रातीसम्म लोग्ने मानिसहरू आएर बस्छन् ? अरूले थाहा पाए भने के भन्लान् ?”

“अरे वाह ! फुपू, लिसन् ह्वाट ही ईज् सेइङ ? फूल !” फुपूले राता राता आँखा बनाएर त्यस दिन भनेको कुरा शिरीष कहिल्यै बिर्सन सक्दैन ।

“शिरीष, गो एन्ड आस्क योर मदर दि ह्वेयर एवाउट्स अफ योर् फादर् । तेरो बुबा नपुंसक थियो । थाहा छ तँलाई ? गएर तेरी मुमालाई सोध् ! तँ र तेरो दिदीलाई उसले कहाँबाट ल्याई ? स्वर्गबाट ल्याई कि छुसी ? जान्ने भएर कुरा गर्दोरहेछ ए !”

शिरीष यो भन्दा बढी केही सुन्दैन । फुपूले अरू पनि के के भनिन् के के । यो सब कुरा आमालाई भनेर सँधैकी रोगी आमाको मन कुढ्याउन ऊ चाहँदैन । शिरीषलाई थाहा हुन्छ– ऊ बाबु भएको घरमा जन्मेर पनि बाबुको पत्तो नभएको छोरो रहेछ । त्यसपछि शिरीष कहिल्यै उत्तरी लङतिर गएन, न त फुपू र दिदी के गर्छन् भनेर चियो गऱ्यो ।

हवाईजहाजले जमीन छुंदा लागेको झट्काले गर्दा शिरीष तन्द्राबाट बिउँझियो । सबैजना आआफ्नो हैन्डब्याग सम्हाल्न थाल्छन् । ऊ झ्यालबाट बाहिरतिर हेर्छ । झमक्क साँझ परिसकेको

थियो । जूनको टक हिमालको चुचुराहरूमा परेका मनोहर दृश्य देखिन्थे । बाहिर निस्कँदा शिरीषलाई केही चिसो जस्तो अनुभव भयो र हातमा लिएको स्वेटर लगायो ।

भन्सारमा सामान आदि छुटाउँदा झन्डै एक घण्टा लाग्छ । घरबाट शिरीषलाई तीर्थमान ड्राइभर लिन आएको रहेछ । मोटरभित्र बसेर उसले ड्राइभरलाई घरको हालचाल सोध्छ ।

“मैयाँसाहेब हिजोआज सिमला सवारी भएको छ । फुपू हजूरलाई लिएर । घरमा बाहुनी बज्यै र म एक्लै छौँ । रानीसाहेबले स्वर्गे हुने बेलामा हजूरलाई खूब सम्झेर रोइबक्स्यो ।” तीर्थमान शिरीषलाई सम्झाउन खोजे झैँ भन्छ ।

शिरीषका आँखा रसिला हुन्छन् ।

तीर्थमानसँग शिरीष अरू केही कुरा सोध्दैन । आमाको सम्झनाले उसलाई भक्कानो छुटेर आउँछ । आमाको मृत्युपछि शिरीषको घरप्रतिको मायामोह झन घटेको छ । केही नबोली ऊ सडकको दायाँ-बायाँ बनेका नयाँ घरहरू हेरिरहेको थियो ।

घरमा पुग्नासाथ शिरीष सबैभन्दा पहिले आमाको कोठामा जान्छ तीर्थमान उसको पछि पछि लागेको हुन्छ ।

“यहाँको ठूलो आरामकुर्सी र मार्वलको साइड टेबिल खोई नि ?” ऊ, तीर्थमानलाई सोध्छ ।

“मैयाँ साहेबको ड्रइङ रूममा छ क्यार । भऱ्याङनिर राखेको ठूलो टेबिलचाहिँ एक महिनाअघि एकजना अमेरिकनले किनेर लग्यो ”

शिरीष केही नबोली आफ्नो कोठातिर लाग्छ । उसको कोठाबाट चोकपारि दक्षिणपट्टिको लङ देखिन्छ । त्यो लङ किन्नेले घर निकै मर्मत गरेको रहेछ । तर पुरानो घर भएकोले बूढी स्वास्नीलाई नयाँ दोसल्ला ओढाएको जस्तो देखिन्थ्यो । हेर्दाहेर्दै उसलाई पुरानो दिनका सम्झना आउँछन् । उसकी दिदी, फुपू र मरेकी आमाको सम्झना आउँछ ।

बज्यैले खाना खान बोलाउन आउँदा शिरीषले जुत्तासम्म पनि फुकालेको थिएन । बज्यै फतफताउन थाल्छिन् ।

“के गर्नु सानुराजा, अब पीर गरेर हुने केही होइन । आउनासाथ कुरो गरौँ भने पीर माथि पीर थपिएला । मलाई कहिले मर्न पाए हुन्थ्यो जस्तो भैसक्यो । यो घर छोडेर जाउँ भने पूरै जुनी यहीँ चाकरी गरिसकेँ । मर्ने बेलामा कसरी धर्म छोडौँ ? बसौँ भने घरको चालढाल हेर्दा अझ सात जन्म नरक परिएला जस्तो छ ।”

बज्यैले शिरीषलाई सानैदेखि निकै स्याहारसुसार गरेकी थिइन् । बाल विधवा भएकीले शिरीषकी बज्यैले पशुपतिबाट आफैँ डोऱ्याएर घरमा ल्याएकी रे । घरमा सबैले उनको श्रद्धा नै गर्थे।

“किन र ? के भयो र बज्यै ?”

“मैयाँसाहेब सिमला फिमला कहीँ सवारी भएको होइन । बच्चा तुहाउन नसकेकोले अस्पतालतिर लागेजस्तो छ ।”

शिरीषलाई अर्को झड्का लाग्छ । एउटा अर्को शिरीषको जन्म हुने भयो ! ऊ जन्मँदा त बाबु पनि जीवित थिए । तर उसकी दिदी त अविवाहित थिई । इष्टमित्रहरूले दिदीको सबै कुरा थाहा

पाए पनि पछाडि मात्र कुरा गर्ने गर्थे । अब त उनीहरू अगाडि आएरै धम्की दिन पनि सक्छन् । ऊ चिन्तित हुन्छ ।

"मलाई अरू कुराले शङ्का लागेको होइन । जाने बेलामा फुपू हजूरले अब असाध्यै न्यास्रो लाग्यो, सिमलाबाट फर्कंदा एउटा बच्चा धर्मपुत्र धर्मपुत्री जे भए पनि पाल्न ल्याउनु पर्ला भनेर मर्जी भएको थियो । फेरि मैयाँको जीउ भारी जस्तो देखेको थिएँ धेरै दिनदेखि । अब त अरूको अगाडि उभिन पनि गाह्रो पर्ने भयो ।"

शिरीष केही नबोली सुनिरहन्छ । बज्यै माथितिर उक्लिन्छिन् । खाने मन नभएपछि शिरीष डाइनिङ रूमतिर लाग्छ । ऊ आफ्नो भविष्यबारे भन्दा भोलि त्यो घरमा जन्मने अर्को शिरीषको अनिश्चित भाग्यबारे बढी चिन्तित हुन्छ । उसले सोचेको थियो– उसको घरमा अब अर्को शिरीष जन्मने छैन, ऊ जसरी भए पनि पछि दिदी र फुपूको मन फर्काएर छोड्नेछ, उनीहरूलाई राम्रो बाटोमा ल्याउन कोशिश गर्नेछ । तर नियतिले उसको सोचाइलाई वास्तविकतामा ल्याउन नदिने छाँट छ । उसको घरमा एउटा शिरीषको जन्म अवश्यम्भावी छ । जसको जीवन पनि उसको आफ्नै जीवन जस्तो अव्यक्त हुनेछ ।

केही दिनपछि उसको दिदी र फुपू फर्कन्छन् । शिरीषको आगमनले उनीहरूलाई न हर्ष लागेको छ, न विस्मात नै । शिष्टताको नाताले एकपटक शिरीष दिदी र फुपूलाई ढोग्न जान्छ । फुपू सधैँ धर्मपुत्र भनाउँदो सानो बालकको स्याहार सुसारमा व्यस्त रहन्छिन् भने दिदी बिसन्चोको बहानाले सधैँ ओछ्यानमै पल्टिरहेको देखिन्छिन् । शिरीष न बच्चाको सम्बन्धमा केही सोधपुछ गर्छ न दिदीको स्वास्थ्यबारे नै चिन्ता लिन्छ । ऊ आफ्नै संसारमा हराउँछ– आफ्नो बाल्यकालका दिनहरूलाई दिदीको अहिलेको धर्मपुत्रको दिनहरूसँग दाँज्न थाल्छ । ■

# आफ्नै अतीत दोहोरिए जस्तो

**अ**विनाश आज पनि घर आइपुगेको छैन । बेलुकी आठ, नौ र दश बज्दा पनि ऊ नआइदिंदा नीलुलाई पटयार लाग्छ । पट्यार नलागोस् पनि कसरी। दुई जना प्राणी मात्र भएको परिवारमा एक जना समयमा घर नफर्कंदा घरमा बस्नेलाई न कसैसँग बोल्न पाउने न त यदाकदा भए पनि बाहिर घुम्न जान पाउने । घरमा चौबीसै घण्टा पटयार लाग्ने गरी एक्लै धुमधुम्ती बसेर दिन कटाउनु पर्ने उमेर पनि भएको छैन उसको । जाओस् पनि कहाँ जाओस् ऊ ? माइतीमा पनि कति मात्र गइरहोस् । ऊ एक्ली छोरी भए पनि आफ्नो लोग्नेको घरमा पनि त एक्ली स्वास्नीमानिस नै त छ । अविनाशलाई पकाएर खुवाउने पनि त एक्ली स्वास्नीमानिस नै त छ । फेरि अविनाशलाई पकाएर खुवाउने पनि त कोही हुँदैन । दिनभरि निद्रा लागुन्जेल सुत्ने, पढ्ने, रेडियो सुन्ने अनि चन्द्रमा हेरी टोलाइरहने नीलुको दिनचर्या जस्तै भइसकेको छ ।

हालै छिमेकमा नयाँ परिवार बस्न आएको छ । तर नीलुको उनीहरूसँग सम्पर्क छैन । परिवारमा नीलुकै उमेरको एउटी स्वास्नीमानिस, दुई जना केटाकेटी, एउटी बूढी र उसको लोग्ने जम्मा पाँच जना छन् । यो परिवारमा नीलुको आकर्षण पाँच वर्षकी एउटी सानी बच्ची छ । हिजो पनि त्यो सानी बच्चीले आफ्ना सबै दाँत देखाएर ङिच्च हाँसेकी थिई । नीलुले सम्झी– कति चिन्ता, सुर्ता छ उसलाई, भोलि त्यो बच्चीको जीवन पनि त उसकै जस्तो हुन सक्छ । तर आज त्यो बच्ची सांसारिक चिन्ताबाट मुक्त छे ।

नीलुलाई त्यो बच्ची असाध्य मन पर्छ । एकदिन उसले हातले इशारा गरेर बोलाई र आफ्नो कोठामा लगी । उसको नाम सुशी रहेछ– बाबु मास्टर रहेछन् । आमाचाहिँ टी.बी. की बिरामी । सुशीको भाइ तीन वर्षको थियो ।

“कति चलाख र तेज केटी रहिछ त्यो सुशी ! आधा घण्टा बस्दा उसको सम्पूर्ण इतिहास बताएर गई मलाई । त्यति सानी भएर पनि उसकी आमा टी.बी. को बिरामी भन्ने थाहा रहेछ उसलाई ।” नीलुले भर्खरै अफिसबाट आएको अविनाशको कोट फुकालिदिँदै भनी ।

“को सुशी ? ए ! त्यही मास्टरकी छोरी ? विचरा मास्टर ! आज उसको हेडमास्टरले कम्प्लेन गर्दै थियो ।”

“किन नि ? मानिस त बेशै छ जस्तो छ ।”

“नीलु ! यो संसारमा मानिस बेस मात्र भएर काम लाग्दैन । आफ्नो काम पनि जिम्मेवारीपूर्वक पूरा गर्नु पर्छ । काम गरेर पनि अझ अरू यस्ता रीतिरिवाजहरू छन् जुन मानिसले नचाहेरै पनि पूरा गर्न सक्नुपर्छ । अब हेर न, ऊ मेरो छिमेकी भएर बस्न आएको छ । उसलाई थाहा छ कि म उसको स्कूलको सुपरभाइजर हुँ । तर आजसम्म एकपटक हामीकहाँ फर्केर पनि हेरेकोसम्म छैन । मेरो भनाईको तात्पर्य ऊ मकहाँ चाकरी गर्न आओस् भन्ने होइन । तर पनि शिष्टताको नाताले भनूँ वा दुनियाँदारीको दृष्टिले उसको यो बानी अलि नमिल्ने देखिन्छ ।”

"ए ! त्यसो भए मानिस स्वाभिमानी रहेछ । छोरीचाहिँ अलि कति पनि आफ्नो कुरामा नगल्ने र खानपीनमा लोभलालच अलिकति पनि नगर्ने रहिछ ।"

"भैगो छोड, अर्काको कुरा, आज धेरै थाकेको र भोकाएको पनि छु । केही मिठो कुरा खान देऊ ।"

नीलु उठेर भान्सातिर गई । भान्सा कोठाबाट मास्टरको कोठा देखिन्थ्यो । मास्टर भर्खरै आए जस्तो देखिन्थ्यो । उसकी स्वास्नी आफ्नो पहेँलो र भुक्क फुलेको मुख लिएर खोकीरहेकी थिई । सुशी चाहिँ आफ्नो भाइलाई बिस्तारै ढोकाबाहिर डोर्‍याउँदै थिई ।

नीलु चिया र खानेकुरा लिएर अविनाश बसेको कोठामा जान्छे । अविनाश निदाइसकेको रहेछ । उसले घच्घच्याएपछि ऊ झसङ्ग भएर उठ्यो र मुसुक्क हाँसेर खान थाल्यो ।

"नीलु आज बाहिर घुम्न जाने होइन ?"

नीलुले मुन्टो हल्लाएर स्वीकृति जनाई । उसको मन छिमेकी मास्टरको परिवारतिरै थियो । विशेषतः सुशीतिर । स्वाभिमानी बाबुकी स्वाभिमानी छोरी सुशीतिर ।

भोलिपल्ट सुशी आइन । नीलु बराबर भान्साकोठामा गएर हेर्दै थिई । तर मास्टरको कोठाको झ्याल लगाएको थियो । नीलुलाई पट्यार लागेर आयो । बल्लबल्ल संयोगले एउटा साथी पाएकी थिई उसले । त्यसैले एक दिन पुरानो चिनापर्ची भए पनि नीलुलाई सुशी नआएको दिन धेरै लामो सम्बन्धपछि भएको बिछोड झैं भान भएको थियो । ऊ फेरि उठेर भान्साघरतिर गई । उसले देखि सुशी आधा खोलेको झ्यालबाट उसैलाई हेर्दै थिई । नीलु ढुक्क भई– अब आइहाल्ने होली भनेर । फर्केर आएर ओछ्यानमा पल्टेकी थिई भुसुक्क निदाइछ । निद्राबाट ब्यूँझदा चार बजिसकेको थियो। ऊ उठेर चिया बनाउन गई । झ्यालनिर पुग्दा फेरि सुशीको सम्झना आयो । तर अहिले झ्यालबाट सुशी होइन उसको बाबु मास्टर निहुरिरहेको मुद्रामा देखिन्थ्यो ।

मास्टरलाई देखेर नीलुलाई उसको बाबुको सम्झना आउँथ्यो । उसको बाबु पनि मास्टर थिए रे ! उसकी आफ्नै आमा पनि टी.बी. कै रोगी थिइन् । बाबु विद्यार्थी लिएर तीन चार दिनको लागि बाहिर गएको बखत उसकी आमा रगत छाद्दाछाद्दै मरेकी थिइन् । कस्तो भयावह दृश्य थियो– एउटा हात खाटबाट तल खसालेकी उसकी आमा महिनौं कपाल नकोरेर अनुहारै हेर्दा डरलाग्दो भएकी थिइन् । तर नीलुकी त उनी आमा नै थिइन् । मर्दा आमाले उसलाई टाउकोमा हात राखेर अन्तिम आलिङ्गन गरेकी थिइन् । बाबु फर्कंदा आमा मरेको पाँच दिन भइसकेको थियो । नीलुका बाबुले आफ्नी पत्नी मरेको पीरले मास्टरको जागीर छोडिदिए र ससुराली तर्फबाट आएको केही धनले उनले व्यापार गरेर आफ्नो राम्रो बन्दोबस्त गरेका थिए । इष्टमित्र र बाबुआमाको करले विवाह गरे पनि नीलुलाई उनले कहिल्यै पनि मातृहीन भएको अनुभव गर्ने मौका दिएका थिएनन् । सौतेनी आमा तर्फबाट दुई वटा भाइहरू थिए नीलुका । सौतेनी आमाले पनि नीलुलाई कहिल्यै पनि सौतेनी भावनाले व्यवहार गरिनन् । त्यसैले ५/६ वर्षको उमेरमा आफ्नी आमाले रगत छादेको, खोकेको र रोएको आदि सबै पुराना सम्झना नीलुको अन्तर्हृदयबाट लुप्त प्रायः भइसकेका थिए । सुशीले एकदिन अगाडि आएर गरेको बेलीबिस्तारले नीलुलाई आफ्नो पुराना दिनको सम्झना भएको थियो ।

नीलु झसङ्ग हुन्छे– "के सुशीको आमा पनि मर्छे त ?"

दूध उम्लेर हिटरमा परी डढेको गन्ध आएकोले नीलुको तन्द्रा भङ्ग भयो र उसले तुरून्त दूध झिकेर हिटर निभाई । आज अविनाशले ढिलो आउँछु भनेकोले नीलुलाई सुशी नआएकोले झन् पट्यार लागेर आएको थियो ।

एकछिनपछि काम गर्ने बूढी नोकर्नी आइपुगी । बूढी नोकर्नीको पोइ पैंतीस वर्ष अगाडि लाहुर पसेको थियो– त्यो पनि बिहे गरेको तीन महिना नबित्दै । उसले आफ्ना पैंतीस वसन्त लाहुर पसेको पोइको सम्झनालाई सङ्गाल्दा-सङ्गाल्दै बिताएकी थिई । उसको पनि आफ्नै दुःख भरिएको गाथा थियो । नीलुलाई यो बूढी नोकर्नीको कुरा सुन्न खूब मन लाग्थ्यो । ऊ सधैं भन्ने गर्थी– "पोइ भनेको भगवान् हो । उसले नबोले पनि, वास्ता नगरे पनि, खान लाउन नदिए पनि हामी आइमाईले केही गर्न भन्न हुँदैन । एक दिन न एक दिन त मन फर्किहाल्छ नि ! मेरो खसम पनि हेर्नुहोला नि। यसपालि नभए अर्को पालि त नआइ छोड्दैनन् ।" कति आशावादी छ ३५ वर्ष कुर्नुपर्दा पनि त्यो नोकर्नी । नीलुलाई लाग्यो– बूढी नोकर्नीको जीवन आशआशमै झुन्डिएको थियो । उसलाई फेरि सुशीको सम्झना आयो । नोकर्नी फतफताउँदै थिई– "पल्लो घरको नयाँ मानिसको जहान धेरै विरामी भयो भनेर नानीहरूलाई माइतीमा पुऱ्याएर आएकी त्यसैले ढीलो भयो ।"

नीलुले बल्ल थाहा पाई आज सुशी किन आइन भनेर उसकी आमा धेरै बिरामी छ भन्ने सुनेर नीलुलाई धक्का लाग्यो । के सुशी पनि ऊ जस्तै मातृहीन हुन पुग्ली त ?

भोलिपल्ट अविनाश एक महिनाको लागि बाहिर गएकोले नीलु पनि माइती गई । माइतीमा उसलाई सुशीको खूब सम्झना आउँथ्यो । तर कहाँ काठमाडौं र कहाँ दुई सय किलोमिटर टाढा पोखरा । माइतीमा भाइहरूसँग हाँसखेल गर्दा समय बितेपछि दिनको कम्तीमा एक पटक नीलु सुशीलाई सम्झन्थी । एक महिनापछि अविनाश उसलाई लिन पोखरा आयो । आउनासाथ उसले नीलुलाई मास्टरकी स्वास्नी मरेको खबर सुनायो । नीलुलाई असाध्यै नरमाइलो लाग्यो । काठमाडौं जान पनि मन लागेन ।

"अनि सुशी नि ?" उसले भक्कानो पार्दै सोधी ।

"मास्टरले जागीर पनि छाडेछन् र हाम्रो छिमेकको डेरा पनि ।"

नीलुलाई झन् भक्कानो छुटेर आयो । उसकी सुशी पनि टुहुरी भई । ऊ सोच्छे– के मास्टरले पनि उसका बाबुले झैं सुशीलाई माया गरिरहलान् ! नीलु आफैंलाई फेरि टुहुरी भएजस्तै लाग्यो । ■

# बाँच्नुको विवशता

**आ**भाले नारीघडी हेरी– १० बजिसकेको थियो । ड्राइभर आउन ढिलो भएको थियो । आज आभा प्रभासँग बाहिर जाँदै थिई । तीनदिन अगाडिको थकाइ सबै मेटिएको थिएन । सायद आज दिउँसो फोन गर्ने मानिसहरू दिदीआमाका चिरपरिचित थिए । त्यसैले जसरी भए पनि जानै पर्ने विवशता थियो ।

आभाको आँखा अगाडि महिना दिन अगाडिको एक दिनको सम्झना आउँछ– त्यस दिन सिमसिम पानी परेको थियो । बेलुकीपख अलि जाडो लागेर आभा बिछ्याउनामा पल्टिरहेकी थिई । दिदीआमाले इन्द्रलाललाई बोलाएकी थिइन् । इन्द्रलालले दक्षिणकालीको दर्शन गर्न जाने भनेर आभालाई लगेको थियो । घरबाट बाहिर निस्कँदा पाउडर पोतिएको निधारमा बत्तीस मुजा पारेर चाउरी परेका गालामा जबर्जस्ती हाँसो ल्याउँदै दिदी आमाले भनेकी थिइन्– “इन्द्रलाल दाइसँग एकपटक बाहिर गएर आ जा । बरू छिटो आउनू– “झ्याएदेखि सिनेमा हेर्न जानुपर्छ ।” सधैँ कर्कश बोली सिवाय नसुनिने दिदीआमाले आज यस्तो मीठो बोलेको सुन्दा आभा आश्चर्यचकित भएकी थिई। इन्द्रलाल बराबर आइरहने हुँदा राम्रैसँग परिचित थियो ऊसँग । ऊ इन्द्रलालसँग बाहिर गई । तर दक्षिणकाली होइन ।

उसको बाबु भन्न सुहाउने त्यस दिनको लोग्नेमानिस ठूलो मानिस हो रे । घरमा फर्केर आउँदा आभाको शरीर गिद्धले लुछेको जस्तो भएको थियो र हाडका जोर्नीहरूमा कर्कर गर्ने एक किसिमको पीडा अनुभव भएको थियो । ऊ लुटिएकी थिई । दिदीआमाले आभालाई बेचेकी थिइन्– पहिलोपल्ट । आभाले बल्ल बुझेकी थिई दिदीआमा किन सधैँ नयाँ नयाँ मानिस आएको बखत उसलाई शर्वत ल्याउन अह्राउँथिन् भनेर । त्यस दिनको अधबैँसे लोग्नेमानिस पनि घरमा आएको थियो । घरमा ऊसँग त्यस्तो मीठो कुरा गरेर गएको थियो । तर भोलिपल्ट होटेलको कोठामा उसलाई देख्दा उसको जिउ डरले लगलग काम्न थालेको थियो । घर फर्कनासाथ दिदीआमाले त्यस दिन ङिच्च नक्कली दाँत देखाएर स्वागत गरेकी थिइन्– सायद उनलाई आफूले पालन पोषण गरेर राखेकी आभाले नयाँ जीवनको बाटोमा पर्दापण गरेकोमा अनुपम अनुभूति भैरहेको थियो । दिदीआमाको मुखमा हेर्दै नहेरी आभा त्यस दिन आफ्नो कोठामा गएर घोप्टो परेर धेरैबेर रोएकी थिई । रूनुसिवाय के थियो र ? दिदीआमाले त पालनपोषण गरेर त्यसै गरी कमाउन आभालाई संरक्षण गरेकी रहिछन्। आभालाई थाहा भयो– अब भावी दिनहरूमा यसै गरी उसले दिदीआमाको गुनको मूल्य चुकाउनु पर्ने छद । त्यस दिनपछि आभालाई बराबर इन्द्रलालसँग बाहिर जानुपर्थ्यो मन नलागीनलागी । उसलाई जस्तोसुकै लोग्नेमानिसको अगाडि पनि नाङ्गिनु पर्थ्यो, आफ्ना अङ्ग प्रत्यङ्गसँग रक्सीले धुत भएका ती सबलाई निस्फिक्रीसँग खेल्न दिनुपर्थ्यो ।

बितेका कुरा सम्झेर कल्पनामा डुबुल्की मार्दामार्दै मोटरको हर्न सुनेर आभा झसङ्ग भई । इन्द्रलाल र प्रभा मोटरभित्रबाट उसलाई बोलाइरहेका थिए । आभाले प्रभालाई हेरी– प्रभाको अनुहारमा पनि उही विवशता झल्कन्थ्यो । तर पनि ऊ हाँसिरहेकी थिई । प्रभाको मुस्कान प्रायशः

सबै बाहिर जानुपर्ने रातहरूमा एकै प्रकारको हुन्थ्यो– पुतलीको जस्तै । आभाले सोची– उसको यो जबर्जस्ती हाँसोले आभालाई गिज्याइरहेको छ । कुनै दिन प्रभाको मनमा पनि यस्तै कुराहरू खेल्ने गर्दथे होलान् । प्रभा पनि त टुहुरी नै हो नि । समयको प्रवाहमा बग्दाबग्दै प्रभामा अब निकै परिवर्तन आइसकेको थियो । ऊ जस्तो भए पनि हाँस्न सक्थी । आभा सधैं सिरियस हुन्थी । आभालाई थाहा थियो– इन्द्रलाल र प्रभा एक अर्कालाई निकै मन पराउँछन् । इन्द्रलाल पनि गजबको चरित्रको हो । ऊ आफैं प्रभालाई लिएर बाहिर जान्छ । यो सबै थाहा हुँदाहुँदै पनि किन त्यस्तो माया गरेको होला ! माया गर्ने आधार पनि अनौठो हुन्छ । आभालाई इन्द्रलाल जस्तै कसैले त्यति माया गरिदिए त्यसैसँग भागेर दिदीआमाको कब्जाबाट उम्केर जाने इच्छा जागृत हुन्छ । तर सबै लोग्नेमानिस इन्द्रलाल जस्ता हुँदैनन् । जो स्वास्नीमानिसको विवशता बुझेर उसको अतीत जस्तै भए पनि विशुद्ध दृष्टिले हेर्छन् । उसको मनमा यस्तै कुरा खेल्न थाल्छन् ।

आभा चुपचाप गएर मोटरको पछाडि सीटमा गएर बसी । कता जाने भन्ने उसलाई थाहा थिएन । आभालाई सोध्न पनि मन लागेन । ऊ निश्चल र जिउँदो लासको प्रतिमूर्ति भइरही । मोटर हर्न बजाउँदै निर्दिष्ट दिशातिर दगुर्न थाल्यो । आभाको आँखाका डिलवरिपरि आँसु थिए । उसलाई इन्द्रलालदेखि रिस उठ्यो– आज नआइदिएको भएपनि त हुन्थ्यो नि । तर इन्द्रलाल पनि के गरोस् ? उसको हातमुख जोर्ने उपाय नै यही थियो । एक दिन ज्वर आएर घरमा सुत्दा आशानारान साहु मोटर लिएर घरमै पुग्छ रे हकार्दै । इन्द्रलाल एउटा मेशिन जस्तै थियो– होटलमा जूठो भाँडा माझेर पनि सरदारजीको हप्कीदप्की पचाउन नसकेर बितेको सात वर्षदेखि यस्तो काममा लागेको । आशानारान साहूको अगाडि ऊ पनि त्यत्तिकै डराउँथ्यो । जति आभा दिदीआमासँग र प्रभा उसकी फुपूसँग तर्सन्थे । आभालाई इन्द्रलाल, ऊ प्रभा र अरू जस्तै कति जनालाई सञ्चालन गरिरहेको यो समाजलाई धिक्कार्न मन लाग्छ । यी सबै कुरा सम्झँदा उसलाई सबैदेखि रिस उठेर आउँछ । तर के गरोस्– रिसाउने बाहेक अरू उपाय पनि त छैन ।

आभा १२ वर्षको उमेरमा दुलही बनेकी थिई उसको लोग्नेले किन आभासँग विवाह गरेको थियो– उसले अझसम्म बुझ्न सकेकी छैन । ऊ मामाघरमा हुर्केकी टुहुरी थिई– लोग्नेभन्दा १० वर्ष कान्छी । बिहा भएको दोस्रो वर्षमै सासू र लोग्नेले आभालाई घरबाट जबर्जस्ती निकालेका थिए– लोग्नेको एउटी धनी घरकी केटीसँग दोस्रो विहे गराउन । विहे गरे पनि लोग्नेसँग सहवास नहुँदै, लोग्नेको गन्ध पनि नपाउँदै आभा फेरि दोस्रो पटक टुहुरी भएकी थिई । आफ्नो जीवनको तेह्र वसन्त पार गरेकी आभा जस्ती निःसहायलाई समाजमा कतै अट्ने ठाउँ भएन । निकालेको दोस्रो दिन फेरि घरमा फर्कंदा सासूले पोइल गएको आरोप लगाएर फेरि गलहत्याएकी थिइन् । आभाले वाग्मतीको भेलसँग गएर मिल्ने निश्चय गरेकी थिई र मिल्न पनि गएकी थिई । तर उसलाई थाहा भएन– कुन चाहिँले भेलबाट निकालेर अस्पतालमा पुर्‍याइदिएको थियो । अस्पतालबाट बाहिर निस्केको दिनमा आत्महत्याको अर्को प्रयास गर्दा दिदीआमासँग आभाको भेट भएको थियो । दिदीआमाले जीवनको उज्यालो पक्ष देखाउँदै आभालाई घर लगेकी थिइन् । कुनै सन्तान नभएकी दिदीआमालाई ऊ साँच्चै दयालु लागेको थियो । दिदीआमाको संरक्षण प्राप्त भएको तीन वर्षपछि आभालाई थाहा भयो– दिदीआमाले त लगानी पो गरेकी रहिछन् ।

मोटरको ब्रेकको आवाजले आभा झसङ्ग भई । मोटरमा बसेदेखि नै उसले न इन्द्रलाल न त प्रभासँग बोलेकी थिई । मोटरको ढोका खोल्दै इन्द्रलालले आभाको हात समातेर बाहिर आउन भर दियो । आभालाई निकै सिरियस देखेर इन्द्रलालले भन्यो– "आभा मैयाँ, नरिसाऊ है, म त नोकर मात्र हुँ । तिमीहरू सबैलाई ठाउँमा पुऱ्याइदिनु मात्र मेरो काम हो । तिमी बेग्लै संसारमा आइसकेकी छ्यौ, जहाँ उदास भएर बस्नेको कुनै ठाउँ छैन । हेर, प्रभाको अनुहारमा कस्तो मुस्कान छ । जसरी भए पनि हाँस्न सिक, हाँसेर बाँच्न सिक । हाँसी हाँसी बाँच्यौ भने आफ्नो चारैतिर वसन्तै वसन्त देख्नेछ्यौ । मनमा पीर सन्ताप राखेर त आफैँलाई भित्रभित्रै सल्काउने र पिल्स्याउने काम मात्र हुन्छ । यहाँ जसरी भए पनि बाँच्न् पर्छ बाँच्नकै लागि सबैले आआफ्नो बाटो लिएका हुन्छन् ।"

आभालाई आश्चर्य लाग्यो– इन्द्रलाल जस्तो दलाल पनि यत्ति गहिरो रहेछ । प्रभा त भन्दै थिई– उसले पढेको पनि छ रे ।

पल्लो मोटरमा बसेका लोग्नेमानिसहरू रिसाउँदै थिए– ढीलो भयो भनेर । आभा र प्रभा पनि गएर बसे अर्को मोटरमा । इन्द्रलालको काम यत्ति थियो । ऊ सहरतिर फर्क्यो । आभाले सरसर्ती आँखा घुमाई– एकजना सिकुटे र अग्लो थियो, अर्को ठीक उल्टो । भद्दा किसिमको मोटो र पुड्को । उनीहरूका गिद्धजस्ता आँखाले आभा र प्रभा दुवैका अङ्गप्रत्यङ्ग नियाल्दै थिए । उनीहरूको मुखबाट रक्सीको गन्ध आइरहेको थियो । प्रभा सिकुटेचाहिँ लोग्नेमानिससँग गफ गर्न थाली । ऊ अभ्यस्त थिई, तर आभाले आफूलाई यत्ति छिटो अभ्यस्त पार्न सकेकी थिइन । उसले सोची– यी दुवै गिद्धहरू आफ्नो अगाडि परेका सिनुलाई लुछ्न तयार छन् । वास्तवमा सिनु जस्तै थिए आभा र प्रभा । तर लुछ्दा नसिद्धिइने, भित्रभित्रै खरानी तुल्य भए पनि बाहिर हेर्दा तन्दुरूस्त, ओइलाइसकेकै भए पनि फूलजस्तै थिए उनीहरू ।

प्रभा र आभाको जीवन– सायद यही हो जीवन । यही जीवनको बारेमा कैयौँ कवि, कथाकारले कत्ति कत्ति गाथा लेखेका छन्– जीवन एउटा मधुर गीत हो भनेर, तर यो मधुर गीतको अर्को भाग पनि त छ– विवशता, पीडा र दुःखले पूर्ण जीवन । जसरी भए पनि जीवनको डुङ्गा पार गर्नै पर्ने । आभा सोच्छे– यी दुईजना लोग्नेमानिसलाई पनि दुःख पीडा होला नि । यिनीहरू पनि त जहान केटाकेटीको झ्याउँझ्याउँ, विधि व्यवहारको झमेला, अरू बोझहरू बिर्सन समय काट्न आएका होलान् नि !

आभाको मौनता धेरैबेर अड्न सकेन । मोटो मानिसले उसको गालामा द्वै हात राखेर आँखा जुधाउँदै भन्यो– "मैयाँ । हाम्रो झगडा त भएको छैन हगि ? अब तिमीले मौनव्रत तोड्नै पऱ्यो । तिम्रो मधुरवाणीको स्मृतिलाई आफ्नो जीवनको अनुभवका पानाहरूमा संगाल्न पाए अहोभाग्य सम्झने थिएँ । फेरि समय पनि त थोरै छ ।"

आभालाई त्यो मानिसको चालढाल हेर्दा त त्यस्तो अलङ्कार भरेर कुरा गर्ला जस्तो लागेको थिएन । उसको कुरा सुनेर आभाका ओठहरू अनायास मुस्काए । आभालाई यस्तै जवर्जस्ती हाँसो हाँसेर बाँकी जवानी बिताई भोलिकी दिदीआमा बन्नु थियो । आभाले प्रभातर्फ फर्केर हेरी । ऊ पनि आफ्नै संसारमा मस्त थिई । यत्तिकैमा आभालाई त्यो मोटो मानिसले आफ्नो बाहुपाशमा कसिकेको थियो ।उनीहरूको गाडी निश्चित स्थानमा आएर अडियो । द्वैजना लोग्नेमानिसहरू रक्सीले

मातिएका थिए । उनीहरू आआफ्नो भाग– प्रभा र आभालाई अँगालेर कोठाको अन्धकारतिर बिलाए सँधै झैं !

ती क्षण कसैका लागि जीवनको अनुपम आनन्द लिने क्षण थिए भने प्रभा र आभाका लागि केवल बाँच्नुको विवशता !■

# लेखक-परिचय



जन्म स्थान : लामाटार गाविस, ललितपुर नेपाल
हाल बसोबास : बत्तीसपुतली, काठमाडौं नेपाल
शिक्षा : यम्, ए., बी. यल्., अन्तर्राष्ट्रिय आर्थिक कूटनीतिमा डिप्लोमा (जर्मनी)
सेक्युरिटी स्टडिजमा डिप्लोमा (हवाई)
लेखन : कविताद्वारा साहित्यिक क्षेत्रमा प्रवेश
पहिलो कथालेखनको थालनी २०२५/२६ भए पनि पहिलो प्रकाशित कथा रूपरेखामा । २०३४ देखि नियमित लेखन ।
अन्य विधा : निबन्ध, ऐतिहासिक लेख, कविता र केही मुक्तक ।

**प्रकाशित पुस्तकहरू**

कथासङ्ग्रह : **बाँच्नुको विवशता** (२०४१)
**नलिनी भाउज्यू** (२०४९)
**म र मेरो परिवेश** (२०५०)
**चपाएको दन्त्यकथा** (२०५३)
**अवतरण र अरू कथाहरू** (२०५८)
भ्रमण : दक्षिण एशिया, द.पू. एशिया यूरोपेली देशहरू मध्यपूर्व संयुक्त राज्य अमेरिका, क्यानाडा आदि ।
पुरस्कार : विभूषणहरू, मानश्री पुरस्कार
रुचि : लेखन, अध्ययन र सङ्गीत
कथाबारे मान्यता : जीवनको यथार्थतामा आधारित एवम् सर्वसाधारणले बुझ्न सक्ने भाषामा कथा लेख्नुपर्छ भन्ने मान्यता राख्ने ।

सम्प्रति : राजदूत, कुवैत

# पुस्तक विमोचन

<u>सितम्बर १७, २०१०; कुवेतमा</u>

सम्पादक ‘स्पन्दन‘, अध्यक्ष/ अभि-जमान स्मृति ट्रस्ट, ट्रस्टी/ कार्यकारिणी सदस्य-कुवेत, अ ने सा सद्वारा







